# पहिलो परिच्छेद

## शोधपरिचय

### १.१ विषय प्रवेश

कविताको लघुरूपभन्दा विस्तृत र बृहत रूपभन्दा संक्षिप्त जीवनको एक पक्षको प्रतिनिधित्व गर्ने विशिष्ट संरचनाबद्ध काव्यलाई खण्डकाव्य भनिन्छ । नेपाली कविताको प्राथमिक कालको उत्तरार्ध अर्थात् भक्तिधाराको समयावधिमा आइपुग्दा नेपाली खण्डकाव्य लेखनको थालनी भएको पाइन्छ । सिद्धिचरण श्रेष्ठ आधुनिक नेपाली कविताको स्वच्छन्दतावादी धाराका अग्रणी सहप्रवर्तक कवि हुन् । उनको जन्म वि.सं. १९६९ जेष्ठ ९ गते ओखलढुङ्गामा भएको पाइन्छ । कविता साधनाको लामो अवधिसम्ममा उनले आफ्नो काव्यिक चेतनालाई फुटकर कवितादेखि खण्डकाव्यसम्म उकालेको पाइन्छ । उनले आफ्नो जीवनमा एक दर्जनभन्दा बढी (चौधवटा) खण्डकाव्य रच्ने प्रयास गरेका छन् । ती हुन्- **जुनकीरी, विश्वव्यथा, उर्वशी, आँसु शवरी, मङ्गलमान, ज्यानमारा शैल, मेरो नेपाल, भीमसेन थापा, आत्मविलौना, बाँचिरहेको आवाज, नौली, कान्तिमती तथा युद्ध र शान्ति** । २६९ श्लोकमा संरचित भीमसेन थापा ऐतिहासिक खण्डकाव्य हो । यस खण्डकाव्यमा नेपालको राजनैतिक इतिहासमा लामो समयसम्म मुख्तियारी पदमा रहेका भीमसेन थापालाई नैतिक रूपमा पतन गराउने उद्देश्यले उनकी पत्नी भक्तिकुमारीलाई निर्वस्त्र तुल्याई शहरमा डुलाउने र भीमसेन थापाले यो दृश्य गुहुमा गाडिएर हेर्नपर्छ भनेर चलाएको हल्ला सुनी उनी विक्षिप्त भएर भुत्ते खुकुरीले घाँटी सेरी आत्महत्याको प्रयास गरेर जीवन र मृत्युको दोसाँधमा रहेका र नौ दिनसम्म विष्णुमती किनारमा फ्याँकिएका र छट्पटाइरहेका भीमसेन थापाको पहिलो दिनदेखि नौ दिनसम्मको कारुणिक मनोदशाको चित्रण यस खण्डकाव्यमा गरिएको छ ।

### १.२ समस्या कथन

स्वच्छन्दतावादी कवि सिद्धिचरण श्रेष्ठले भीमसेन थापा काव्यमा इतिहासमा आधारित घटनालाई कथावस्तुका रूपमा लिएर शोक राष्ट्रभक्तिलाई अगाडि सारेर भीमसेन थापालाई काव्यिक रूप प्रदान गरेका छन् । उनका विभिन्न खण्डकाव्यको अध्ययन विश्लेषण भए तापनि भीमसेन थापा उनको महत्वपूर्ण खण्डकाव्यको समग्र अध्ययन विश्लेषण यद्यपि हुनसकेको पाइँदैन, त्यसैले प्रस्तुत खण्डकाव्यको अध्ययन-विश्लेषण एवं मूल्याङ्कन गर्न निम्नलिखित समस्याहरूमा केन्द्रित भई यो शोधकार्य गरिएको छ :

(क) सिद्धिचरणको जीवनी, व्यक्तित्व र कृतित्वका विशेषतालाई सङ्क्षेपमा कसरी उल्लेख गर्न सकिन्छ ?

(ख) खण्डकाव्यको विश्लेषण गर्ने सैद्धान्तिक आधार के-के हुन् ?

(ग) सैद्धान्तिक दृष्टिले हेर्दा भीमसेन थापा खण्डकाव्यका कृतिगत विशेषताहरू के-कस्ता देखिन्छन् ?

## १.३ शोधको उद्देश्य

उपर्युक्त शोधसमस्याहरूमा आधारित प्रस्तुत शोधकार्यका प्रमुख उद्देश्यहरू यस प्रकार छन् :

(क) सिद्धिचरण श्रेष्ठको सामान्य जीवनी, व्यक्तित्व र कृतित्वका विशेषताका बारेमा खोजी गर्ने,

(ख) खण्डकाव्य विश्लेषण गर्ने खण्डकाव्यीय सिद्धान्त निरूपण गर्ने,

(ग) खण्डकाव्यीय सिद्धान्तका आधारमा **भीमसेन थापा** खण्डकाव्यको विश्लेषण र मूल्याङ्कन गर्ने ।

## १.४ पूर्वकार्यको समीक्षा

सिद्धिचरण श्रेष्ठ नेपाली कवितामा स्वच्छन्दतावादी भावधारा भित्र्याउने सहप्रवर्तक मानिन्छन् । नेपाली कविताको विकासमा विशिष्ट योगदान पुऱ्याउने कवि श्रेष्ठका बारेमा अनेक कार्यहरू भएका छन् । उनको **भीमसेन थापा** खण्डकाव्यको प्रकाशन वि.सं. २०६० सालमा मृत्युपछि मात्र प्रकाशित भएको र यस खण्डकाव्य नेपालको राजनैतिक इतिहासका युगपुरुष भीमसेन थापाको जीवनीमा आधारित खण्डकाव्य भए तापनि यस खण्डकाव्यका बारेमा सामान्य छिटपुट चर्चा वाहेक पूर्णरूपमा कुनै विश्लेषण भएको देखिंदैन । तर पनि उनका बारेमा भएका टिप्पणीहरूलाई कालक्रमिक रूपमा निम्नानुसार प्रस्तुत गरिएको छ :

- यदुनाथ खनालले साहित्य चर्चा (२०३४) मा सिद्धिचरण श्रेष्ठ मानवतावादी कवि भएकाले नेपाली साहित्यमा उनको विशिष्ट योगदान हुनुका साथै उनका कविताले नेपाली कविताका सबै प्रेमीहरूलाई मुग्ध गर्ने कुरा उल्लेख गरेका छन् ।

- स्वयं खण्डकाव्यकारद्वारा यस खण्डकाव्यको समर्पण (२०४२) शीर्षकको लेखमा इतिहासमा लामो समयसम्म मुख्तियार पदमा रही हालीमुहाली चलाएका भीमसेन थापाको सेरिएर जीवन र मृत्युको दोसाँधमा विष्णुमतीको किनारमा फ्याँकिएको पहिलो दिनदेखि नौ दिनसम्मको कारुणिक मनोदशालाई चित्रण गरिएको ऐतिहासिक खण्डकाव्यका रूपमा उल्लेख गरिएको छ ।

- इन्द्रमालीले कविरत्न सिद्धिचरण श्रेष्ठका प्रारम्भिक कालका नेपाल भाषाका कविता (२०५०) मा सिद्धिचरण श्रेष्ठका काव्यकृतिमा अन्याय, अत्याचार, शोषण र दमनप्रति तीव्र आक्रोश व्यक्त भएको पाइन्छ भनी उल्लेख गरेका छन् ।

- भीमसेन थापा खण्डकाव्यको प्रकाशकीय (२०६०) मा प्रस्तुत खण्डकाव्यलाई ऐतिहासिक खण्डकाव्यका रूपमा चिनाइएको छ र यसलाई उनका अरू कृतिहरू सरह लोकप्रिय हुने कुराको उल्लेख पनि गरिएको छ ।

- चित्तरञ्जन नेपालीद्वारा यसै खण्डकाव्यको प्राक्कथनका रूपमा प्रस्तुत भीमसेन थापा काव्यको ऐतिहासिक पृष्ठभूमि : प्राक्कथनको रूपमा (२०६०) लेखमा युगकवि सिद्धिचरण श्रेष्ठको प्रस्तुत काव्य भीमसेन थापा करुणाप्रधान काव्य भए तापनि यसमा राष्ट्रप्रेम र अन्याय विरोधी आक्रोश सम्मिश्रित छ र यस काव्यको रचना गरेर उनले नेपाली काव्य जगत्मा ठूलो देन दिएका छन् भनेर उल्लेख गरिएको छ ।

- महादेव अवस्थीको आधुनिक नेपाली महाकाव्य र खण्डकाव्यको विमर्श (२०६४) मा खण्डकाव्यकार सिद्धिचरण श्रेष्ठको खण्डकाव्यकारिताका बारेमा विशद् चर्चा गरिएको छ । यसै क्रममा श्रेष्ठका खण्डकाव्यहरूको गणना र तिनका वैशिष्ट्य केलाउने क्रममा भीमसेन थापाखण्डकाव्य श्रोतका दृष्टिले इतिहासप्रसिद्ध वस्तुको उपयोग गरी रचना गरिएको खण्डकाव्यका रूपमा लिइएको छ ।

- मोहन लोहनीद्वारा अङ्ग्रेजी भाषामा लेखिएको भीमसेन थापा : सिद्धिचरणस मुभि□ पोएम (२००४) मा प्रकाशित लेखमा सिद्धिचरण श्रेष्ठलाई ऐतिहासिक कविका रूपमा परिचित गराउँदै उनको भीमसेन थापा काव्यलाई महाकाव्यीय आयाम भएको उल्लेख गर्दै यसबाट भीमसेन थापाको वीरतापूर्ण चित्रणले कवि श्रेष्ठलाई राष्ट्रवादी कवि बनाएको उल्लेख छ । यसमा काव्यको सामान्य परिचय दिए पनि यसले भीमसेन थापा खण्डकाव्यको अध्ययनमा विशेष सहयोग पुऱ्याउने कुरा उल्लेख गरिएको छ ।

- वेदकुमारी रिमालले राजेश्वरी र भीमसेन थापाको तुलनात्मक अध्ययन (२०६६) मा भमिसेन थापा खण्डकाव्यले ऐतिहासिक भावभूमिलाई आलम्बन बनाएर ऐतिहासिक खण्डकाव्यमा एक संख्या थप्नमात्र सफल नभई नेपालको इतिहासको एक कालखण्डमा राजनैतिक मह□व राख्ने एक विशिष्ट राजनेताको चिरस्मरणलाई पनि कायम राख्न सफल रहेको कुरा उल्लेख गरेकी छिन् ।

- अतः नेपाली साहित्यमा ६ दशक लामो समयसम्म नेपाली भाषा साहित्यको साधनामा तल्लीन युगकवि सिद्धिचरण श्रेष्ठका बारेमा विभिन्न कृतिहरू प्रकाशित भइसकेको, उनको

जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययनका साथै अन्य खण्डकाव्यहरूको पनि चर्चा भएको तर ऐतिहासिक विषयवस्तुमा आधारित इतिहास प्रसिद्ध नायक भीमसेन थापाको जीवनमा आधारित मह[illegible]वपूर्ण खण्डकाव्य भीमसेन थापाका बारेमा छिटपुट चर्चा भए तापनि हालसम्म कृतिपरक रूपमा मूल्याङ्कन र विश्लेषण हुन नसकेको देखिन्छ ।

## १.५ प्राक्कल्पना

प्रस्तुत कृति इतिहास प्रसिद्ध नायक भीमसेन थापाको कारूणिक एवं दु:खद पक्षको चित्रण गरिएको ऐतिहासिक काव्य हो ।

## १.६ शोधकार्यको औचित्य

ऐतिहासिक विषयवस्तुमा आधारित भएर लेखिएको **भीमसेन थापा** ऐतिहासिक खण्डकाव्य हो । वि.सं. २०६० सालमा प्रकाशित यस कृति नेपालको राजनैतिक इतिहासका युगपुरुष भीमसेन थापाको जीवनीसँग सम्बन्धित घटनामा आधारित भए तापनि यसका बारेका विभिन्न विद्वत वर्गबाट सामान्य छिटपुट चर्चा वाहेक यसमा नै केन्द्रित भएर यसको विश्लेषण एवं मूल्याङ्कन गर्ने काम अहिलेसम्म भएको पाइँदैन । त्यसैले यस कृतिको अध्ययन एवं विश्लेषण गरी ऐतिहासिक खण्डकाव्य परम्परामा यसले दिएको योगदानको मूल्याङ्कन गर्ने तथा यस शोधपत्रका माध्ययमबाट सिद्धिचरण श्रेष्ठलाई चिनाउँदै नेपाली खण्डकाव्यको विकासमा उनको योगदान स्पष्ट्याउँदै व्यवस्थित रूपमा तयार गरी यस कृतिको बारेमा थप खोज, अनुसन्धान र अध्ययन गर्न इच्छुक अन्य व्यक्तिहरूका लागि आवश्यक मार्गनिर्देश गर्नु यस शोधपत्रको औचित्य रहेको छ ।

## १.७ शोधकार्यको सीमा

सिद्धिचरण श्रेष्ठले **जुनकीरी, विश्वव्यथा, उर्वशी, आँसु, शवरी, मंगलमान, ज्यानमारा शैल, मेरो नेपाल, भीमसेन थापा, आत्मविलौना, बाँचिरहेको आवाज, नौली, कान्तिमती तथा युद्ध र शान्ति**जस्ता खण्डकाव्यहरू लेखेका छन् । ती कृतिहरू विभिन्न समयमा विभिन्न विद्वत वर्गबाट अध्ययन विश्लेषण गरिएको छ । त्यसैले खण्डकाव्य तत्त्वमा केन्द्रित भई **भीमसेन थापा**को समग्र पक्षको अध्ययन-विश्लेषण गर्नु नै यस खण्डकाव्यको सीमा हो ।

## १.८ शोध विधि

### १.८.१ सामाग्री सङ्कलन विधि

प्रस्तुत शोधकार्यका निम्ति सामग्रीको मुख्य श्रोत सिद्धिचरण श्रेष्ठले रचेको **भीमसेन थापा** खण्डकाव्य नै हो । यस खण्डकाव्यका पठनबाट प्रस्तुत शोधका निम्ति आवश्यक

सामाग्रीको सङ्कलन गरिएको छ । यस शोधकार्यका बारेमा विभिन्न विद्वानहरूले गरेका पूर्वाध्ययनबाट पनि आवश्यक सामाग्रीको सङ्कलन गरिएको छ ।

### १.८.२ सामाग्री विश्लेषण विधि

प्रस्तुत शोधकार्यको निम्ति सङ्कलित सामग्रीको विश्लेषण काव्यशास्त्रीय मान्यताको आधार अँगाली व्याख्यात्मक र विवेचनात्मक विधिको प्रयोग गरिएको छ ।

## १.९ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई निम्नलिखित परिच्छेदहरूमा संगठित र व्यवस्थित तुल्याइएको छ :

पहिलो परिच्छेद : शोध परिचय

दोस्रो परिच्छेद : सिद्धिचरणको जीवनी, व्यक्तित्व र कृतित्व

तेस्रो परिच्छेद : खण्डकाव्यको सैद्धान्तिक स्वरूप

चौथो परिच्छेद : **भीमसेन थापा** खण्डकाव्यको विश्लेषण

पाँचौं परिच्छेद : **भीमसेन थापा** खण्डकाव्यको मूल्याङ्कन

छैठौं परिच्छेद : उपसंहार तथा निष्कर्ष

**सन्दर्भसामग्री सूची**

# दोस्रो परिच्छेद

## कवि सिद्धिचरण श्रेष्ठको जीवनी, व्यक्तित्व र कृतित्वको परिचय

### २.१ सिद्धिचरण श्रेष्ठको जीवनी

#### २.१.१ जन्म तथा पारिवारिक पृष्ठभूमि

सिद्धिचरण श्रेष्ठको जन्म सगरमाथा अञ्चल ओखलढुङ्गा जिल्लाको ओखलढुङ्गा बजारमा वि.सं. १९६९ साल जेष्ठ ९ गते मङ्गलबार भएको थियो । उनी माता नीरकुमारी श्रेष्ठ र पिता विष्णुचरण श्रेष्ठको एकल पुत्रका रूपमा जन्मिएका थिए (कोइराला, २०३७ : १) ।

नेपाली उपन्यास परम्परामा आधुनिक नेपाली उपन्यासको प्रथम पाइलो बन्न सफल भएको **सुमति** र अप्रकाशित उपन्यास **रूपमति**का लेखक खरदार विष्णुचरण श्रेष्ठ भादगाउँको इनासे टोलमा देवीचरण श्रेष्ठको सुपुत्रका रूपमा जन्मेका थिए (कोइराला, २०३७ :२) । मालअड्डामा खरदार पदमा रहेका विष्णुचरणको परिवार मध्यम वर्गीय परिवार थियो । सिद्धिचरण लक्ष्मीकुमारी श्रेष्ठ र चिनियाकुमारी श्रेष्ठ गरी दुई दिदीहरू पछि पिता ओखलढुङ्गा जिल्लाको माल अड्डामा हाकिम (खरदार) भएर गएको एक वर्षपछि एकमात्र पहिलो र अन्तिम पुत्र भएर जन्मेका थिए । यसरी पुर्ख्यौली थलो भादगाउँ भए पनि जागिरको सिलसिलामा ओखलढुङ्गा पुगेका पिता विष्णुचरण श्रेष्ठ त्यहाँ गएको वर्षदिन पछि सिद्धिचरणको जन्म भएको थियो (कोइराला, २०३७ :२) ।

#### २.१.२ वाल्यकाल र शिक्षादीक्षा

सिद्धिचरण श्रेष्ठको बाल्यकाल ओखलढुङ्गामै बितेको पाइन्छ । माताको न्यानो काख, पिताको मीठो प्यार एवं दिदीहरूसँगको रमाइलो संसारमा उनको बाल्यकाल बितेको पाइन्छ । नेपालको दुर्गम क्षेत्रमा जन्मन पुगेका श्रेष्ठ तत्कालीन नेपालमा शिक्षादीक्षाको सर्वसुलभताको अभावमा आधुनिक उच्च शिक्षा लिनबाट वञ्चित देखिन्छन् । त्यसैले उनले साधारण अनौपचारिक शिक्षामात्र ग्रहण गरेका थिए । औपचारिक शिक्षा नलिए पनि स्वाध्ययनका कारण उनले शिक्षा, ज्ञान-विज्ञान र भाषासाहित्यको महत्त्वलाई राम्ररी बुझेको कुरा उनको निम्नलिखित अभिव्यक्तिबाट बुझ्न सकिन्छ :

> संसारमा अनेक भाषा छन् । ती भाषाका कुनै पनि एक शब्दलाई राम्ररी बुझ्न जान्न सकियो भने संसारमा अरू बुझ्नु पर्ने केही कुरा पनि रहँदैन । हामी जे लेख्छौं, जे भन्छौं त्यसलाई राम्ररी हृदयङ्गम गरेर अभिव्यक्ति गर्यौं भने हाम्रो जीवन धन्य-धन्य बन्छ । हामी यस्तै गर्न सकौं । समुन्द्रका किनारको बालुवा राश जस्तै अपार र अनन्त ज्ञान ब्रह्माण्डमा छन् । त्यसको एउटा कणलाई पनि हामीले बुझ्यौं भने हाम्रो जीवन सार्थक बन्छ (भट्टराई, २०५४ : ५२४ ) ।

सिद्धिचरण श्रेष्ठको उक्त कथनबाट उनको शिक्षा र ज्ञानसम्बन्धी व्यापक चिन्तनको बोध हुन्छ । वि.सं. १९७६ सालमा पिता विष्णुचरण श्रेष्ठको खरदार जागिर खोसिएपछि काठमाडौं फर्केका श्रेष्ठ ९ वर्षको उमेरमा तत्कालीन दरवार हाइस्कुलमा कक्षा तीनमा भर्ना भएर अध्ययन प्रारम्भ गरेको देखिन्छ (कोइराला, २०३७ : ३-४ ) । यसपछि उनको औपचारिक शिक्षा अघि बढेको देखिँदैन । आफ्नै स्वाध्ययन र लेखनाथ पौडयाल, लक्ष्मीप्रसाद देवकोटा, बालकृष्ण सम प्रभृति कविहरूको संगतबाट काव्यक्षेत्रमा प्रवेश गरेर स्थापित बन्न पुगेका श्रेष्ठको बाल्य जीवन सरल, स्वच्छन्द र मनोरम थियो भन्ने कुरा उनकै **वखलढुङ्गा** भन्ने कविताबाट बुझ्न सकिन्छ । आफ्नो बाल्यकाल स्मरण गर्दै कवि स्वयंले त्यसको वर्णन गरेका हुन्, जस्तो :

तिम्रै सुन्दर हरियालीमा
तिम्रै शीतल वक्षस्थलमा
यो कविको शैशवकाल बित्यो,
हाँस्यो, खेल्यो, वन कुञ्ज घुम्यो,
मेरो प्यारो वखलढुङ्गा ।
(**कोपिला**, पृ. ६)

यसरी सरल, स्वच्छन्द ग्राम्य जीवन भोग गरेर शहर प्रवेश गरेका श्रेष्ठ ग्राम्य जीवनप्रति नै रतिएका देखिन्छन् । सरल स्वभाव, कम बोल्ने, मृदुभाषी र मिलनसार व्यक्तिका रूपमा उनको परिचय पाइन्छ । लक्ष्मीप्रसाद देवकोटाद्वारा श्रेष्ठको जीवनसम्बन्धी कवितात्मक परिचय यसरी दिइएको छ :

वचनका मसिना रसिला सही,
मधुर कल्पिन छन्, चतुरा मिही ।

मिलनसार सबैसँग क्वै तर
लहदीशील तरङ्ग समातुर ।
(**सुगन्ध**, पृ. १३) ।

देवकोटाको उक्त पद्यमा श्रेष्ठको स्वभाव र स्वरूपका बारेमा सामान्य परिचय प्राप्त गर्न सकिन्छ ।

### २.१.३ विवाह तथा दाम्पत्य जीवन

स्कुले शिक्षा छाडेकै वर्ष अर्थात् १६ वर्षको उमेरमा वि.सं. १९८६ साल असार महिनाको १२ गते कुपण्डोल निवासी १५ वर्षीया मिश्रीकुमारी श्रेष्ठसँग विवाह गरी दाम्पत्य जीवन सुरु गरेका सिद्धिचरणको दाम्पत्य जीवन सुखमय नै रहेको थियो (कोइराला, २०३७: ११) । जम्मा नौ छोराछोरीका पिता भएका सिद्धिचरणका श्रीचरण श्रेष्ठ, रबीचरण श्रेष्ठ, अरुणचरण श्रेष्ठ, प्रतापचरण श्रेष्ठ गरेर जम्मा चार भाइ छोराहरू तथा मधुकरी, भुवन, शान्ता एवं किरण गरेर चारवटी छोरीहरू छन् । उनको माइला छोरा विश्वको मृत्यु चार वर्षको उमेरमा भएकाले नौ सन्तानमा आठमात्र जीवित छन् ।

### २.१.४ साहित्यिक जीवन

### २.१.४.१ सिर्जनशीलताको प्रेरणा स्रोत र प्रभाव

सिद्धिचरण श्रेष्ठको व्यक्तित्वको निर्माणमा उनका बुबा विष्णुचरणको अनुवांशिक विद्वताले पारेको प्रभावलाई नकार्न सकिँदैन । भानुभक्तको रामायण, होमनाथ केदारनाथका कृतिहरूका साथै मोतीराम भट्टको प्रह्लाद पाठ गर्ने विष्णुचरणले छोरा सिद्धिचरणलाई पनि पाठ गर्न लगाउनाले केही मात्रामा भए पनि उनको कविहृदयलाई प्रस्फुटित हुने वातावरण सिर्जना गरिदियो । आमा नीरकुमारी ज्यादै धार्मिक प्रवृत्तिकी भएकीले पतिले पाठ गरेको ध्यानपूर्वक सुन्ने र मन्दिर जाँदा लयबद्ध रूपमा श्लोकहरू भन्दै गर्दा उनी अचेतन रूपबाट कवितातर्फ आकर्षित हुँदै गएको पाइन्छ । स्कुले शिक्षामा कक्षा पाँचदेखि नै बालकृष्ण समले नेपाली पढाउने र नेपाली पढाउँदा भावविभोर भएर मीठो लय भिकेर पढाउने गर्दा श्रेष्ठमा कविताप्रति रूचि बढ्दै गएको देखिन्छ । उनले भानुभक्तको रामायणका श्लोकहरू र लेखनाथका कविताहरू वाचन गर्नाले उनमा लयबद्ध शास्त्रीय छन्दप्रति झुकाव बढ्न गई विभिन्न कविताहरू लेख्न प्रेरित गरेको पाइन्छ । यसरी कविताबाटै साहित्यिक क्षेत्रमा प्रवेश गरेका सिद्धिचरणको साहित्यिक व्यक्तित्वको प्रस्फुटनमा भानुभक्तीय रामायणले खेलेको भूमिकालाई बिर्सन सकिन्न । त्यस्तै साहित्यिक गुरु ऋद्धिबहादुर मल्लसँगको उठबस एवं विजय मल्लको मित्रता पनि श्रेष्ठको साहित्यिक अनुरूचिको एक बलियो माध्यम बन्यो । **शारदा** पत्रिकाको आगमनले पनि श्रेष्ठको साहित्यिक अनुरागलाई प्रेरणा र बल मिलेको पाइन्छ । साहित्य सिर्जनामा वर्डस्वर्थ, शेली, किट्स, रावर्ट फ्रास्ट, सुमित्रानन्द पन्त, महादेवी पन्तका कविताहरूको अध्ययनबाट पनि उनको कवितातर्फका रूचिलाई अझै फस्टाउने मौका मिलेको देखिन्छ । सिद्धिचरण श्रेष्ठ पिताबाट कवित्व शक्ति, माताबाट आख्यान शक्ति र साहित्यिक बन्धुहरूबाट प्रभाव र प्रेरणा शक्ति पाए तापनि १९९० सालको भूकम्पको विभत्स रूप देखेर श्रेष्ठको कवित्व जागृत भएको तथा ईश्वरीय विडम्बनाले श्रेष्ठलाई कवि बनाएको र गोरखापत्रले श्रेष्ठको साहित्यिक जीवनको शुभारम्भ गरेको पाइन्छ (कोइराला, २०३७ : १५) । उनको नेवारी कवितातर्फ भने स्वर्गीय महाकवि सिद्धिदासको प्रेरणाले काव्य साधनामा उनी अग्रसर भएको पााइन्छ ।

यसरी दैवी प्रकोप, शासकीय क्रूरता, साहित्यिक चर्चा तथा परिचर्चा एवम् मातापिता नै श्रेष्ठका साहित्यिक जीवनका प्रेरणा स्रोतका रूपमा रहेका देखिन्छन् ।

### २.१.५ सम्मान तथा पुरस्कार

सिद्धिचरण श्रेष्ठले नेवारी रचना गरेबापत वि.सं. २०१३ सालमा **च्वसापासा** संस्थाले उनलाई **कविरत्न**को उपाधिद्वारा विभूषित गरिएको पाइन्छ । त्यसरी नै उनको योगदानको

कदर गर्दै उनलाई वि.सं. २०२७ सालमा **त्रिभुवन पुरस्कार** र वि.सं, २०४५ सालमा **पृथ्वी प्रज्ञा पुरस्कार**बाट सम्मानित गरिएको पाइन्छ । यसै गरी उनलाई **गोरखा दक्षिण बाहु तेस्रो र त्रिशक्ति पट्ट तेस्रो**बाट पनि विभूषित गरिएको पाइन्छ । आधुनिक नेपाली कविता साहित्यमा विशिष्ट योगदान गरेबापत उनी समयसमयमा अभिनन्दित तथा सम्मानित भएका पाइन्छन् । यी साहित्यिक पुरस्कारहरू बाहेक उनको मृत्युपश्चात उनको नाउँमा राष्ट्रिय पुरस्कार, राजमार्ग, हुलाक टिकट, विद्यालयको नामकरण, पुस्तकालयको नामकरण, प्रतिभा स्थापना, निजको नाममा स्मृति गुठीलगायत युगकविको सरसामानहरूका सङ्ग्रहालय, विभिन्न व्यक्ति तथा संस्थाहरूले उनको विषयमा विशेषाङ्कहरू प्रकाशित गर्नुका साथै टेली सिरियल प्रसारण तथा उनीद्वारा रचित छन्दोबद्ध कविताको श्रव्यदृश्य निर्माण गरी प्रसारण समेत गर्नुबाट उनीप्रतिको सम्मान, श्रद्धा र संस्मरण झल्केको देखिन्छ ।

### २.१.५ देहावसान

सिद्धिचरण श्रेष्ठ विशेष गरी नेपाली र नेवारी भाषा साहित्यको श्रीवृद्धिको लागि असंख्य अमूल्य कृतिहरू छोडेर वि.सं. २०४९ साल जेष्ठ २१ गते स्वर्गारोहण भएको पाइन्छ । धेरै मानिसहरू उनको मृत्युलाई भगवान बुद्धको मृत्युसँग दाँज्ने गर्छन् किनभने बुद्धिष्ट क्यालेण्डरअनुसार सिद्धिचरणको र गौतम बुद्धको मृत्यु एउटै तिथिमा पर्छ र दुबैजना ८० वर्षको उमेरमा स्वर्गारोहण भएको उल्लेख गरिएको छ । उनको देहावसान जुनसुकै समयमा भए तापनि उनी बुद्ध झैं ८० वर्षसम्म बाँचेर आफ्नो नश्वर शरीर त्यागेर गएको १७ वर्ष भए तापनि उनका रचना हिरामोती झैं अमूल्य छन् र चन्द्र र सूर्यको अस्तित्व रहेसम्म अमर रहने छन् ।

## २.२ सिद्धिचरण श्रेष्ठको व्यक्तित्वका विविध आयाम

बहुआयामिक व्यक्तित्वका धनी सिद्धिचरण श्रेष्ठमा साहित्यिक व्यक्तित्वका अतिरिक्त सम्पादक, राजनीतिज्ञ लगायतका विविध व्यक्तित्व निहित रहेका देखिन्छन् । अतः यस शीर्षकअन्तर्गत यिनै विविध व्यक्तित्वको चर्चा गर्ने प्रयास गरिएको छ ।

### २.२.१ साहित्यकार व्यक्तित्व

सिद्धिचरण श्रेष्ठको साहित्यकार व्यक्तित्व कविता लेखनबाट सुरु भएको पाइन्छ । वि.सं. १९८४ बाट कविता लेखन प्रारम्भ गरे पनि १९९० सालको गोरखापत्रमा प्रकाशित भुइँचालो शीर्षकको कविता नै श्रेष्ठको प्रथम प्रकाशित कविता हो । निवन्ध, यात्रा संस्मरण जस्ता विधामा समेत उनले कलम चलाएका छन् । अतः उनका साहित्यिक विधा भनेका खण्डकाव्य, निबन्ध यात्रा संस्मरण भए तापनि उनको पहिचान गराउने उत्कृष्ट विधा भने कविता नै हो । त्यसैले उनको साहित्यकार व्यक्तित्वको बारेमा भन्नु पर्दा यिनै दुई विधा (कविता र खण्डकाव्य) को चर्चा गर्नु उचित ठहर्छ ।

#### २.२.१.१ कवि व्यक्तित्व

सिद्धिचरण श्रेष्ठ साहित्यिक क्षेत्रमा विशेषतः कविका रूपमा परिचित छन् । वि.सं. १९९० को गोरखापत्रमा प्रकाशित **भुइँचालो** शीर्षकको कविताबाट यिनको कवि व्यक्तित्व सार्वजनिक भएको हो (अवस्थी, २०६४ : १८२) । यिनलाई कविका रूपमा स्थापित गर्ने कविता कृतिहरूमा **कोपिला** (२०२१), **मेरो प्रतिविम्ब** (२०२१), **कुहिरो र घाम** (२०४५), **सिद्धिचरण श्रेष्ठका प्रतिनिधि कविता** (२०४५), **बाँचिरहेको आवाज** (२०४६), **तिरमिर तारा** ( २०४६) रहेका छन् । यी कविता संग्रहहरूले सिद्धिचरण श्रेष्ठको कवि व्यक्तित्वलाई पूर्णरूपमा स्थापित गरेका छन् । वि.सं. १९८४ देखि कविता लेख्ने अभ्यास गरेका सिद्धिचरण सुरुमा लेखनाथीय परिष्कारवादी धाराबाट प्रभावित देखिए तापनि पछि स्वच्छन्दतावादी कवित्व धाराका प्रवर्तकका रूपमा उनले आफूलाई स्थापित गराएका छन् । स्वच्छन्दतावादी कविता धाराको प्रवर्तनका निम्ति देवकोटाको जुन ऐतिहासिक महत्त्व छ त्यस्तै श्रेष्ठको भूमिका पनि त्यत्तिकै महत्त्वपूर्ण छ । यस धारामा श्रेष्ठले प्रकृतिलाई हेर्ने नयाँ दृष्टिकोण र कवितालाई स्वतःस्फूर्त रूपमा प्रस्तुत गर्नेजस्ता नवीन दृष्टिकोण देखाउँन पुगेका छन् ।

सिद्धिचरण श्रेष्ठ फुटकर कवितादेखि लिएर मझौला आयामका खण्डकाव्यसम्मका कृतिहरूका श्रष्टाका रूपमा समेत परिचित छन् । मझौला आयामका कृतिहरूमा **उर्वशी** (२०१७), **जुनकीरी** (१९९५), **ज्यानमारा शैल** (२०२३), **विश्वव्यथा** (२०३१), **आँस** (२०५०), **शवरी, मंगलमान** (२०४९), **मेरो नेपाल** (२०३९), **भीमसेन थापा** (२०६०), **आत्मविलौना** (२०६२), **नौली, कान्तिमती** आदि रहेका छन् । यी मध्ये **नौली, कान्तिमती र युद्ध र शान्ति** अप्रकाशित नै रहेको पाइन्छ (अवस्थी, २०६४: १८३) । यी काव्यकृतिहरूको लेखन तथा प्रकाशनबाट कवि सिद्धिचरण श्रेष्ठको कवि व्यक्तित्व मात्रात्मक एवं गुणात्मक दुवै दृष्टिले उज्ज्वल रहेको देखिन्छ ।

### २.२.१.२ सम्पादक व्यक्तित्व

सिद्धिचरण श्रेष्ठका बहुआयामिक व्यक्तित्वको अर्को महत्त्वपूर्ण पक्ष सम्पादक व्यक्तित्व हो । वि.सं. १९९१ सालमा **शारदा** पत्रिकाको सम्पादक भई सम्पादन कार्यको थालनी गरेको पाइन्छ भने वि.सं. २००५ देखि २००७ सालसम्म **गोरखापत्र**को सम्पादन गर्ने कार्य गरेको पाइन्छ । त्यस्तै श्रेष्ठद्वारा २००७ सालमा नेपालको प्रथम दैनिक पत्रिका **आवाज**को प्रधान सम्पादकका रूपमा कार्य गरेको पाइन्छ । यसरी नै सिद्धिचरण श्रेष्ठले २०१८ सालमा नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानबाट प्रकाशित **कविता** पत्रिकाको प्रधान सम्पादक भएर कार्य गरेको देखिन्छ । वि.सं. २०२२ मा आएर **शरद** पत्रिकाको पनि सम्पादन कार्य गरेको पाइन्छ । यसरी श्रेष्ठद्वारा गरिएका **आवाज, गोरखापत्र, कविता, शारदा, शरद**जस्ता पत्रपत्रिकाहरूको सम्पादनले उनको साहित्यिक व्यक्तित्वलाई थप उज्ज्वल बनाउनुका साथै उनको सम्पादक व्यक्तित्वको परिचय दिएको छ । यसबाट श्रेष्ठ एक कुशल सम्पादक भएको पाइन्छ ।

### २.२.२ साहित्येतर व्यक्तित्व

साहित्यिक क्रियाकलापबाहेक सिद्धिचरण श्रेष्ठ सामाजिक, राजनैतिक व्यक्तित्वका रूपमा पनि चिनिन्छन् ।

#### २.२.२.१ सामाजिक व्यक्तित्व

सिद्धिचरण श्रेष्ठले लेखन क्षेत्रका अतिरिक्त विविध सामाजिक कार्यहरू गरी आफूलाई समाजसेवी व्यक्तित्वका रूपमा समेत स्थापित गरेका छन् । यिनले विभिन्न संघ-संगठनमा रहेर काम गरेको देखिन्छ । विशेष गरेर वि.सं. १९९० सालको भूकम्पमा **भूकम्प पीडितोद्धार समिति**मार्फत उनी समाजसेवामा अग्रसर भएको देखिन्छ (भण्डारी, २०५९: १०१) । विभिन्न सामाजिक संघ-संस्थामा आबद्ध भएर सामाजिक व्यक्तित्व निर्माण गर्नपुगेका श्रेष्ठ **लेखक संघ, श्री ५ त्रिभुवन स्मारक समितिका अध्यक्ष, नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान**का आजीवन सदस्य, **राजसभा स्थायी समिति**का सम्मानित सदस्य आदि क्षेत्रमा रहेका देखिन्छन् । यसरी नै **नेपाली शिक्षा परिषद्, नेपाल राष्ट्रिय युवा मोती पुरस्कार गुठी**का अध्यक्ष र **मदन पुरस्कार गुठी**का सदस्यका रूपमा रहेर सामाजिक कार्य गरेको पाइन्छ (भट्टराई, २०५४ : ५२४ ) । यसै गरी उनी **काठमाडौँ टोल रक्षा केन्द्र, गैह्र नेपाली शान्ति समिति**जस्ता धेरै संघ-संस्थाका संस्थापक, सभापति, अध्यक्ष भएर निःस्वार्थ सामाजिक कार्य गरेको पाइन्छ ( भण्डारी, २०५९ : १०३) । यसका अतिरिक्त सिद्धिचरण श्रेष्ठले विदेशमा नेपाली प्रतिनिधि मण्डलको नेतृत्व पनि गरेको पाइन्छ । श्रीलङ्कामा भएको **विश्व शान्ति सम्मेलन** तथा चीनमा समेत उनले प्रतिनिधि मण्डलको नेतृत्व गरेको पाइन्छ । त्यस्तै मास्को र फिनल्याण्डमा आयोजित **युवक सम्मेलन**मा पनि सिद्धिचरणले नेपाली टोलीको नेतृत्व गरेको पाइन्छ । आफू मास्को जाँदा मास्कोको महत्त्व गायन गर्दै त्यसबाट आफू प्रभावित भई **मास्को देख्दा** भन्ने कविता सिर्जना गर्न पुगेका छन्- जस्तै :

किन्तु यहाँ त्यै कामहरूमा देख्दा यसरी अनूदित
उसै पनि मन यो नाच्दछ भैकन खुशीले पुलकित ।
(**मास्को देख्दा**)

त्यस्तै उनी पेकिङ्गमा **अफ्रो एशियाली विश्व शान्ति सम्मेलन**मा पनि नेपाली टोलीको नेतृत्व गर्न पुगेका छन् ।

यसप्रकार भारत, श्रीलङ्का, फ्रान्स, पाकिस्तान, वर्मा, चीन, कोरिया, अफगानिस्तान र यूरोपका देशहरू भ्रमण गरेका श्रेष्ठले विभिन्न देशाटनबाट आफ्नो सामाजिक व्यक्तित्वलाई अझ फराकिलो बनाएका छन् ।

#### २.२.२.२ राजनैतिक व्यक्तित्व

क्रान्ति नभैकन स्वच्छ शान्ति हुँदैन भन्ने मार्मिक अभिव्यक्ति प्रकट गर्ने सिद्धिचरणका विभिन्न व्यक्तित्वमध्ये राजनैतिक व्यक्तित्व पनि एउटा महत्त्वपूर्ण पक्ष हो । राणाकालमा जन्मिएका श्रेष्ठले तत्कालीन राणाशासनको निरङ्कुश व्यवस्थाको विरोधमा लागेको पाइन्छ । निरङ्कुशताको विरोधमा र प्रजातन्त्रको पक्षमा रहेका श्रेष्ठले जेलनेल पनि भोगेको पाइन्छ (कोइराला, २०३७ : १८) । वि.सं. १९९० को भूकम्प गएको बेला भूकम्प पीडितोद्धारमा जागिरे भएर काम गर्दा यिनलाई तत्कालीन प्रशासनका कुकृत्यहरू बुझ्ने मौका मिलेको र त्यसैबेला दशरथचन्द, गङ्गालाल, टङ्कप्रसाद आचार्यजस्ता राजनैतिक व्यक्तित्वसँग यिनको सम्पर्क भएको र त्यसपछि राजनीतिमा सचेतता जागृत भएको पाइन्छ (कोइराला, २०३७ : ८-९) । सिद्धिचरण एक सशक्त विद्रोही नागरिक भएका कारणबाट उनलाई जेल पनि पठाइएको थियो र उनको सर्वस्वहरण पनि भएको थियो । उनका क्रान्तिकारी विचारधारा एवं क्रान्तिकारी कविताबाट नेपाली कांग्रेसका संस्थापक नेता गणेशमान सिंह पनि प्रभावित भएका थिए (लोहनी, २०६२: ४) । उनले निकै ठूलो मूल्यमा धेरै नागरिकलाई सचेत गराई देशमा व्यक्तिगत सम्पन्नता, स्वतन्त्रता, सामाजिक रूपान्तरण, समान्याय तथा शान्ति एवम् छुवाछुतको विरोध गरी प्रजातन्त्र ल्याउने संगठनात्मक शक्ति प्रदान गर्ने एक प्रणेता, गुरु, स्रष्टा र द्रष्टाथिए (सिटौला, २०६४ : ३६) ।

यसरी सिद्धिचरण श्रेष्ठको व्यक्तित्वका विविध आयाममध्ये राजनैतिक व्यक्तित्व पनि एउटा महत्त्वपूर्ण पक्ष भएको देखिन्छ ।

## २.३ सिद्धिचरण श्रेष्ठको कृतिगत विशेषता

वि.सं. १९९० मा गोरखापत्रमा प्रकाशित **भुइँचालो** (१९९०) शीर्षकको कवितासँगै औपचारिक रूपमा साहित्याकाशमा उदाएका कवि सिद्धिचरण श्रेष्ठ आधुनिक नेपाली साहित्यका अविस्मरणीय प्रतिभा हुन् । श्रेष्ठ आध्यात्मिक चिन्तन, अदृश्य कल्पनातीत दैवी शक्तिप्रति समर्पण र श्रृङ्गारिक भावधारामा आधारित लेखनलाई पूर्णतः अस्वीकार गर्दै युगवोध र सामाजिक यथार्थताजन्य विषयवस्तुलाई तथा स्वच्छन्दतावादी भावधारालाई साथमा लिएर नेपाली काव्यलेखनका क्षेत्रमा पाइला टेक्ने शीर्षस्थ काव्यकार हुन् । उनले फुटकर कवितादेखि लिएर खण्डकाव्यात्मक मझौला काव्यहरूको रचना गरेका छन् । वि .सं. १९९० मा प्रकाशित **भुइँचालो** शीर्षकको कविताबाट श्रेष्ठको काव्ययात्रा सुरु भए तापनि उनले वि.सं. १९८४ मा नै **सन्ध्या** कविता रचना गरेका हुन् (उप्रेती, २०६५ : ४५) । औपचारिक रूपमा कविता प्रकाशन गरेको समयबाट हेर्दा करिब ६ दशक लामो कविता यात्रामा श्रेष्ठले अनेक फुटकर कवितादेखि लिएर एक दर्जनजति खण्डकाव्य लेखेको देखिन्छ । उनलाई कविका रूपमा स्थापित गराउने प्रमुख कविता कृतिहरूमा **कोपिला** (२०२१), **मेरो**

**प्रतिविम्ब** (२०२१), **कुहिरो र घाम** (२०४५), **तिरमिर तारा** (२०४५), **बालकविता संग्रह,** सिद्धिचरणका **प्रतिनिधि कविता** (२०४५), **बाँचिरहेको आवाज** (२०४६) आदि रहेका देखिन्छन् भने मझौला आयामका कृतिहरूमा **उर्वशी** (२०१७), **जूनकीरी** (१९९५), **ज्यानमारा शैल** ( २०२३), **विश्वव्यथा** (२०३१), **मेरो नेपाल** (२०३९), **मङ्गलमान** (२०४९), **भीमसेन थापा** ( २०६०), **आत्मविलौना** (२०६३), **शबरी, नौली, कान्तिमती, युद्ध र शान्ति** आदि रहेका देखिन्छन् । श्रेष्ठका खण्डकाव्य लघु आयामदेखि खण्डकाव्यीय मानक आयामसम्म विस्तारित छन् । वि.सं. १९९६ सालमा प्रकाशित **विश्वव्यथा** उनको प्रथम प्रकाशित खण्डकाव्य हो । चौधवटा खण्डकाव्यहरू नेपाली भाषामा तथा चारवटा खण्डकाव्यहरू नेपाल भाषामा रचना गर्ने श्रेष्ठका **जूनकीरी, शबरी, बाँचिरहेको आवाज** गरी तीनवटा खण्डकाव्यहरू अपूर्ण रूपमा प्रकाशित छन् भने **भीमसेन थापा, आत्मविलौना** नामक खण्डकाव्यहरू पूर्ण रूपमा प्रकाशित भएका देखिन्छन् (अवस्थी, २०६४ : १८३) । यसरी करिब ६ दशकको काव्ययात्रामा कवि श्रेष्ठद्वारा सामाजिक, ऐतिहासिक र पौराणिक विषयवस्तुमा आधारित लघुआयामदेखि मानक आयाममा विस्तारित एक दर्जनजति काव्यकृतिहरू रचना गरिएको देखिन्छ । यिनका फुटकरदेखि मझौला काव्यमा विशेष गरेर स्वच्छन्दतावाद, क्रान्तिकारी विद्रोहीचेत, मानवतावादी चिन्तन, राष्ट्रप्रेम, प्रकृतिप्रेम आदि भावहरू व्यक्त भएका छन् । लेखनको प्रारम्भमा नै क्रान्तिकारी विचारले ओतप्रोत भएका कविता रचना गरेवापत यिनले जेलनेल जीवनसमेत भोग्नुपरेको देखिन्छ । यसरी विद्रोही चेतनाका कविता सिर्जनाबाट कविता लेखन प्रारम्भ गरेका कवि श्रेष्ठले पछि गएर लक्ष्मीप्रसाद देवकोटाको सहप्रवर्तनमा स्वच्छन्दतावादी भावधारालाई आत्मसात गरेको पाइन्छ भने समय र परिवेशको गतिशीलतासँगै उनको स्वच्छन्दतावादी चिन्तन यथार्थोन्मुख भएको देखिन्छ । यहाँ श्रेष्ठद्वारा रचित **भीमसेन थापा** खण्डकाव्यको कृतिपरक अध्ययन गर्नका निमित्त उनका खण्डकाव्यात्मक प्रवृत्तिहरूलाई केलाउनु विशेष सान्दर्भिक हुने भएकोले विशेष गरेर श्रेष्ठको समग्र खण्डकाव्यहरूलाई आधार मानेर तिनमा देखिने विशेषताहरूलाई विभिन्न आधारमा छुट्याउन सकिन्छ ।

### २.३.१ विषयवस्तुगत आधार

कवि सिद्धिचरण श्रेष्ठका खण्डकाव्यहरू विषयगत विविधतामा आधारित छन् । उनका खण्डकाव्यमा प्रयुक्त विषयवस्तुको स्रोत प्रसिद्ध र उत्पाद्य दुवै किसिमको रहेको छ । समग्र खण्डकाव्यका विषयवस्तुहरू हेर्दा मुख्य रूपमा तीन किसिमका स्रोतबाट लिइएका छन् । ती हुन्- सामाजिक, ऐतिहासिक र पौराणिक ।

#### २.३.१.१ सामाजिक विषयवस्तु

समाजमा घट्ने विषयवस्तुलाई आधार मानेर लेखिएका खण्डकाव्यहरू यसअन्तर्गत पर्दछन् । कविको कल्पना र सम्भाव्य सामाजिक घटनालाई समन्वय गरेर लेखिएका यस

प्रकारका खण्डकाव्यहरूमा **ज्यानमारा शैल, विश्वव्यथा, आँसु, मङ्गलमान, मेरो नेपाल** आदि रहेका छन् । सामाजिक अन्याय र बेथितिका विरुद्ध आक्रोशका साथै मानवताको सम्बर्द्धनका निम्ति जाग्नुपर्ने भावना व्यक्त गरिएको काव्य **आँसु** हो । गार्गी शर्माकाअनुसार सामाजिक प्रताडनाको पृष्ठभूमिमा आधारित वियोगान्त प्रणयमूलक कथा हो **ज्यानमारा शैल,** अझ गहिरिएर हेर्ने हो भने एउटा स्वाभिमानी नारीको प्रणयमूलक व्यथा हो (शर्मा, २०५१ : १) । यसरी आफ्नै छोराको मृत्युमा लेखिएको **विश्वव्यथा** मानवीय व्यथाको अभिव्यक्ति हो भने **मेरो नेपाल** देशप्रेममा आधारित काव्य हो । लक्ष्मीनारायण मिश्रका अनुसार **आँसु** प्रगतिवादी विद्रोह र क्रान्तिचेत, मानवतावादी चिन्तन एवम् समाजसुधार, परिवर्तनका भावनाहरू उर्लेको क्रान्तिकारी खण्डकाव्य हो (मिश्र, २०५८ : ५९ ) । कवि श्रेष्ठले सामाजिक विषयवस्तु चयन गर्ने क्रममा विशेष गरेर व्यथा र पीडाका पक्षलाई लिएका छन् । व्यक्तिका पीडादेखि सामाजिक रूपमा रहेका व्यथा, पीडा र विभिन्न समस्यालाई लिएर उच्च संबेदनालाई काव्यवस्तु बनाउनु उनको विशेषता हो ।

### २.३.१.२ ऐतिहासिक विषयवस्तु

इतिहासमा चर्चित विषयवस्तुलाई काव्यरूप प्रदान गर्ने कार्य श्रेष्ठको अर्को विषयवस्तुगत वैशिष्ट्य हो । ऐतिहासिक विषयवस्तुका दृष्टिले उनको **भीमसेन थापा** महत्त्वपूर्ण खण्डकाव्य हो । यसमा नेपाली इतिहासमा चर्चित एवं तीन दशकसम्म प्रधानमन्त्री रहेका भीमसेन थापाको मृत्युको कारुणिक क्षणलाई मुख्य विषयवस्तु बनाइएको छ । इतिहासको घटनालाई जीवन्त रूपमा प्रस्तुत गर्नु श्रेष्ठको विशेषता देखिन्छ । भीमसेन थापाको आत्महत्यालाई विषयवस्तु बनाइए पनि तत्कालीन समयका राज्यव्यवस्था, हत्याहिंसा, षडयन्त्र, शासकीय त्रुटि आदि पक्षलाई पनि काव्यमा देखाइएको छ । यसबाट कवि श्रेष्ठको काव्यमा इतिहासको वस्तुलाई सजीव र काव्यात्मक रूपमा प्रस्तुत गर्ने विशेषता देखिन्छ । यसरी नै **बाँचिरहेको आवाज** पनि खण्डकाव्यसदृश आयाममा संरचित ऐतिहासिक विषयवस्तुमा आधारित छ ।

### २.३.१.३ पौराणिक विषयवस्तु

कवि श्रेष्ठले आफ्ना खण्डकाव्यमा पौराणिक विषयवस्तुलाई पनि चयन गरेका छन् । पुराणको विषयवस्तुलाई आधार मानेर युगजीवनलाई प्रस्तुत गर्नु यिनको विशेषता हो । पौराणिक विषयवस्तुमा आधारित खण्डकाव्यहरूमा **उर्वशी** र **शवरी** रहेका छन् । **उर्वशी** महाभारतमा आधारित छ भने **शवरी** रामायणमा आधारित छ । **शवरी**मा रामायणकी प्रसिद्ध नारी चरित्र शवरीलाई विषयवस्तु बनाइएको देखिन्छ । यसमा भक्तिभाव र आदर्शले युक्त शवरीको चरित्रको वर्णन गरिएको छ । **उर्वशी**मा अर्जुन र उर्वशीको प्रणय प्रसङ्ग छ र

अर्जुनको योगलाई देखाइएको छ । महादेव अवस्थीकाअनुसार महाभारतीय प्रसङ्गलाई आधार माने पनि **उर्वशी**मा युगगत मानवीय प्राप्त्याशाको विफलतासँग सम्बन्धित नवीन अर्थसन्दर्भको प्रक्षेपण गर्ने जुन सामर्थ्य श्रेष्ठले देखाएका छन् त्यो युगगत र विषयगत सन्दर्भबाट परिपोषित रहेको छ (अवस्थी, २०६४ : १८८) । यसरी कवि सिद्धिचरण श्रेष्ठले पौराणिक विषयवस्तुलाई आफ्ना खण्डकाव्यमा चयन गरे पनि तिनमा पर्याप्त मात्रामा युगीन यथार्थतालाई प्रस्तुत गरिएको हुन्छ । यसरी श्रेष्ठको कथावस्तुको स्रोतगत प्रवृत्तिलाई हेर्दा उनले पूर्वीय पौराणिक कथावस्तुमा पर्याप्त मौलिकता प्रदान गरेका छन् ।

यी माथिका सामाजिक, ऐतिहासिक र पौराणिक जुनसुकै विषयवस्तु अँगाले पनि तिनका माध्यमबाट समग्र रूपमा सिद्धिचरण श्रेष्ठले आफ्ना युगजीवनका कथा-व्यथालाई जीवन्त रूपमा अभिव्यक्त गर्ने कार्य गरेका छन्, जसले गर्दा उनी नेपाली साहित्य जगतमा युगकविका रूपमा प्रतिष्ठित छन् । सामाजिक, ऐतिहासिक र पौराणिक तीनै किसिमका विषयवस्तुमा कविको कल्पनाले उत्पादन गरेका उत्पाद्यवस्तुको सम्मिश्रण गरेर खण्डकाव्यीय वस्तुलाई सजीव र ओजस्वी बनाइएको छ । यसबाट के देखिन्छ भने श्रेष्ठका खण्डकाव्यहरू विषयवस्तुका रूपमा विविध छन् र तिनमा कवि कल्पनाको विशिष्ट भूमिका पनि रहेको छ । अतः विषयवस्तुगत व्यापकता अँगाली मौलिक पहिचान कायम राख्नु श्रेष्ठको विषयवस्तुगत प्रवृत्ति हो ।

### २.३.२ प्रवृत्तिगत आधार

प्रवृत्तिका आधारमा कवि श्रेष्ठका खण्डकाव्यहरूलाई हेर्दा यिनमा स्वच्छन्दतावादी प्रगतिवादी प्रवृत्तिको स्वर मुखरित भएको पाइन्छ । स्वच्छन्द भावुक अभिव्यक्ति, मानवीय संवेदना, मानवतावादी चिन्तन, प्रणयचेतना, कोमल भाव, निम्नवर्गप्रति सहानुभूति, प्रकृतिप्रेम जस्ता काव्यमा व्यक्त हुने भावले गर्दा यिनी स्वच्छन्दतावादी धाराका र राष्ट्रिय भावना, क्रान्तिकारी विद्रोही चेत र समाजको प्रगतिको चाहनाजस्ता पक्षबाट प्रगतिवादी प्रवृत्तिका देखिन्छन् । प्रवृत्तिगत आधारमा सिद्धिचरण श्रेष्ठका निम्नलिखित प्रवृत्तिहरू देखिन्छन् :

#### २.३.२.१ स्वच्छन्दतावाद

परम्परागत रीति, नीति र नियमका बन्धनबाट उन्मुक्त हुँदै भाषाशैलीको परिष्कारलाई भन्दा स्वच्छन्द प्रवाहलाई तथा कुनै पनि पात्र वा व्यक्तिको वैयक्तिक वैशिष्ट्यलाई, मनखुशी छन्दलाई, कलापक्षलाई भन्दा भावपक्षलाई महत्त्व प्रदान गर्ने वाद स्वच्छन्दतावाद हो (जोशी, २०३८ः ११) । साहित्यमा नयाँ विषय प्रवेश गराउने सोचमा प्रकृति र जीवनका बीचको सम्बन्धको खोजी गर्नु र जीवनलाई प्रकृति र प्रकृतिलाई

जीवनमा आरोपित गर्दै नयाँ जीवन मूल्यको पहिचान गर्नु नै स्वच्छन्दतावादको नेपाली संस्करणको प्रारम्भिक रूप हो । स्वच्छन्द भावुक अभिव्यक्ति, मानवीय संबेदना, मानवतावादी चिन्तन, प्रणयचेतना, कोमल भाव, निम्नवर्गप्रति सहानुभूति, प्रकृतिप्रेमजस्ता काव्यमा व्यक्त हुने भावले गर्दा यिनमा स्वच्छन्दतावादी धाराका प्रवृत्तिहरू देखिन्छन् । शरीरको नश्वरता, जीवनको क्षणिकता र आत्माको अमरतासम्बन्धी दृष्टिकोणलाई प्रस्तुत गरिएका **भीमसेन थापा** र **आत्मविलौना**जस्ता खण्डकाव्यमार्फत उनले रहस्यवादतर्फको उन्मुखता देखाएका छन्, जुन उनको स्वच्छन्दतावादी प्रवृत्ति हो । त्यस्तै **मेरो नेपाल**मा व्यक्त राष्ट्रिय चेतना, **बाँचिरहेको आवाज**मा व्यञ्जित भएकी नारीको प्रणय एवं पीडा, **उर्वशी**मा व्यक्त प्रेमभाव आदिमा यिनको स्वच्छन्दतावादी भावुकता प्रकट भएको छ । त्यस्तै स्वच्छन्द भावानुसारी भाषाशैलीको प्रयोगबाट पनि यिनको स्वच्छन्दतावादी भावधारा प्रकट हुनपुगेको छ । यसरी श्रेष्ठले आधुनिक नेपाली कविता परम्परामा स्वच्छन्दतावादी कविताधाराको आमन्त्रणका लागि खेलेको भूमिका ऐतिहासिक महत्त्वको रहेको छ ।

### २.३.२.२ सामाजिक यथार्थवाद

नेपाली समाजमा विद्यमान अन्याय, अत्याचार, शोषण, दमन एवम् अन्धविश्वासजस्ता विकृति र विसङ्गतिका विरुद्धमा सिद्धिचरण श्रेष्ठले कलम चलाएका छन् । कविको कल्पना र सामाजिक घटनालाई समन्वय गरेर लेखिएका खण्डकाव्यहरूमा **ज्यानमारा शैल, विश्वव्यथा, आँसु, मङ्गलमान र मेरो नेपाल** रहेका छन् । व्यक्तिका पीडादेखि लिएर सामाजिक रूपमा रहेका व्यथा, पीडा र समस्यालाई काव्यवस्तु बनाउनु उनको विशेषता हो । तत्कालीन समाजमा विद्यमान रूढिवादी परम्परा, सामाजिक असमानता छुवाछुत, शोषण, दमन तथा बन्धात्मक सामाजिक राजनैतिक स्थितिले मानिसलाई कसरी अन्धकारमा राखेको छ र यस्तो अवस्थामा मानवीय मूल्य मान्यता, समाज सुधारका कुराहरू कसरी ह्रास हुँदै गइरहेका छन् भन्ने कुरा **मङ्गलमान** र **आँसु** खण्डकाव्यले देखाएको छ । त्यस्तै नेपाली समाजमा व्याप्त जातपात, ठूलो सानो, धनी गरिवजस्ता कुराहरूले जनमानसमा पारेको प्रभाव **ज्यानमारा शैल**मा पाइन्छ । यसरी हेर्दा कवि श्रेष्ठका काव्यमा सामाजिक यथार्थतालाई स्पष्ट रूपमा प्रस्तुत गरिएको पाइन्छ ।

### २.३.२.३ प्रगतिवाद/क्रान्तिकारी विद्रोही भाव

मुलुकमा व्याप्त सामजिक उत्पीडन, शोषण र त्यसले उत्पन्न गरेका बेथिति फाल्न, श्रमजीविप्रति समर्पित भई तिनका समस्या उजागार गर्न, निम्नवर्गहरूको पक्ष लिएर सामाजिक व्यवस्थामा परिवर्तन गर्न क्रान्तिकारिताको चाहना गर्नु नै प्रगतिवाद हो । सिद्धिचरण श्रेष्ठका कृतिहरूमा समाज सुधार गर्ने तीव्र भाव व्यक्त भएको हुन्छ । तत्कालीन निरङ्कुश व्यवस्थाले थला पारेको र पछिसम्म पनि उठ्न नसकेको नेपाली समाजलाई विद्रोही-

क्रान्तिकारी भाव व्यक्त गरेर परिवर्तन गर्न चाहनु यिनको वैशिष्ट्य हो । समाजमा विद्यमान अन्याय अत्याचारलाई विद्रोहात्मक रूपमा परिवर्तन गर्न चाहनु यिनको विशेषता हो । श्रेष्ठको क्रान्तिचेत बोकेको प्रगतिवादी स्वरलाई मुखरित गर्ने खण्डकाव्यहरूमा **मङ्गलमान, आँसु** र **विश्वव्यथा** रहेका छन् । लक्ष्मीनारायण मिश्रका अनुसार **आँसु** प्रगतिवादी विद्रोह र क्रान्तिचेत, मानवतावादी चिन्तन एवम् समाजसुधार, परिवर्तनका भावनाहरू उर्लेको क्रान्तिकारी खण्डकाव्य हो (मिश्र, २०५८ : ५९) । श्रेष्ठ आफ्ना काव्यहरूमा सामाजिक अन्याय, थिचोमिचो एवं असमानता हटाउन विद्रोही क्रान्तिकारी भाव व्यक्त गर्दछन् ।

### २.३.३ भावगत आधारमा

कवि श्रेष्ठले आफ्ना खण्डकाव्यमा विभिन्न भाव व्यक्त गरेका छन् । **उर्वशी** भोग र योगको द्वन्द्वमा आधारित रहेको योगको विजय गराइएको काव्य हो । यसबाट कवि भौतिक प्रेम, सुख भोगभन्दा पनि आत्मनियन्त्रणबाट निर्माण र जीवन लक्ष्यको प्राप्तिमा विश्वास गर्दछन् । **मेरो नेपाल**मा राष्ट्रप्रेम, प्रकृतिप्रेमजस्ता भाव व्यक्त भएका छन् भने **विश्वव्यथा**बाट मानवीय संवेदना, व्यथित मानसिकता, मानवीय दैन्य भाव प्रकट भएको देखिन्छ । **बाँचिरहेको आवाज** र **भीमसेन थापा** खण्डकाव्यमा इतिहासतर्फको यात्रा गर्दै ऐतिहासिक सत्य, मानवीय प्रेम, नेपालीहरूको निरीह एवं दीन हीन अवस्था, जीवनको क्षणिकता र निस्सारता, गीता, उपनिषद् आदि दर्शनजस्ता पक्षहरूलाई देखाइएको हुँदा श्रेष्ठका खण्डकाव्यमा भावगत विविधता देखिन्छ । यिनका खण्डकाव्यमा व्यक्त भएका भावलाई निम्नलिखित रूपमा प्रस्तुत गर्न सकिन्छ :

#### २.३.३.१ राष्ट्रप्रेम

कवि सिद्धिचरण श्रेष्ठका खण्डकाव्यमा व्यक्त भावहरूमा राष्ट्रप्रेम महत्त्वपूर्ण पक्ष हो । उनका अनगिन्ती राष्ट्रवादी काव्यकृति प्रकाशित भइसकेका छन् । उनका काव्यहरूमा समाज, इतिहास, पुराण आदि जुनसुकै क्षेत्रका विषयवस्तुलाई समेटे पनि तिनका माध्यमबाट आफ्नो राष्ट्रप्रेम व्यक्त गरिएको हुन्छ । देशभक्ति, राष्ट्रिय गौरवबोध र राष्ट्रिय चेतना बोकेका काव्यकृतिहरूमा **मेरो नेपाल, भीमसेन थापा, बाँचिरहेको आवाज** आदि महत्त्वपूर्ण छन् ।

#### २.३.३.२ मानवतावाद

मानव-जीवनका मूल्य र महत्त्वलाई स्वीकार्दै समानता, स्वतन्त्रता र सह-अस्तित्वका आधारमा मानव जातिको कल्याण चाहनु, विश्वबन्धुत्वको पुनीत भावनालाई प्रश्रय दिन खोज्नु नै मानवतावाद हो (शर्मा, २०४१ : ३०) । सिद्धिचरणका कृतिहरू मानवतावादी चिन्तनले भरिएका छन् । वैचारिक दृष्टिले जीवन राग हो, विराग हो भने मानवता नै सर्वोपरी साध्य हो भन्ने अभिव्यक्ति उनका काव्यमा पाइन्छ । सिद्धिचरण श्रेष्ठका खण्डकाव्यमा मानवीय संबेदनालाई सूक्ष्म रूपमा प्रस्तुत गरिएको छ । मानवप्रेम, घृणा,

इच्छा-आकाङ्क्षा, योग भोग आदिको समुच्चय रूप हो र ती सबै वस्तु यथासमयमा उपयोग हुन्छन् त्यसैलै तिनलाई मानवले आफ्नो अनुकूल उपयोग गर्दछ । मानवका यस्ता सूक्ष्म संवेदनालाई सहानुभूतिपूर्वक तटस्थ चित्रण गर्नु श्रेष्ठको वैशिष्टच हो । उनका **मङ्गलमान आँसु, बाँचिरहेको आवाज** र **भीमसेन थापा**जस्ता खण्डकाव्यमा मानवतावादी चिन्तन प्रवल रूपमा रहेको पाइन्छ । उनले आफ्ना काव्यमा मानवीय प्रेमलाई महत्त्वपूर्ण स्थान दिएका छन् । जीवनवादी चिन्तन बोक्ने कवि श्रेष्ठका काव्यमा मानव जीवनको मूलधार भनेको प्रेम हो र प्रेमबाट नै मानिसमा जिजीविषा उत्पन्न हुन्छ भन्ने कुरालाई देखाइएको छ ।

### २.३.३.३ प्रकृतिप्रेम

स्वच्छन्दतावादी कविहरूको प्रधान पीठ प्रकृति हो र सिद्धिचरण श्रेष्ठले पनि आफ्नो काव्य साधनामा प्रकृतिलाई प्रशस्त स्थान दिएका छन् । प्रकृति जीवनदायिनी ममतामयी आमा हुन् । उनको वक्षस्थलमा चिरतम सुखशान्ति पाइन्छ, प्रकृतिकै रहस्यमा ईश्वरको बास हुन्छ, प्रेमको पवित्रता हुन्छ तथा जीन्दगीको पाठ हुन्छ भन्ने कुरा उनको **शबरी** खण्डकाव्यले देखाएको छ । श्रेष्ठ मानव र प्रकृति बीच अभिन्न सम्बन्ध भएको देख्दछन् । मानवका सुख-दुःखमा प्रकृति पनि सुखी-दुःखी बन्ने भाव उनका काव्यमा व्यक्त भएको देखिन्छ । राष्ट्रप्रेम, प्रगतिवादी चिन्तन, क्रान्तिकारी अभिव्यक्ति आदिका निम्ति पनि श्रेष्ठले प्रकृतिको सहयोग लिएको पाइन्छ । अतः प्रकृतिका कोमल र रौद्र रूपको सूक्ष्म अवलोकन गरेर तिनलाई काव्यकृतिमा आत्मसात गर्नु पनि श्रेष्ठका काव्यमा पाइने भावगत विशेषता हो । साथै प्रकृतिको सौन्दर्यमा विमोहित भएर प्रकृतिलाई जीवनसँग सहसम्बन्धित गरेर हेर्नु र त्यसप्रति अगाध ममता व्यक्त गर्नु पनि यिनका खण्डकाव्यमा पाइने भावगत वैशिष्ट्य हुन् ।

### २.३.४ भाषाशैलीगत आधार

सिद्धिचरण श्रेष्ठका खण्डकाव्यमा प्रयुक्त भाषाशैली सरल किसिमको देखिन्छ । श्रेष्ठका काव्यमा समको जस्तो परिष्कार, पौड्यालको जस्तो लालित्यपूर्ण शैली, सोमनाथको जस्तो क्लिष्टता र दुरूहता नभई भावानुसारी शब्दचयनको प्रयोग पाइन्छ । यो उनको भाषिक कौशल हो । उनी विषयवस्तुको गहनता र पात्रहरूको क्षमतालाई ध्यानमा राखी शब्दचयन गर्दछन् जस्ले गर्दा उनका खण्डकाव्यहरूको भाषाशैली निकै आस्वाद्य र प्रभावकारी बन्न पुगेको छ । उनका खण्डकाव्यमा कोमल, तत्सम, तद्भव एवं नेपाली झर्रा शब्दहरूको उपयोग गरिएको पाइन्छ । आफ्ना खण्डकाव्यमा प्रयुक्त भाषाशैलीलाई आकर्षक र प्रभावकारी बनाउँन उनले उखानटुक्का र अनुकरणात्मक एवं द्वित्वात्मक शब्दहरूको प्रयोग गरेका छन् । भावानुसारी शब्दचयन गर्न सक्नु श्रेष्ठको भाषिक कौशल हो तथापि भावप्रवाहमा यदाकदा अपरिष्कृत शब्दसंयोजन पनि भएको पाइन्छ । कवि श्रेष्ठका काव्यमा परम्परागत एवं निजी विम्ब प्रतीकको प्रयोग भएको देखिन्छ ।

कवि श्रेष्ठका खण्डकाव्य मात्रिक, वर्णमात्रिक र लोकलय छन्दमा लेखिएका छन् । वर्णमात्रिक छन्दमा लेखिएका काव्यहरूमा **भीमसेन थापा, बाँचिरहेको आवाज** र **मेरो नेपाल** जस्ता कृतिहरु पर्दछन् । यीनमा शार्दूलविक्रीडित, उपजातिजस्ता छन्दको प्रयोग देखिन्छ । यसरी नै **उर्वशी, विश्वव्यथा, आँसु**जस्ता काव्य मात्रिक छन्दमा लेखिएका छन् भने **मङ्गलमान** लोकलय (सवाइ) मा लेखिएको काव्य हो । कवि सिद्धिचरण श्रेष्ठ छन्द लयगत आधारमा मात्रिक छन्दमा सफल देखिन्छन् । वर्णमात्रिक छन्दमा यदाकदा छन्दोभङ्ग भएको देखिन्छ ।

## २.४ निष्कर्ष

वि.सं. १९६९ मा वखलढुङ्गामा जन्मिएका सिद्धिचरण श्रेष्ठ आधुनिक नेपाली कवितामा स्वच्छन्दतावादी भावधारालाई भित्र्याउने कवि हुन् । सामान्य परिवारमा जन्मिएका श्रेष्ठले सामान्य अनौपचारिक शिक्षा प्राप्त गरे तापनि स्वाध्ययनबाट पूर्वीय एवं पाश्चात्य ज्ञान-विज्ञान र साहित्यको गम्भीर अनुशीलन गरेको पाइन्छ । सिद्धिचरण श्रेष्ठले पाँचसय भन्दा बढी फुटकर कविताहरू र एकदर्जनभन्दा बढी खण्डकाव्य रचना गरेका छन् । यस बाहेक उनले कथा, यात्रासंस्मरण, नाटक र निबन्धजस्ता विधाहरूमा पनि कलम चलाएका छन् । यसका अतिरिक्त सिद्धिचरण श्रेष्ठले सामाजिक संघ-संस्थामा आबद्ध भएर सामाजिक व्यक्तित्व निर्माण गरेका देखिन्छन् । कवि श्रेष्ठले आफ्नो जीवनमा राजनैतिक, सामाजिकजस्ता क्षेत्रमा दीर्घ सेवा गरेर विभिन्न भ्रमणबाट प्राप्त ज्ञान र अनुभव सँगालेको देखिन्छ । वि.सं. १९८४ तिरबाट कविता लेखन प्रारम्भ गरे पनि वि.सं. १९९६ मा प्रकाशित **विश्वव्यथा** उनको प्रथम प्रकाशित खण्डकाव्य हो । श्रेष्ठले सामाजिक, पौराणिक र ऐतिहासिक विषयवस्तुमा आधारित खण्डकाव्यको रचना गरेका छन् । यी जुनसुकै विषयवस्तुलाई लिए पनि तिनका माध्यमबाट समग्र रूपमा उनले आफ्ना युगजीवनका कथा-व्यथालाई जीवन्त रूपमा अभिव्यक्त गर्ने जमर्को गरेका छन् । उनका सबै पात्रहरू व्यक्तिगत चरित्र र वर्गीय चरित्रका रूपमा देखिन्छन् । तिनीहरूले युगजीवनका चारित्रिक विशेषतालाई आरोपित गरेका छन् । उनका पात्रहरू प्रतीकात्मक छन् । परिवेशविधानका दृष्टिले उनका खण्डकाव्यमा नेपाली सामाजिक परिवेशको चित्रण छ । राणा शासनकालीन, सुगौली सन्धिदेखि पञ्चायती व्यवस्थासम्मको सामाजिक परिवेश उनका खण्डकाव्यमा समेटिएको पाइन्छ । उनका काव्यकृतिको मूलधार स्वच्छन्दतावाद भएपनि उनका कतिपय कृतिहरूमा निर्धाहरूप्रति सहानुभूति, सामाजिक, सांस्कृतिक विकृतिप्रति असन्तुष्टि, युगचेतनाको भाव र विद्रोहको सङ्केत देख्न सकिन्छ । यो उनको काव्यगत वैशिष्ट्य हो ।

# तेस्रो परिच्छेद

## खण्डकाव्यको सैद्धान्तिक स्वरूप

### ३.१ पृष्ठभूमि

साहित्यका विभिन्न विधाहरूमा कविता विधा पनि एक हो । यो साहित्यिक विधाहरूमा प्राचीनतम मानिन्छ । **ऋग्वेद, रामायण, महाभारत, इलियड, ओडिसी** आदि काव्यात्मक कृति हुन् र यिनले कविताको प्राचीनतालाई देखाउँछन् । कविता आयामका दृष्टिले लामा-छोटा हुन्छन् र यस दृष्टिले कविताका विभिन्न उपविधाहरू पाइन्छन् । कविता विधाका अनेक उपविधाहरू देखाइए पनि मुख्यतः पाँच प्रकारका उपविधाहरू छन् । कविताका यी उपविधाहरूमा लघुतम कविता, लघु कविता, मध्यम कविता, बृहत् कविता र वृहत्तर वा वृहत्तम कविताहरू पर्दछन् (अवस्थी, २०६४ : ४ ) । यी विभिन्न उपविधाहरूमध्ये खण्डकाव्य कविताको मध्यम आयामको उपविधा हो । लघु कविताभन्दा माथिल्लो र बृहत् कविताभन्दा तल्लो तहको मझौला काव्यरूप नै खण्डकाव्य हो ।

खण्डकाव्य पूर्वीय साहित्यको देन हो । पश्चिमी काव्य परम्परामा पनि मझौलो आयामको कविता पाइन्छ तर त्यो पूर्वीय खण्डकाव्यभन्दा केही भिन्न प्रकृतिको मानिन्छ । पूर्वीय र पाश्चात्य मझौला काव्यको तुलना गर्दै नरेन्द्र चापागाईंद्वारा लेखिएको छ “खण्डकाव्य परम्पराकै पृष्ठभूमिमा पाइलो राखेर क्रमशः आधुनिकता र नवीनतातिर उदीयमान रहँदै आएको उद्यानमा फक्रिएको सुगन्धित फूल हो भने लामो कविता दुरुस्त फूलझैं देखिने तर सुगन्ध नआउने दृश्य संवेद्यतामात्र रहेको नवनिर्मित प्रयोगको रूप हो ” (चापागाई, २०५२ : ४) । यसबाट के बुझिन्छ भने खण्डकाव्य र पश्चिमी जगत्को लामो कविता आयामका दृष्टिले उस्तै भए पनि तिनको आन्तरिक स्वरूप भिन्न छ । महादेव अवस्थीका अनुसार “पाश्चात्य कविता जगत्मा परम्परित रूपमा रहे पनि वीसौँ शताव्दीको प्रथम विश्वयुद्धपछिका प्रयोगवादी कविता क्षेत्रमा बढी प्रचलित र प्रतिष्ठित हुन पुगेको अनि आधुनिक नेपाली कवितामा समेत प्रयोगवादी धारादेखि प्रचलनमा आएको कविताको खण्डकाव्यात्मक नजिकको अर्को रूप लामो कविता हो” (अवस्थी, २०६४ : ४६) । यसबाट पनि के स्पष्ट हुन्छ भने लामो कविता र खण्डकाव्य आयामगत रूपमा समान देखिए पनि यिनमा भिन्नता रहेको छ । यहाँ कविताको मझौला आयाममा संरचित हुने खण्डकाव्यको सैद्धान्तिक पक्षमात्र केलाउने उद्देश्य रहेको हुँदा खण्डकाव्यको सैद्धान्तिक पक्षमात्र चर्चा गरिएको छ ।

खण्डकाव्य पूर्वीय साहित्यको उपज भएको हुनाले यसको स्वरूप, संरचना, तत्त्व र यससम्बन्धी सैद्धान्तिक धारणाहरू पनि पूर्वीय काव्यसिद्धान्तमा नै प्राप्त गर्न सकिन्छ । यसो

भए तापनि खण्डकाव्यको वस्तु, पात्र, परिवेश आदि तत्त्वहरू काव्यका साविक तत्त्व भएका हुनाले पाश्चात्य काव्यसिद्धान्तको समेत सामान्य चर्चा आवश्यक हुन्छ । त्यसैले यहाँ पूर्वीय एवं पश्चिमी काव्यशास्त्रीहरूका काव्यसम्बन्धी सैद्धान्तिक मान्यताहरूलाई प्रस्तुत् गर्दै तिनै काव्यशास्त्रीय मान्यताका आधारमा **भीमसेन थापा** खण्डकाव्यको कृतिगत विवेचना गरिएको छ ।

## ३.२ खण्डकाव्यको स्वरूप एवं संरचना

खण्डकाव्य कविताको मझौला रूप हो । त्यसैले यसको स्वरूप पनि न लघु न बृहत् हुन्छ । यसमा फुटकर कविता जस्तो भावको सूक्ष्म वा झिनो अभिव्यक्ति मात्र हुँदैन, आख्यानले युक्त वा रहित भएर जीवन जगत्को एउटा विशिष्ट पक्षलाई खण्डकाव्यमा प्रस्तुत गरिएको हुन्छ । बृहत् काव्यजस्तो जीवन जगतको विस्तार पनि यसमा हुँदैन । अवस्थीका अनुसार चतुष्पदी दुई श्लोकदेखि उन्नाइस श्लोक वा सो सरहको पंक्तिपुञ्जमा आधारित अनुच्छेदगत लमाइ भएको कविता लघु कविता हो भने एक हजारभन्दा बढी र चारहजार नौसय उनान्सयसम्मको चतुष्पदी श्लोक सङ्ख्यागत लमाइ भएको कवितालाई बृहत् कविता वा महाकाव्य भनिन्छ (अवस्थी, २०६४ :४ ) । यहाँ फुटकर कविता र बृहत् कविताको आयामगत स्वरूप देखाइए पनि यसबाट खण्डकाव्यको विस्तार सीमा पनि निर्धारण गर्न सकिन्छ । यसबाट के स्पष्ट हुन्छ भने महाकाव्य काव्यीय सीमाको प्रारम्भ अर्थात् श्लोक संख्याका दृष्टिले एक हजार श्लोकमुनि र सामान्य फुटकर कविताको सीमाभन्दा माथिल्लो संरचना नै खण्डकाव्य हो । सर्गविधानका दृष्टिले महाकाव्यमा आठ सर्गभन्दा अधिक हुनुपर्ने धारणा पाइन्छ (विश्वनाथ, इ. १९७९ : ५५०) । यसबाट खण्डकाव्यको आयामगत स्वरूप आठसर्गभन्दा न्यून हुनुपर्ने बुझिन्छ । खण्डकाव्य प्रबन्धकाव्य भएको हुनाले यसमा स्थूल वा सूक्ष्म कथावस्तु, मानव वा मानवेत्तर पात्र, वाह्य वा आन्तरिक परिवेश चित्रणजस्ता पक्षहरू विद्यमान रहन्छन् । त्यसैले यसको स्वरूप आख्यानात्मक वा प्रबन्धात्मक हुन्छ भने संरचनागत दृष्टिले यो जीवन र जगत्को एक विशिष्ट पक्षलाई प्रस्तुत गर्ने काव्यको मध्यमस्तरीय आयाममा विस्तारित हुन्छ ।

## ३.३ खण्डकाव्यको परिभाषा

खण्डकाव्य प्रबन्ध काव्यको भेद भएको हुनाले प्रबन्ध काव्यको चर्चा गर्दा नै खण्डकाव्यको पनि चर्चा भएको पाइन्छ । काव्यका विभिन्न उपभेद गरेर मझौला काव्यलाई परिभाषित गर्ने काम नवौँ शताव्दीका रुद्रटबाट भएको पाइन्छ । रुद्रटद्वारा प्रवन्ध काव्यलाई महान् र लघु गरी दुई प्रकारमा वर्गीकरण गरी दुवैको लक्षण दिइएको छ । उनका अनुसार लघुकाव्यमा चतुवर्गमध्ये एउटा हुनुपर्छ र सवै रस भए अपूर्ण र एक रस भए पूर्ण प्रस्तुति भएको हुनुपर्छ (रुद्रट, इ १९६५ : ४२०) । यस परिभाषामा रुद्रटद्वारा लघुकाव्यलाई

महाकाव्यको एकाङ्गी स्वरूपमा प्रस्तुत गर्दै महान् काव्यको सापेक्षमा पुरुषार्थ चतुष्ट्यमध्ये कुनै एक भएको र कुनै एउटा रस परिपाक भएको काव्यका रूपमा लिइएको पाइन्छ । रुद्रटद्वारा खण्डकाव्य शब्द प्रयोग नगरिए पनि तत्कालीन खण्डकाव्यको स्वरूप संरचनालाई हेरेर निगमनात्मक रूपमा खण्डकाव्यको परिभाषा गरेको पाइन्छ । 'खण्डकाव्य' शब्दको प्रयोग गर्ने प्रथम आचार्य विश्वनाथ हुन् र उनले नै यसको परिभाषा पनि गरेका छन् । उनका अनुसार खण्डकाव्य काव्यको एकदेशीय हुनुपर्छ (विश्वनाथ, १९७९ : ५५५ ) । प्रस्तुत परिभाषा पनि सापेक्षित देखिन्छ । काव्यको एकदेशीय भनेर काव्यका समग्रतामा एकदेश विशिष्टताले युक्तलाई खण्डकाव्य स्वीकारिएको छ । यसले पनि काव्यको विस्तारित आयाम वस्तु, पात्र, परिवेश, रस, पुरुषार्थ आदिका सापेक्षतामा कुनै सीमित परिवेश, पात्र, वस्तु, रस, पुरुषार्थ आदि हुने मान्यता प्रस्तुत् गरेको छ । यसरी संस्कृत काव्य परम्परामा मध्यमस्तरीय स्वरूप संरचना भएको काव्यको एक भेदलाई खण्डकाव्यको संज्ञा दिइएको छ ।

नेपालीमा पनि खण्डकाव्यको लेखन र यसका बारेमा व्याख्या विश्लेषण भएको पाइन्छ । खण्डकाव्यको चिनारी गराउँदै माधवप्रसाद घिमिरेद्वारा यसको स्वरूपलाई नदीसँग तुलना गरिएको छ । उनका अनुसार "यहाँ निर्भरले खोलालाई बोलाउँछ-लघुकाव्य बन्छन्, खोलाले नदीलाई बोलाउँछ - ललित महाकाव्य बन्छन्, नदीले सागरलाई बोलाउँछ- बृहदाकार महाकाव्य बन्छन्" (घिमिरे, २०३९ : ७ भूमिका) । यस रूपकात्मक कथनले खण्डकाव्यको स्वरूप, संरचना र यसको मर्मलाई व्यक्त गर्दछ । यहाँ फुटकर कवितालाई निर्भर अर्थात् भर्नाका रूपमा र ललित महाकाव्यलाई नदीका रूपमा प्रस्तुत गर्दै नदी र भरनाको बीच अर्थात् खोलाका रूपमा खण्डकाव्यलाई देखाउँदै यसको मध्यम स्तरीय स्वरूप सङ्केत गरिएको छ । वासुदेव त्रिपाठी र अन्यद्वारा सम्पादित कवितासंग्रह भाग-४ मा मभौलो काव्यको चर्चा गर्दै निष्कर्षका रूपमा खण्डकाव्यको परिभाषा गरिएको छ । जसअनुसार "खण्डकाव्य कविता विधाको त्यस्तो मभौला आयामको उपविधागत भेद भन्न सकिन्छ जसमा कुनै आख्यान अँगालेर वा नअँगाली जीवनजगत्को एक अंश या भागलाई अन्वितिपूर्वक बद्ध वा मुक्त भाषिक लयका माध्यमबाट कथन गरी संरचित गरिन्छ " ( त्रिपाठी र अन्य, २०४६ : ५९) । यस परिभाषाका अनुसार खण्डकाव्यमा आख्यान रहन वा नरहन पनि सक्छ र यसले जीवनजगत्को कुनै अंशलाई ऋंखलित रूपमा प्रस्तुत गर्दछ ।

नेपाली खण्डकाव्य र खण्डकाव्यसम्बन्धी अध्ययन गरेर अनुगमनात्मक निष्कर्ष दिंदै महादेव अवस्थीद्वारा खण्डकाव्यको परिभाषा गरिएको छ । उनका अनुसार "खण्डकाव्य कविताका लघु वा फुटकर रूप र बृहत् वा महाकाव्यका बीचमा अवस्थित मभौला किसिमको आयाम भएको त्यस्तो रूप हो जसमा जीवनका अंशविशेषको आख्यानात्मक वा आख्यान निरपेक्ष भाषिक कवितात्मक अभिव्यक्ति गरिएको हुन्छ" (अवस्थी, २०६४ : ५६) । यहाँ अवस्थीद्वारा खण्डकाव्यलाई कविताका अन्य भेदहरूका सापेक्षतामा ग्रहण गर्दै

खण्डकाव्यको परिभाषा दिइएको छ । उनका अनुसार खण्डकाव्य आख्यानसहित वा आख्यान निरपेक्ष दुवै प्रकारको खण्डकाव्य हुनसक्ने मझौला काव्यका रूपमा लिइएको छ ।

यी उपर्युक्त परिभाषाबाट खण्डकाव्यको लक्षण निर्धारण भएको छ र यो कविता विधाका अन्य उपविधा फुटकर र बृहत् काव्यको सापेक्षमा मध्यमस्तरीय काव्यका रूपमा स्थापित हुनपुगेको छ । यी सबै परिभाषाहरूलाई हेरेर खण्डकाव्यलाई यसरी परिभाषित गर्न सकिन्छ-

खण्डकाव्य काव्यको त्यो रूप हो जसमा जीवन-जगत्को कुनै एक विशिष्ट पक्षलाई आख्यान वा आख्यानविहीन रूपमा प्रस्तुत गरिएको हुन्छ । यसरी अन्य काव्यधर्मलाई स्वीकार्दै जीवनजगत्को एक विशिष्ट पक्षलाई प्रस्तुत गर्ने काव्यको एक भेदका रूपमा खण्डकाव्य स्थापित हुन पुग्दछ ।

## ३.४ खण्डकाव्यका तत्त्वहरू

खण्डकाव्यको संरचनामा निश्चित तत्त्वहरू हुन्छन् र तिनै तत्त्वको समुचित उपयोगबाट खण्डकाव्य निर्माण भएको हुन्छ । खण्डकाव्य प्रवन्ध काव्यको भेद भएकाले यसका प्रबन्धात्मक गुणहरू विद्यमान रहन्छन् र यो लयात्मक ढाँचामा लेखिने हुँदा यसमा कविताका गुणहरू हुनुपर्छ भन्ने सन्दर्भमा वासुदेव त्रिपाठीद्वारा निम्नलिखित तत्त्वहरू उल्लेख गरिएको छ, ती हुन् :

(क) बद्ध वा मुक्त लय

(ख) भाषाशैली

(ग) कथानक, पात्रविधान वा अन्तर्पात्रीयता, देश-काल वा परिवेश

(घ) मझौला आयामको कथन पद्धति तथा शिल्पसंरचना (त्रिपाठी, ०४६ : ५८-५९) ।

यसरी नै महादेव अवस्थीद्वारा खण्डकाव्यका तत्त्वहरू निम्नलिखित रूपमा प्रस्तुत गरिएको छ, जस्तै-

(क) कृतिगत शीर्षक

(ख) भाषाशैली

(ग) लयविधान

(घ) प्रवन्धविधान

(ङ) सर्गयोजना

(च) विषयवस्तु र भावविधान

(छ) उक्तिढाँचा

(ज) विम्ब-प्रतीक विधान अलङ्करणका प्रविधि

(झ) आयाम (अवस्थी, २०६४ :४८) ।

यसरी नै लावण्यप्रसाद ढुङ्गाना र घनश्याम दाहालद्वारा खण्डकाव्यको सैद्धान्तिक चर्चा गर्ने क्रममा यसका तत्त्वहरू निर्धारण गरिएका छन् । यी लेखकद्वयका अनुसार खण्डकाव्यका तत्त्वहरू निम्नलिखित छन्-

(क) कथानक

(ख) पात्र

(ग) परिवेश

(घ) केन्द्रीय कथ्य

(ङ) भाव

(च) लय

(छ) कथनपद्धति

(ज) अलङ्कार प्रतीक

(झ) भाषा शैली (ढुङ्गाना र दाहाल, २०५७ : ६ ) ।

यी उपर्युक्त खण्डकाव्यीय तत्त्वहरूलाई हेर्दा केही भिन्नता देखिए पनि तिनमा धेरै समानता नै पाइन्छ । खण्डकाव्य प्रबन्धकाव्य भएकाले यसमा प्रबन्धनात्मक गुण रहेकै हुन्छन् त्यसैले यहाँ विवेच्य काव्य विश्लेषणको सुगमतालाई समेत ध्यानमा राखेर खण्डकाव्यका तत्त्वहरू निर्धारण गरिएका छन् । यसमा तत्त्वगत सूक्ष्मभेदलाई एउटै स्थूलरूपमा समावेश गर्ने प्रयास गरिएको छ । ती तत्त्वहरू निम्नलिखित छन्-

(क) शीर्षक विधान

(ख) विषयवस्तु

(ख) प्रबन्धात्मकता (कथावस्तु, सर्गयोजना, पात्रविधान र परिवेशयोजना)

(ग) भाषाशैली

(घ) लयविधान

(ङ) विम्ब, अलङ्कार र प्रतीक विधान

(च) भावविधान

(छ) उक्तिविधान ।

### ३.४.१ शीर्षकविधान

खण्डकाव्य कुनै न कुनै शीर्षकमा बाँधिएको हुन्छ । काव्यको शीर्षकले काव्यको अन्तरङ्ग पक्षलाई बुझाउने हुँदा शीर्षक सार्थक, अभिधेय वा लाक्षणिक-प्रतीकात्मक हुन सक्तछ । काव्यको शीर्षक सम्बन्धमा विश्वनाथद्वारा स्पष्टतासाथ उल्लेख गरिएको छ ।

उनका अनुसार काव्यको नाम, कविको नाम, वर्ण्यविषय, नायकको नाम र अन्य कुनै आधारमा रहेको हुनुपर्दछ (विश्वनाथ, इ. १९७९ : ५५१ ) । यसरी हेर्दा खण्डकाव्यमा काव्योचित शीर्षक रहनु पर्दछ ।

### ३.४.२ विषयवस्तु

विषयवस्तुसम्बन्धी चर्चाको थालनी पूर्वीय संस्कृत साहित्यशास्त्रका सन्दर्भमा नाटक र महाकाव्यलाई आधार बनाएर भरतमुनिदेखि र पाश्चात्य साहित्यशास्त्रका सन्दर्भमा अरिष्टोटलबाट भएको हो (वर्मा र अन्य २०२० : २७३) । संस्कृत साहित्यमा दण्डीले विषयवस्तु ख्यात, उत्पाद्य र मिश्रित गरी तीन स्रोत देखाएका छन् (वर्मा र अन्य २०२० : २७३) । ख्यातअन्तर्गत पुराण, इतिहास, दन्त्यकथा पर्दछन् भने उत्पाद्यअन्तर्गत लेखकले नै उब्जाएको काल्पनिक कथा पर्दछ । र यी दुबैको मिश्रण भएमा मिश्रित हुन्छ । कविले खण्डकाव्यको प्रबन्धनमा ऐतिहासिक, पौराणिक, सामाजिक, धार्मिक आदि विविध क्षेत्रका विषयवस्तुलाई कल्पनाको सहयोगद्वारा कलात्मक रूप प्रदान गर्दछ । स्थूल विषयवस्तुलाई आफ्ना सूक्ष्म चिन्तन र अनुभवद्वारा वर्णन, नाटकीकरण आदिका माध्यमले खण्डकाव्यमा प्रबन्धन गरिएको हुन्छ ।

### ३.४.३ प्रबन्धात्मकता

खण्डकाव्यमा निश्चित खण्ड, सर्ग, आदि विभाजक तत्त्वको प्रबन्धन हुन्छ र त्यसमा निश्चित विषयवस्तु र त्यसलाई व्यक्त गर्ने कथावस्तु अनि कथावस्तुलाई गतिशील र जीवन्त बनाउने पात्रहरूको संयोजन वा प्रबन्धन हुनुपर्दछ । निश्चित परिवेशमा घटित हुने घटना, परिस्थितिविशेष वा विचारको प्रबन्धन समेतलाई प्रबन्धात्मकताले द्योतन गर्दछ । त्यसैले यहाँ खण्डकाव्यको प्रबन्धात्मक तत्त्वमध्ये निम्नलिखित पक्षलाई वा प्रबन्धात्मक तत्त्वलाई प्रस्तुत गरिएको छ-

#### ३.४.३.१ कथावस्तु

प्रबन्धविधानको मुख्य पक्ष कथावस्तु पनि हो । खण्डकाव्यमा कथावस्तु झिनो रूपमा वा पुष्ट रूपमा आउँन सक्छ । कथावस्तुका दृष्टिले नै खण्डकाव्यका तीन ढाँचा उल्लेख गर्दै वासुदेव त्रिपाठीद्वारा खण्डकाव्यमा कथावस्तुको प्रबन्धन प्रस्तुत गरिएको छ । उनका अनुसार पहिलो ढाँचा सूक्ष्म वा स्थूल आख्यानीकरणमा आधारित भएको पाइन्छ भने दोस्रो ढाँचामा कुनै स्थान, प्रसङ्ग, घटनाविशेष, व्यक्तित्वविशेष, भावविशेष वा विचारविशेष केन्द्रमा रहन्छ । त्यसरी नै तेस्रो ढाँचामा ती खण्डकाव्यहरू पर्दछन्, जसमा केही आख्यानपूर्वक वा कथांश बीच-बीचमा रहन्छन् तर अवचेतन वा अमूर्तलेखनका कारण आख्यान विकासचाहिँ हुँदैन (त्रिपाठी र अन्य, २०४६ : ५६-५७ ) । यी तीनै प्रकारका ढाँचाहरूको मुख्य भिन्नता कथावस्तु वा आख्यानीकरणको भिन्नता नै हो । त्यसैले कथावस्तु स्थूल, सूक्ष्म र मुक्त

अवस्थामा रहेर खण्डकाव्य लेखिन सक्छन् । त्यसैले खण्डकाव्यको प्रबन्धविधानमा कथावस्तुको भूमिका रहन्छ ।

### ३.४.३.२ पात्रविधान

प्रबन्धविधानमा महत्त्वपूर्ण पक्ष पात्रविधान पनि हो । पुष्ट कथावस्तु वा झिनो कथावस्तु जे भए पनि पात्रको उपस्थिति रहन्छ । कथावस्तु र पात्रहरू एकआपसमा उनिएको हुन्छ । त्यसैले पात्र र कथावस्तुको सम्बन्धलाई हेनरी जेम्सद्वारा अन्तर्सम्बन्धित गर्दे भनिएको छ "चरित्र भनेको घटनाहरूको निश्चय हो र घटना भनेको चरित्रहरूको चित्र हो (अब्रहम्स, इ. १९९३ : १५९) । यसबाट चरित्र र कथावस्तु अभिन्न रहेको देखिन्छ । कथावस्तुलाई गतिशील बनाउन वा कविका भाव, विचार आदिलाई संवहन गर्न पात्रको महत्त्वपूर्ण भूमिका रहन्छ । त्यसैले पात्रविधान पनि प्रबन्धविधानको एउटा पक्ष हो ।

### ३.४.३.३ सर्गयोजना

खण्डकाव्यलाई विभाजन गर्ने एकाईलाई सर्गको संज्ञा दिइन्छ । पूर्वीय काव्यमान्यता अनुसार महाकाव्य सर्गमा विभाजित हुने भएकाले त्यसै मान्यता अनुरूप खण्डकाव्य पनि सर्गमा विभाजन गरिन्छ । एउटा भावविशेष वा प्रसङ्ग विशेषको प्रस्तुती र त्यसको अडानका रूपमा लिइने सर्गको योजना खण्डकाव्यमा वैकल्पिक रूपमा रहने उल्लेख पाइन्छ (अवस्थी, २०६४ : ५०) । महाकाव्यमा आठ सर्गभन्दा माथि हुनुपर्ने विधान पाइन्छ ( विश्वनाथ, इ. १९७९: ५५०) । यस दृष्टिले खण्डकाव्यमा आठभन्दा कम सर्ग विभाजन हुनुपर्ने देखिन्छ तर व्यवहारमा यस प्रकारको नियम परिपालन भएको देखिँदैन । जे भए पनि नामोल्लेखपूर्वक सर्गविभाजन अथवा अन्य कुनै विश्रान्तिसूचक नाम र सङ्केतहरूद्वारा खण्डकाव्यलाई विभाजित गरिएको हुनुपर्छ भन्ने मान्यता पाइन्छ ।

### ३.४.३.४ परिवेश योजना

कथावस्तु घटित हुने वा पात्रले कार्यव्यापार गर्ने स्थान र काल नै परिवेश हो । प्रबन्धविधानमा यसको महत्त्वपूर्ण भूमिका रहन्छ । कतिपय काव्यमा परिवेश नै मुख्य पक्ष पनि हुनसक्छ । देश, काल, परिस्थितिजस्ता परिवेशले खण्डकाव्यको प्रबन्धनमा विश्वसनियता ल्याउँछन् भने काव्यको भावलाई अझ उद्दीप्त गर्न मद्दत पुऱ्याउँछन् । यसरी सर्गयोजना, विषयवस्तु, कथावस्तु, पात्र र परिवेशको सुसंयोजन नै खण्डकाव्यको प्रबन्धन पक्ष हो र यो एउटा महत्त्वपूर्ण तत्त्वका रूपमा रहेको पाइन्छ । खण्डकाव्यमा ग्रामीण परिवेश, शहरिया परिवेश, वन्य परिवेशजस्ता वाह्य परिवेश चित्रण हुनसक्छ भने पात्रका मनोजगत्को मानसिक परिवेश पनि चित्रित हुन सक्छ ।

### ३.४.४ भाषाशैली

खण्डकाव्य भाषाका माध्यमद्वारा व्यक्त हुने भएकाले खण्डकाव्यको बनोटमा भाषाशैली महत्त्वपूर्ण तत्त्व हो । वर्ण, पद, पदावली, श्लोक र अनुच्छेदजस्ता भाषिक विकल्पमध्येबाट सबभन्दा बढी उपयुक्त ललित र रागात्मक, व्यञ्जक र लयात्मक भाषिक एकाइको चयनबाट नै खण्डकाव्यको भाषाशैलीको निर्माण गर्न सकिन्छ । त्यसै गरी तत्सम, तद्भव र आगन्तुकजस्ता विभिन्न स्रोतका भाषिक शब्दको चयन खण्डकाव्यमा हुन सक्तछ । काव्यको भाषा सामान्य भाषाभन्दा पृथक हुने भएकाले काव्यीय भाषातत्त्व विशिष्ट हुन्छ ।

### ३.४.५ लयविधान

खण्डकाव्य कविता विधाको उपभेद भएको हुनाले यो गद्यभन्दा इतर हुन्छ । यसको महत्त्वपूर्ण पक्ष भनेको नै लयात्मकता हो । सांगीतिक शब्दहरूको विन्यासद्वारा विशिष्ट लय सिर्जना गरेर काव्य लेखिन्छ । शास्त्रीय छन्द, लोकछन्द वा मुक्त छन्दमा नै खण्डकाव्य लेखिन्छ । जुनसुकै छन्दमा लेखिए पनि त्यहाँ लयात्मक पंक्तिपुञ्जहरूको विन्यास गरिन्छ । त्यसैले खण्डकाव्यमा लयविधान एक प्रकारको विशिष्ट भाषिक रूप हो र यो खण्डकाव्यमा अनिवार्य तत्त्वका रूपमा रहन्छ ।

### ३.४.६ विम्ब प्रतीक र अलङ्कार विधान

खण्डकाव्यको संरचक तत्त्वहरूमा विम्ब र प्रतीकहरू पनि पर्दछन् यी पनि भाषाका विशिष्ट पक्ष हुन् । लक्ष्मणप्रसाद गौतमका अनुसार सर्जकका मानसपटलमा रहेको मानसिक तस्विरलाई सम्मूर्तित बनाउने चित्रात्मक भाषा नै विम्ब हो (गौतम, २०६० : १) । यस विम्बसम्बन्धी विचारबाट यो भाषाकै विशेष रूप हो भन्ने बुझिन्छ । यद्यपि विम्ब विचारसँग सम्बन्धित छ तथापि जब यो काव्यविम्बका रूपमा प्रकट हुन्छ तब विशेष प्रकारको चित्रमय भाषाका रूपमा व्यक्त हुन्छ । विम्बविधानको चर्चा गर्दै महादेव अवस्थीद्वारा अर्थालङ्कारका रूपमा हेरिएको छ (अवस्थी, २०६४ : ५१) । यसबाट पनि विम्ब काव्यभाषाको विशिष्ट पक्ष भएको देखिन्छ । यसरी नै विम्बसँगै जोडिएर आउने प्रतीक पनि खण्डकाव्यको महत्त्वपूर्ण पक्ष हो । सामान्यतया प्रतीक शब्दले चिन्ह, सङ्केत आदिलाई बुझाए पनि साहित्यका सन्दर्भमा अप्रस्तुतलाई बुझाउनका निम्ति प्रयोग गरिने शब्द प्रतीकलाई बुझाउँछ ( अब्राहम्स्, इ. १९९३: २०६) । प्रतीकलाई साहित्यिक सन्दर्भमा यसरी देखाइएको पाइन्छ- प्रतीक एक यस्तो वस्तु हो जो 'अन्य केही 'तिर सङ्केत गर्छ र यो 'अन्यत्व' अनेक रूपात्मक, अनेकार्थवाची हुनसक्छ, किन्तु प्रत्येक प्रस्तुतीकरणमा यसको आफ्नो एक नियत रूप हुने गर्दछ (श्रीवास्तव, इ. १९८५: ८८) । खण्डकाव्यमा पनि यस्ता प्रतीकहरूको प्रयोगद्वारा काव्यको कथ्यलाई विशिष्ट बनाइएको हुन्छ । अलङ्कार पनि भाषाको शब्द र अर्थका तहमा रहने तत्त्व हो । त्यसैले अलङ्कार शब्द, अर्थ या शब्दार्थ दुवैमा रहने काव्यको

शोभाधायक तत्त्वका रूपमा लिइएको पाइन्छ (मम्मट, २०४२ : ४००) । खण्डकाव्यमा भावलाई विशिष्ट वा चमत्कारपूर्ण बनाउनका निम्ति शब्दालङ्कार र अर्थालङ्कारको उपयोग गरिन्छ ।

### ३.४.७ भावविधान

खण्डकाव्यमा विषयवस्तु, कथावस्तु, पात्र, परिवेश आदिको विशिष्ट प्रबन्धनद्वारा विशेष भावलाई प्रस्तुत गर्नु कविको अभीष्ट हुन्छ । राष्ट्रियता, मानवतावादी चिन्तन, सामाजिक समस्या, मानवीय संवेदना, धार्मिक-सांस्कृतिक विशिष्टता, प्रेम, करुणा, मैत्री, हास्यजस्ता पक्षहरू मुख्य कथ्य हुन सक्छन् । काव्यको मर्म नै भाव हो र भावविधानमा कविद्वारा विशिष्ट पक्षहरूको संयोजन गरिएको हुन्छ । खण्डकाव्यमा संयोजन गरिएका प्रबन्धतत्त्वहरू भावाभिव्यक्तिका लागि साधन वा माध्यममात्र बन्दछन् । भाव नै विशिष्ट उपकरणका माध्यमबाट रसावस्थामा परिणत हुने भएकाले भाव काव्यको मुख्य आस्वाद्य पक्ष हो । भाव रसका सम्बन्धका बारेमा भनिएको छ जब विभाव, अनुभाव र व्यभिचारी भाव आदिद्वारा व्यक्त रत्यादि स्थायी भाव नै रस बन्दछ (मम्मट, इ. २०४२ : ९५) । यसरी खण्डकाव्यमा कुनै-कुनै विशिष्ट भाव व्यक्त गरिएको हुन्छ र त्यही नै पाठकका निम्ति मुख्य आस्वाद्य विषय बन्दछ ।

### ३.४.८ उक्तिविधान

कविद्वारा काव्यप्रस्तुत गर्ने वा कथन गर्ने ढाँचालाई उक्तिढाँचा भनिन्छ । कवि स्वयंले, कवि आफू म वा हामी पात्र बनेर, कुनै तृतीय पुरुषको पात्र संयोजन गरेर काव्यलाई प्रस्तुत गर्न सक्दछ । त्यसैले काव्यकथन शैलीका आधारमा विभिन्न उक्ति ढाँचाहरू हुन्छन् । महादेव अवस्थीका अनुसार उक्तिढाँचा मुख्यतः दुई प्रकारको देखिन्छ । उनका अनुसार कविउक्ति र कविनिबद्ध उक्तिद्वारा एवं सोझै कविकथन, आख्यानीकृत कविकथन र नाटकीकृत कविकथनका रूपमा उक्ति ढाँचा रहेको पाइन्छ (अवस्थी, २०६४ : ५१ ) । पहिलो ढाँचाअनुसार कवि स्वयं पात्र बनेर वा कुनै पात्रका माध्यमबाट गरिने पद्धति हो भने दोस्रो ढाँचाअन्तर्गत कविको एकालापीय कथन वा आख्यानीकृत र नाटकीकृत गर्दै प्रस्तुत गर्ने पद्धति पर्दछन् । यी कुनै न कुनै विशेष एक ढाँचा वा मिश्रित ढाँचामा खण्डकाव्य प्रस्तुत गरिएको पाइन्छ ।

## ३.५ निष्कर्ष

खण्डकाव्यको सिद्धान्तलाई हेर्दा यसको आफ्नै स्वरूप, संरचना, तत्त्व एवं मौलिक गुण रहेको छ । यो कविता विधाको मझौला आयाममा विस्तारित एउटा उपविधा हो । पूर्वीय काव्यपरम्परामा जन्मिएको खण्डकाव्य विधामा पूर्वीय काव्यमान्यता अनुरूप छन्द, लय, अलङ्कार, वस्तु, रस आदि काव्यात्मक गुण विद्यमान रहन्छन् । यो प्रवन्धात्मक काव्य

भएकोले यसमा प्रबन्धकाव्यका गुणहरू रहन्छन् भने कविताविधाअन्तर्गतको उपविधा भएकाले कविताका गुणहरू सन्निवेश हुन्छन् । यद्यपि पूर्वीय काव्यशास्त्रको नियमानुसार समग्र काव्यतत्त्व र काव्यगुण सबै खण्डकाव्यमा रहन्छन् भन्ने छैन तथापि काव्यमान्यता अनुरूप काव्यतत्त्व रहेकै हुन्छन् । यी उपर्युक्त खण्डकाव्यका आवश्यक तत्त्वहरू हुन् । यिनै तवहरूमध्ये कुनैको आधिक्य र कुनैको न्यून प्रयोगद्वारा खण्डकाव्य सिर्जना हुन्छ । उपयुक्त प्रबन्धनले खण्डकाव्य सन्तुलित बन्न पुग्दछ भने न्यूनाधिकले खण्डकाव्यको सन्तुलन बिगार्दछ । समुचित विषयवस्तु र त्यसको उपयुक्त  कथानक एवं सजीव पात्रविधान र विश्वसनीय परिवेश आदिको प्रबन्धनले खण्डकाव्यलाई परिपुष्ट बनाउँछ । यिनै खण्डकाव्यीय तत्त्वका आधारमा यहाँ सिद्धिचरण श्रेष्ठद्वारा लिखित **भीमसेन थापा** खण्डकाव्यको कृतिगत विश्लेषण गरिएको छ ।

# चौथो परिच्छेद

## भीमसेन थापा खण्डकाव्यको विश्लेषण

### ४.१ रचनाकाल र प्रकाशनकाल

कवि सिद्धिचरण श्रेष्ठद्वारा रचना गरिएको उत्कृष्ट कृतिहरूमध्येको एक प्रमुख कृति हो **भीमसेन थापा** । यस कृतिको लेखनकार्य कहिलेदेखि सुरुआत भयो वा यो पूरा हुन कति समय लाग्यो भन्ने कुरा स्पष्ट किटेर त भन्न सकिन्न तर यसको रचना वि.सं. २०४२ वैशाखमा भएको हो भन्ने कुरा उनको कृतिको समर्पण भागमा लेखिएको छ । यस काव्य सर्वप्रथम वि.सं. २०६० मा नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानबाट प्रकाशित भएको हो ।

### ४.२ शीर्षकविधान

शीर्षक पनि खण्डकाव्यको एउटा तत्त्व हो । शीर्षक काव्यको सार सङ्केत वा काव्यको परिचायक तत्त्व हो । खण्डकाव्यको नामकरणका सम्बन्धमा छुट्टै उल्लेख नभए पनि महाकाव्यको नामकरणका सम्बन्धमा विश्वनाथद्वारा चर्चा गरिएको छ । उनका अनुसार महाकाव्यको नाम, कविको नाम, वर्ण्य विषयवस्तु, नायकको नाम र अन्य कुनै आधार अपनाएर राख्न सकिन्छ (विश्वनाथ, १९७९ : ५५१ ) । यस मान्यता अनुरूप **भीमसेन थापा** खण्डकाव्य नायकको नाममा आधारित छ । काव्यको वर्ण्य वस्तु पनि नायक थापा नै भएको हुँदा प्रस्तुत खण्डकाव्य नायकको नाममा आधारित हुनु उपयुक्त देखिन्छ । प्रस्तुत खण्डकाव्यको शीर्षक अभिधेय तहमा नै वोध्य छ भने लक्षार्थ र व्यङ्ग्यार्थ तहमा नायक भीमसेन थापाका राष्ट्रप्रेम, सुधारात्मक पक्षहरू, तत्कालीन राज्यव्यवस्थाका षडयन्त्र, हत्याहिंसा आदि पक्ष पनि यस शीर्षकबाट प्रकट भएका छन् । कवि सिद्धिचरण श्रेष्ठले इतिहासपुरुष भीमसेन थापालाई नै प्रमुख आलम्बन बनाएर नायकको नाममा नै काव्यको नामकरण गर्नुले उनको भीमसेन थापाप्रति श्रद्धाभाव पनि व्यञ्जित भएको छ । नायकको नामबाट काव्यको नामकरण गर्नाले प्रस्तुत खण्डकाव्य नायकप्रधान भएको कुरा पनि व्यञ्जित हुन पुगेको छ । काव्यको आदिदेखि अन्त्यसम्म नै इतिहासमा चर्चित हुनपुगेका भीमसेन थापाका कृत्यहरूको स्मरण गर्दै नायक थापाले सेरिएर आत्महत्या गर्दाको कष्टपूर्ण, विभत्स र करुण अवस्थालाई यहाँ चित्रण गरिएको हुँदा काव्यको समग्र कथ्यको केन्द्र नै भीमसेन थापा हुनपुगेका छन् । शीर्षकले काव्यको अन्तरङ्ग पक्षलाई अभिधेय तहबाट नै बोध गराएको हुँदा प्रस्तुत खण्डकाव्यको शीर्षक सरल र बोधगम्य रहेको छ ।

### ४.३ विषयवस्तुगत स्रोत

**भीमसेन थापा** खण्डकाव्य ऐतिहासिक विषयवस्तुमा आधारित छ । इतिहासमा चर्चित व्यक्ति भीमसेन थापाको आत्महत्याको एउटा विशिष्ट क्षणलाई नै यहाँ कथावस्तुका रूपमा प्रस्तुत गरिएको छ । इतिहासका अनुसार भीमसेन थापा रणबहादुर शाहको पालामा काजी भएका र राजा रणबहादुर शाहको हत्यापछि मुख्तियार भएको पाइन्छ ( के.सी., २०४८ : १३३) । काव्यमा भीमसेन थापाका जीवनसम्बन्धी घटनाहरू स्वयं पात्रका एकालापका माध्यमबाट व्यक्त गरिएका छन् । जेलबाट विष्णुमतीको किनारमा फ्याँकिएका भीमसेन थापा आफैले गरेका क्रियाकलापहरू आफैँ व्यक्त गर्दछन् । यहाँ काव्यका नायक भीमसेन थापाले आफूले गरेका क्रियाकलापहरू श्रृङ्खलित घटनाक्रममा व्यक्त नगरेर विश्रृङ्खलित आत्मालापका रूपमा व्यक्त गरेका छन् । कवि श्रेष्ठद्वारा इतिहासको वस्तुसत्यलाई यथार्थरूपमा यहाँ प्रस्तुत गरिएको छ । सुरुमा कवि स्वयं म पात्र भएर शून्य, स्तब्ध र कहालीलाग्दो वातावरणको चित्रण गर्दछन् भने पाँचौँ खण्डबाट नायक भीमसेन थापाको आत्मकथन प्रारम्भ हुन्छ । नायकका मुखबाट इतिहासको यथार्थतालाई काव्यमा प्रस्तुत गरिएको छ । भीमसेन थापाको मुख्तियारी पद वि.सं. १८९४ मा खोसिएपछि उनी बन्दी बनाइएको प्रसङ्गबाट नै नायकको आत्मालाप सुरु हुन्छ । यसलाई कविले यसरी प्रस्तुत गरेका छन् -

> यो हो लौ कुन ठाउँ ए ! किन यहाँ आईरहेको छु म
> अड्केको किन प्राण आज यसरी ? बेहाल यो जान्दछु
> छैनन् मानिस भन्नु कोही पनि यहाँ कस्तो हरे दुर्दशा !
> यो हो लौ कुन कालको कुदिन हो, या हो कि कालो निशा ?
> (भी.था., ५/१ )

भीमसेन थापालाई बन्दी बनाइएपछि उनकी श्रीमतीलाई नाङ्गो पारेर फौजीबीचमा छोड्ने र घुमाउने प्रसङ्ग इतिहासमा पाइन्छ भने कवि श्रेष्ठले त्यसलाई यथातथ्य नै उल्लेख गरेका छन् । "नङग्याईकन फौजबीच बीचरा लाने घिसारी अरे" भन्ने उल्लेख गरेर कविले ऐतिहासिकतालाई प्रस्तुत गरेका छन् । त्यसरी नै इतिहासमा भीमसेन थापालाई लागेका दोषहरू, रणबहादुर शाहको हत्या, राजकुमारको हत्याजस्ता पक्षलाई निर्क्योल नगरी आरोपित दोषका रूपमा नै प्रस्तुत गरिएको छ । तत्कालीन थापा खलक र पाँडे खलकबीच भएको द्वन्द्व र त्यसबाट जन्मिएको हत्याकाण्डलाई यथार्थ रूपमा स्वीकार्दै नायक थापाका मुखबाट नै प्रस्तुत गरिएको छ, जस्तै :

> भन्छन् साम र दाम, भेदहरू नै साम्राज्यको शासन
> हत्या-काण्ड अनेकको जड भए गद्दीमहाँ शासन
> तर्के लोचन लाल-लाल कसरी क्रोधान्ध दामोदर
> सल्काइ दिन खोज्दछन् मनमनै पारे खरानी सब ।
> (भी.था., १२/३८) ।

ऐतिहासिक रूपमा भीमसेन थापाले गरेका हत्याकाण्डलाई पनि यथार्थरूपमा नै प्रस्तुत गरिएको छ र राज्यशासनका निम्ति हत्याहिंसा आवश्यक पर्ने रहेछ भन्ने कुरा नायकका मुखबाट व्यक्त गरिएको छ । काव्यका अनुसार भीमसेन थापाका पालामा अनेकौं

मानिसहरू मारिएका र तिनको दोष नायक स्वयंको भएको कुरालाई पनि यथार्थरूपमा नै व्यक्त गरिएको छ । आफैले नेपाल राज्य निर्माण र यसको सुशासन एवं अखण्डताका निम्ति गरेका अनेक कार्यहरूको उल्लेख गर्दे तत्कालीन अङ्ग्रेज साम्राज्यको विरुद्धमा आफू लडेको र नेपालको हितका निम्ति नै सुगौली सन्धि गरेको उल्लेख गरिएको छ, जस्तै :

उर्लेका भल झैं फिरङ्गीहरूले ढाक्तै थिए एसिया
मान्छेका अधिकारका हननको फैलाउँदै दुष्क्रिया
आफ्नो शक्ति तथा परिस्थितिहरू हेरी विचारीकन
मैले राय दिएँ सबैसँग बुझी सन्धी सुगौली हुन ।
(भी .था., १२/४१) ।

यसरी कवि सिद्धिचरण श्रेष्ठद्वारा इतिहासका यथार्थ पक्षहरूलाई प्रस्तुत गरिएको छ । भीमसेन थापाको नेपाल निर्माण र यसको शासन व्यवस्थामा भएको योगदानलाई उल्लेख गर्दै उनका कमी कमजोरी समेतलाई यस काव्यमा प्रस्तुत गरिएको छ । इतिहासका एक उज्ज्वल वीर देशका लागि लड्दालड्दै अन्त्यमा आफैँ आत्महत्या गरी मृत्युवरण गर्न पुगेको प्रसङ्ग नै यस काव्यको मुख्य विषयवस्तु हो । यसमा ऐतिहासिक तथ्यलाई नबङ्ग्याइकन नै प्रस्तुत गरिएको छ । इतिहासमा देखिने भीमसेन थापाका सकारात्मक र नकारात्मक दुवै पक्ष चित्रण गर्दै नकारात्मक पक्ष राज्य सञ्चालन गर्दा भएका विवशता र वाध्यताका रूपमा लिइएको छ । कतिपय नकारात्मक पक्षलाई नायकका मुखबाट भुलका रूपमा स्वीकार्दै त्यसप्रति क्षमायाचना पनि गरिएको छ  साथै आफैले राज्यसञ्चालन गर्दा गरेका कुरालाई समर्थन पनि गरिएको छ, जस्तो :

हत्याकाण्ड चुकूल ठोक्न नसकी हेरेर वेलाबखत्
गुड्नै मुश्किल हुन्छ राज्य रथ यो पल्टन्छ सारा तखत्
यो जानीकन राजनीति गरियो मारेँ मराएँ पनि
यो नै दोष भए त दोषमय भो सम्पूर्ण यो जीवनी ।
(भी.था., १२/४२) ।

यस पद्यमा राज्य सञ्चालनका तत्कालीन हत्याहिंसा र विवशतालाई यथार्थपरक रूपमा देखाइएको छ । यस काव्यमा इतिहासका अनेक घटनाहरू समेटिए पनि ती सबै भीमसेन थापाको आत्महत्या गर्ने आवेगमय क्षणलाई उद्दीप्त गर्न प्रस्तुत गरिएका छन् । यी सबै घटनाहरूका माध्यमबाट इतिहासको यथार्थपरक प्रस्तुति गर्दै नायक थापाको अन्त्यलाई कारुणिक बनाउनु नै हो । यहाँ इतिहासको यथार्थ प्रस्तुत गर्नु कविको अभीष्ट होइन । ती तथ्यहरूबाट नायक भीमसेन थापाको मनोवेगलाई प्रभावकारी बनाएर काव्यवस्तु वा विषयवस्तुलाई प्रभावकारी बनाउनु रहेको छ । यसरी प्रस्तुत खण्डकाव्यको विषयवस्तु नेपालको इतिहासमा चर्चित घटनालाई आधार मानेर चयन गरिएको छ ।

## ४.४ कथावस्तु

**भीमसेन थापा** खण्डकाव्य ख्यातवृत्तमा आधारित छ । कविको मौलिक कल्पना नभएकाले इतिहासको सत्यतथ्यलाई नै यहाँ कथावस्तुको रूपमा प्रस्तुत गरिएको छ । यस खण्डकाव्यको कथावस्तु झिनो रूपमा निर्माण गरिएको छ । कुनै श्रृङ्खलित घटनाक्रम र पात्रहरूको क्रियाकलाप यहाँ छैन । केवल यहाँ पात्रका एकालापका माध्यमबाट इतिहासमा घटेका घटनाहरू र पात्रका क्रियाकलापहरूको सङ्केत र वर्णन गरिएको छ । खण्ड एकदेखि चारसम्म कवि स्वयं म पात्रका रूपमा उभिएर वातावरणको शून्यता, स्तब्धता, नैराश्य एवं नायकको आत्महत्याको भीषणतालाई प्रस्तुत गरिएको छ । भीमसेन थापाको आत्महत्याले जनमानसमा फैलाएको कौतुहल, नैराश्य, ग्लानि र एक किसिमको सनसनीलाई देखाइएको छ, जस्तो :

> ली कानेखुस मार्ग जत्ति फिँजियो कालो समाचार यो
> मान्छे होशविहीन तुल्य हुन गै केवल सुनी नै रह्यो
> यो कानेखुस साँप देशभर नै घुम्दै छ पोख्तै विष
> कस्तो सन्सन यो प्रभाव जसको मान्छे हुने निश्चल ।
> (भी.था., २/३) ।

तत्कालीन जनमानसमा भीमसेन थापा निर्दोष भएको कुरा व्याप्त छ । भीमसेनको मृत्युले जनमानसमा भूकम्प ल्याएको र मानिसका आस्था, शक्ति र भक्ति ढलेको सजीव चित्रण यहाँ प्रस्तुत गरिएको छ । भीमसेन थापाका प्रशासनिक गल्ती-कमजोरी भए पनि तत्कालीन जनमानसमा उनी निर्दोष भएको र उनीप्रति पर्याप्त मात्रामा आस्था र सहानुभूति भएको काव्यमा उल्लेख गरिएको छ । सम्पूर्ण जनताको आस्थाको केन्द्र भएका भीमसेन थापाले नेपालको मान बढाएको, शान बढाएको, नेपालको कीर्ति उज्ज्वल गरेर गौरव बढाएको कुरा यहाँ वर्णन गरिएको छ, जस्तो :

> कैल्यै घट्न दिएन मान उसले यो देशको उज्ज्वल
> कैल्यै घट्न दिएन शान उसले यो देशको निर्मल
> कैल्यै लाग्न दिएन दाग उसले नेपालको भालमा
> कैल्यै मेट्न दिएन कत्ति उसले सीमा कुनै कालमा ।
> (भी.था., ३/१४) ।

यसरी कविले खण्ड १ देखि ४ सम्म कवि प्रौढोक्तिको माध्यमद्वारा भीमसेन थापाका क्रियाकलाप, राष्ट्रप्रेम, उनका सङ्कट, पीडा-व्यथा र छटपटीलाई वर्णन गरेका छन् । पाँचौं खण्डदेखि भीमसेन थापा स्वयं पात्रका रूपमा आफ्ना पूर्वक्रियाकलाप, देश र जनताप्रति गरेका सत्कार्य, आफैँमा लागेका आरोप, राज्यसञ्चालन गर्दा गरिएका हत्या-हिंसा र कतिपय त्रुटिहरूसमेत प्रस्तुत गर्दछन् । यी घटनाहरूमा रणबहादुर शाहसँगको सहचार्यमा गरिएका कामहरू र त्यसपछि ललितत्रिपुरा सुन्दरीको नायवी कालमा भएका सुधारात्मक कार्यहरू, रणबहादुर शाहको हत्या, राजकुमारको हत्या, अन्य अनेक व्यक्तिहरूको हत्या, सुगौली सन्धि आदि घटनाहरू नायकका पूर्वस्मृतिका माध्यमबाट व्यक्त गरिएका छन् । आफ्ना

पूर्वक्रियाकलापको स्मरणले नायकमा द्वन्द्व सिर्जना गरेको छ र त्यसैले उनी बढी नियतिवादी, भावुक र अदृश्य शक्तिमा विश्वास गर्दछन् । कवि श्रेष्ठद्वारा नायकका व्यथा व्यक्त गर्ने क्रममा घटनाक्रमभन्दा पनि बढ्ता छटपटी र व्याकुलतालाई नै कथावस्तुका रूपमा प्रस्तुत गरिएको छ । त्यसैले नायक आफ्ना क्रियाकलाप, तत्कालीन राष्ट्रिय-अन्तर्राष्ट्रिय परिस्थिति, भाइ-भारदारहरूको षड्यन्त्र, हत्याहिंसाजस्ता वस्तुगत सत्यतथ्य वर्णन गर्दागर्दै संसारको अनिश्चितता, क्षणभङ्गूरता, भौतिक र अध्यात्मिक वस्तुको शरणमा पुग्दछन्, जस्तो :

द्रष्टा मात्र रहूँ म ता समयको भोक्ता हुँदै होइन
पीडा-सङ्कटबाट भिन्न म छु है ! मेरो हुँदै होइन ।
(भी.था., १३/२५) ।

यस पद्यांशमा नायक दुःख र सुखबाट निर्मोही भएर आत्मिक तुष्टिमा पुगेको देखाइएको छ । यस किसिमको सुखदुःखातीत अवस्थासम्म पुग्ने नायकको अवस्था तत्कालीन परिस्थितिजन्य पीडाको अभिव्यक्तिका रूपमा देखिएको छ ।

यसरी भीमसेन थापा खण्डकाव्यमा ऐतिहासिक घटनाको विशेष क्षणलाई कथावस्तुका रूपमा लिइएको र घटनाका माध्यमबाट भन्दा पनि नायकका आत्मगत पीडाको एकोहोरो अभिव्यक्तिका माध्यमबाट ऐतिहासिक पुरुष भीमसेनसेन थापाको दारुण मृत्युलाई देखाउने उद्देश्य रहेको हुँदा यहाँ कुनै परिपुष्ट कथावस्तु पाइँदैन । नायकद्वारा गरिएका पूर्वकार्यहरू जुन ऐतिहासिक रूपमा चर्चित छन्, ती स्मृतिविम्बका रूपमा प्रस्तुत गरिएका छन् । त्यसैले यस काव्यमा घटनाहरूलाई पुष्ट कथानकको बुनोटमा प्रस्तुत नगरिएको हुँदा कथावस्तुको आदि, मध्य र अन्त्यको ढाँचा यहाँ देखिँदैन । यस अर्थमा प्रस्तुत काव्य घटना प्रधान नभएर चरित्रप्रधान, आख्यानात्मकभन्दा पनि विचारात्मक बन्न पुगेको छ, जस्तो :

राजा, देश शरीरको मुटु बने मानेर सर्वोपरी
राजाकै बल, शक्ति बढ्न दिनमा भिक्थैं सबै चातुरी ।
(भी.था., ७/१४)

## ४.५ पात्रविधान

खण्डकाव्यको प्रवन्धनमा पात्रविधान पनि महत्त्वपूर्ण मानिन्छ । **भीमसेन थापा** खण्डकाव्यमा मुख्य पात्रका रूपमा भीमसेन थापा नै रहेका छन् । नेपालको इतिहासमा चर्चित रहेका भीमसेन थापालाई यस काव्यमा प्रस्तुत गर्दै उनको ऐतिहासिक योगदान, तत्कालीन समयमा उनको प्रभाव, उनले सम्पादन गरेका राष्ट्रभक्तिपूर्ण क्रियाकलाप, उनको कुटनैतिक व्यक्तित्व, दूरदृष्टि, साम्रज्यविरोधी विचार एवं अभियान आदि अनेक सकारात्मक एवं उनले राज्यसञ्चालनका सन्दर्भमा गरेका गल्ती कमजोरी, हत्याहिंसा, षड्यन्त्र एवं निरङ्कुश शैलीसमेतलाई व्यक्त हुने गरी उनको चरित्र यहाँ स्थापित गरिएको छ । शुरुका पाँच खण्डहरूमा कविकथनका रूपमा भीमसेन थापाका चरित्रलाई प्रस्तुत गरिएको छ । तत्कालीन

समाजमा भीमसेन थापाप्रति सर्वसाधारणको महान् आस्था रहेको कुरा यहाँ देखाइएको छ, जस्तो :

> उल्टो सृष्टि चल्यो र भग्न दिलमा निर्घात भूकम्प भो
> आस्था, शक्ति र भक्ति, मुक्तिहरूको विश्वास नै हल्लियो ।
> (भी.था., २/४)

भीमसेन थापा तत्कालीन जनमानसमा निर्दोष भएको कुरा दृढतासाथ यहाँ देखाइएको छ । जनमानसमा निर्दोष व्यक्ति भए पनि वि.सं. १८९४ मा उनी राज्य सञ्चालनको मुख्तियार (प्रधानमन्त्री) बाट हटाइएपछि अनेक लाञ्छना लगाएर बन्दी बनाइएको पाइन्छन् । उनका बारेमा लगाइएको लाञ्छनाका सम्बन्धमा बाबुराम आचार्यले उल्लेख गरेका छन्, उनका अनुसार–

> भीमसेन थापालाई कुनै अपराधमा फसाई यिनको राजनैतिक पतन गराउनको निमित्त उपयुक्त बहानाको खोजी हुँदै थियो । यसै अवस्थामा महारानी साम्रज्यलक्ष्मीका छ महिनाका बालक छोरा राजकुमार देवेन्द्र विक्रम शाह (कान्छा साहेवज्यू) को अप्रत्याशित रूपमा निधन भयो (वि.सं. १८९४ श्रावण ११ गते तदनुसार २४ जुलाई इ.सं. १८३७) . . . . तर महारानी साम्रज्यलक्ष्मीले पहिले– "भाङका साथ धतुरो मिसिएर विष बनेको औषधी खुवाइयो" भन्ने आरोप र भोलिपल्ट "विष नै मिसिएको औषधी खुवाइएको रहेछ" भन्ने आरोप लगाई भाजुमान वैद्यलाई पक्राउ गराइन् । पछि "भीमसेन थापाले राजवैद्य सरदार एकदेव उपाध्यायलाई र एकदेव उपाध्यायले भाजुमान वैद्यलाई लगाई विष खुवाएर मेरो छोराको हत्या गराएका हुन्" भन्ने आरोप पनि यिनले खडा गरिन् (आचार्य, २०६१ : ६६) ।

आचार्यको यस कथनबाट भीमसेन थापालाई महत्त्वपूर्ण आरोप लगाइएको देखिन्छ । यद्यपि श्रेष्ठले घटनाको सूक्ष्म छानविनभन्दा पनि नायकको चरित्रलाई तत्कालीन जनसमाजले निर्दोष मानेको कुरा यहाँ उल्लेख गरेका छन् । इतिहासमा भएका नायकका गल्ती-कमजोरीलाई प्रशासनसँग गाँसेर एवं सामान्य मानवीय त्रुटिका रूपमा देखाइ भीमसेन थापा निर्दोष नायक भएको कुरा यहाँ प्रस्तुत गरिएको छ, जस्तो :

> दोषी भन्दछ भीमसेनकन को ? सक्तैन यस्तो हुन
> ढुङ्गामा बरु पद्म फुल्दछ भने विश्वास गर्नेछु म
> मर्ने बालकलाई भीम कहिले षड्यन्त्रकारी हुन
> सक्तैनन् भनि देशका सबजना सक्छन् सही लाउँन ।
> (भी.था., २/६ )

यसबाट प्रस्तुत काव्यका नायक निर्दोष भएको कुरा स्पष्ट हुन्छ । काव्यीय मान्यताअनुसार धीर, कुलीन, वीर र क्षत्रियोचित गुणले सम्पन्न नायक हुनुपर्ने धारणाअनुसार नै प्रस्तुत खण्डकाव्यमा नायकको चयन गरिएको छ । भीमसेन थापा क्षत्रीय, वीर र जनमानसमा प्रिय पात्रका रूपमा देखिन्छन् । यद्यपि उनका कमी-कमजोरीहरू पनि छन् तर ती राज्यका निम्ति गरिएका दोषहरू हुन् र ती समयानुसार गुण नै मानिएका छन् । विदेशी साम्रज्यवादी शक्तिबाट आफ्नो देश बचाउन र स्वदेशी भाइभारदारहरूको स्वार्थी, छलकपटपूर्ण र राज्यलाई अस्थिर बनाउने षड्यन्त्रप्रति नायक भीमसेन थापा कठोर देखिएका

छन् । आफैँले गरेका सम्पूर्ण क्रियाकलापहरू स्मृतिका रूपमा प्रस्तुत गर्दै आफ्ना पूर्वक्रियाकलापका माध्यमबाट नायकको चरित्रलाई यहाँ प्रस्तुत गरिएको छ । नायकको आत्महत्याको प्रयासद्वारा भएको अर्ध मृतावस्थाको विभत्स रूप, नायकका आलापपूर्ण महान् चरित्र र त्यसको अवमूल्यनबाट जन्मिएको वियोगोन्मुख अवस्थाको करुण रूप र नायक यस संसारको सुख, दुःख, आदिबाट वैराग्य भएर शान्त अवस्थामा पुगेको शान्त स्वरूप तीन किसिमको नायकको मनोदशालाई यहाँ प्रस्तुत गरिएको छ । नायक आफ्ना पूर्वक्रियाकलापको स्मरण गर्दै त्यो सब गर्ने गराउने शक्ति ईश्वरीय भएको धारणा प्रस्तुत गर्द अगम्य शक्तिको शरणमा पुग्दछन्, जस्तो :

गर्ने फेरि गराउने सब उही मार्ने र मर्ने पनि
लीला गर्छ समस्त ईश्वर बनी आफैँ ऋणी औ धनी ।
(भी.था., १३/१३) ।

नायकको यस कथनबाट उनी वैराग्यप्राप्तिको क्षणमा पुगेको देखिन्छ । आफैँले गरेका सुकृति र कुकृत्य दुवैको श्रेय अदृश्य शक्तिमा सुम्पिएर उनी पाप र पुण्य दुवैबाट पर उठेका छन् । गीता दर्शनको गम्भीर प्रभावले भीमसेन थापालाई स्पर्श गरेको छ । महाभारतको युद्धलाई कृष्णको लीला सम्भिmने गीता दर्शनअनुसार यो भौतिक शरीर आत्माको क्षणिक आवरणमात्र हो जसरी मानिस पुराना लुगा फ्याँकेर नयाँ लुगा फेर्दछ त्यसरी नै आत्माले शरीर फेर्दछ भन्ने गीताको कथनलाई नायक यसरी व्यक्त गर्दछन् :

ऐया दुख्छ कटक्क लौन नि ! मरेँ, फेरिन्न थोत्रा लुगा
यस्तो पिञ्जर भित्र बस्नु कसरी फुत्कन्न पापी सुगा ।
(भी.था., १२/२५ ) ।

यसरी खण्डकाव्यकार सिद्धिचरण श्रेष्ठद्वारा भीमसेन थापा खण्डकाव्यमा काव्यका नायक थापालाई ऐतिहासिक वीर पुरुषका रूपमा स्थापित गर्दै उनका आत्मकथनका माध्यमबाट नायकका चारित्रिक विशेषता प्रस्तुत गरिएको छ :

भीमसेन थापा धीरोदात्त पात्र हुन् । उनको समग्र जीवन राष्ट्रनिर्माण र कुशल प्रशासकका रूपमा धीरतापूर्वक बितेको तर जीवनको अन्त्यचाहिँ अधीर अवस्थामा पुगेको देखिन्छ । मृत्युको क्षणमा उनी आत्मपीडाले व्यथित भएर छट्पटिए पनि उनमा आफ्ना पूर्वकर्मप्रति पूर्ण विश्वास छ, कुनै ग्लानी छैन । विश्वनाथले भनेजस्तो आत्मप्रशंसा नगर्ने, क्षमाशील, अत्यन्त गम्भीर स्वभाव भएको, महासवगुणी, सुख-दुःखमा समान भाव राख्ने, स्थिर स्वभाव भएको, स्वाभिमानी प्रकृतिजस्ता गुणले युक्त नायक धीरोदात्त नायक हो ( विश्वनाथ, इ. १९७९ : १३९) । यद्यपि भीमसेन थापामा यी सम्पूर्ण गुण पूर्णरूपमा नभए पनि कवि श्रेष्ठद्वारा नायकका अवगुणलाई राज्य सञ्चालन गर्दा आउने त्रुटिका रूपमा लिएर धीरोदात्त गुणले सम्पन्न रूपमा चित्रण गरिएको छ ।

भीमसेन थापा ऐतिहासिक वीरपुरुषका रूपमा चित्रित छन् । आफ्नो देशको स्वतन्त्रता, अखण्डता, सार्वभौमसत्ता र राष्ट्रको गरिमालाई अक्षुण्ण राख्ने कार्यमा उनको महत्त्वपूर्ण भूमिका रहेको छ । देशप्रति उनको चिन्तालाई यसरी देखाइएको छ :

यो नेपाल डुबे समस्त जनको बेइज्जती हुन्न र ?<br>
यो नेपाल उठे समस्त जनको सम्मान के हुन्न र ?<br>
सोची नित्य यही कुरा मनमहाँ मेरो बित्यो जीवन<br>
कैल्यै बाँचिनँ सत्य ! एक पल नै नेपाल बाहेक म ।<br>
(भी.था., ६/१६) ।

यस पंक्तिले नायक भीमसेन थापा देश र जनप्रेमी ऐतिहासिक वीर पुरुष भएको कुरा स्पष्ट गर्दछ ।

भीमसेन थापा देशभक्त मात्र नभई राजभक्त पनि भएको कुरा खण्डकाव्यले दर्शाएको छ । आफ्नो अन्त्य अवस्थामा पनि उनमा देश र राजाप्रति अनन्य श्रद्धा भएको देखिन्छ । उनका अनुसार देश शरीर हो भने राजा त्यसको मुटु हो, जस्तो :

राजा, देश शरीरको मुटु बने माने सर्वोपरि<br>
राजाकै बल, शक्ति बढ्न दिनमा भिक्थेँ सबै चातुरी ।<br>
(भी.था. ७/१४) ।

यसरी थापा राजाप्रति बफादार बनेर राजभक्तका रूपमा रहेको कुरा खण्डकाव्यमा देखाइएको छ ।

यस खण्डकाव्यमा भीमसेन थापालाई एक समाजसुधारक व्यक्तिका रूपमा प्रस्तुत गरिएको छ । थापाले देशको आन्तरिक संगठनलाई सुसङ्गठित गर्नुका साथै प्रशासन, न्याय व्यवस्था एवं व्यापार-व्यवसायमा सुधार गरेको प्रसङ्ग छ । आफ्नो पालामा राष्ट्र निर्माणमा लाग्नुपर्ने र समाजका विविध पक्षको सुधारलाई सक्रियतासाथ लागू गर्ने व्यक्तिका रूपमा थापाको चित्रण पाइन्छ ।

काव्यमा भीमसेन थापा आदर्शवादी सत्पात्रका रूपमा देखिएका छन् । नेपालको प्रशासन, सैन्य, अर्थव्यवस्था, न्याय आदि अनेक पक्षलाई राम्रो बनाउने महान् व्यक्तिका रूपमा चित्रण गर्दै आफ्नी पत्नीलाई नाङ्गै घुमाउने हल्लाले आहत बनेका र आत्महत्या गर्न पुगेका व्यक्तिका रूपमा उनको चित्रण पाइन्छ । उनका निम्ति बरु जीवन त्याग्न त्यति ठूलो कुरो होइन जति सामाजिक नैतिक अपमान सहन गाह्रो छ । त्यसैले आफ्ना कर्मठ व्यक्तित्वबाट देशको सर्वाङ्गीण विकास गर्दै तत्कालीन राज्यसंयन्त्रका षड्यन्त्रले गर्दा आफ्नो आदर्श र नैतिकता जोगाउनका निम्ति उनी आत्महत्या गर्न पुग्दछन् र मृत्युवरण गर्न पुग्दछन् । यिनै गुणहरूले युक्त पात्रका रूपमा भीमसेन थापालाई लिन सकिन्छ ।

नायकको चरित्रमा स्वयं कविका दीर्घ अनुभवहरू व्यक्त भएका पाइन्छन् । नायकलाई राष्ट्र निर्माणको कठोर कार्यदेखि लिएर अन्त्यमा त्याग, समर्पण, निस्पृहताजस्ता

वैराग्यपूर्ण भावमा पुऱ्याउने कार्य कविकै प्रौढ मानसिकताकै कारण हो । भीमसेन थापा बाहेक कवि स्वयं 'म' पात्रका रूपमा प्रस्तुत भएर कतै काव्य प्रस्तुत गर्दछन् । यहाँ कवि म पात्र नायकप्रति सहानुभूतिशील देखिन्छन् भने घटनाको प्रत्यक्षदर्शी झैँ सर्वज्ञ भएर प्रस्तुत हुन्छन् । यसरी नै नेपथ्य पात्रका रूपमा रणबहादुर शाह, रानीहरू, दामोदर पाँडे, अन्य पाँडेहरू एकदेव वैद्य र भाजुमान र अन्य मारिने पात्रहरूको सङ्केत गरिएको छ । यहाँ कुनै पात्र पनि मञ्चीय भएर, सहायक वा गौण भूमिकामा प्रस्तुत छैनन् केवल नायकको स्मृतिमा आएका पात्रहरू छन् र ती नायकका पक्षधर एवं प्रतिकूल दुई प्रकारका देखिन्छन् । यहाँ मुख्य पात्र भीमसेन थापा नै हुन् र अन्य पात्रको नाम उल्लेखद्वारा नायक थापाको विशेषता नै उद्घाटन गर्न खोजिएको छ ।

## ४.६ परिवेशयोजना

**भीमसेन थापा** खण्डकाव्यमा स्थानगत, कालगत एवं मनोगत तीनै किसिमका परिवेश चित्रित छन् । स्थानगत परिवेशमा तत्कालीन कान्तिपुर रहेको छ । काव्यको प्रारम्भ नै कान्तिपुरको सुस्ताउँदो, उदासीन, विकल र उकुसमुकुस वातावरणबाट भएको छ । यस प्रकारको उदासीन र नैराश्यपूर्ण परिवेशको चित्रणद्वारा काव्यमा घटित हुने सम्भावित दुःख, व्यथा र वियोगान्ततालाई देखाइएको छ । कवि समग्र कान्तिपुर रोइरहेको चित्र प्रस्तुत गर्दै काव्यलाई करुण बनाउने सङ्केत गर्दछन्, जस्तो :

> सुन्धारा पनि आज लौ विकल भै रोईरहेको छ कि !
> पानी होइन आँसुको भल यहाँ झारीरहेको छ कि !
> (भी.था., १/३) ।

कान्तिपुरका विशेष स्थानहरूमा सुन्धारा विष्णुमती नदीको तटलाई सङ्केतद्वारा कविले एकातिर ऐतिहासिक तथ्यलाई प्रस्तुत गर्न खोजिएको छ भने अर्कोतिर भावपरिपुष्टिका निम्ति स्थानगत चित्रणलाई माध्यम बनाउन खोजिएको छ । त्यसैले काव्यको पहिलो खण्ड पूरै कान्तिपुरको नैराश्यलाई देखाउन प्रयोग गरिएको छ । मानिसहरू जम्काभेट भएको, सबैमा व्यथा देखिएको, सबै कानखुशी गरेर भीमसेनको चर्चा गरेको जस्ता परिवेशीय पक्ष यहाँ चित्रण गरिएको छ । कालगत रूपमा कुनै मितिविशेषको उल्लेख नगरेपनि भीमसेन थापाको मृत्युको परिवेशले इतिहासको विशेष समयलाई सङ्केत गर्दछ । मितिको उल्लेख नगरे पनि एकादशी तिथिको उल्लेख गरिएको छ । श्रावण महिना, एकादशी तिथिजस्ता कालवोधक परिवेशको उल्लेख गरे पनि यहाँ यही साल भनेर तोकिएको छैन । विशेष गरेर स्थान र कालको वाह्य परिवेशीय चित्रणभन्दा नायक भीमसेन थापाको मनोजगत्को परिवेशलाई यहाँ प्रस्तुत गरिएको छ । आफ्नै मनोजगत्को हलचल, पीडा, छटपटी, आत्मसन्तोष आदि विपरितधर्मी सञ्चारी भाव यहाँ प्रकट भएको छ, जस्तो :

> ठान्थिस् भीम तँ बुद्धिमान युगको कल्ले गिरायो तल ?

तेरो बुद्धि र जोश, होश नपुगी भोगिस् नराम्रो फल ।
(भी.था., ५/३) ।

नायक आफैँसँग गफ गर्दै आफ्ना वेदनाहरू प्रकट गर्दछन् र आफ्नो विगत र वर्तमानबीचको भिन्नतालाई बोध गर्दै मृत्यु बोधको चरम सीमासम्म पुग्दछन् । मानसिक पीडाका कारण आफूले मृत्युवरण गर्न चाहेको तर छट्पटिनु परेको व्यथा यहाँ व्यक्त गरिएको छ । जस्तो :

बिन्तीभाउ गरेँ, परेँ चरणमा आएन कालै पनि
यो बिन्ती किन हो सुनेन उसले गर्दा निहोरा पनि ।
(भी.था., ५/४) ।

यसले एकातिर नायकको चरम पीडालाई सङ्केत गरेको छ र उनको मानसिक अवस्थालाई देखाएको छ भने अर्कातिर उनी निर्वेद अवस्थाको अनुभव पनि गर्न पुग्दछन्, जस्तो:

चोला यो नरको छ साधन फगत् यात्रा पुरा गर्नको
राम्रो साधनको प्रयोग नगरे पुग्दैन वैकुण्ठ त्यो ।
(भी.था. १२/३५) ।

यसरी यस खण्डकाव्यमा ऐतिहासिक समय र कान्तिपुरको स्थानगत परिवेशको प्रबन्धनसँगै नायकका मानसिक जगत्का आरोह अवरोह, आशा-निराशा, छटपटी, पीडा अनि वैराग्यजस्ता भाववोधक परिवेशलाई प्रस्तुत गरिएको छ । यी तीनै प्रकारका परिवेशले नायकको जीवनको उच्चतम प्राप्ति र अवसानलाई प्रकट गरेका छन् ।

## ४.७ सर्गयोजना

खण्डकाव्यका विश्रामसूचक विभागलाई सर्ग भनिन्छ । भीमसेन थापा खण्डकाव्यका विश्रामसूचक विभागलाई नामतः सर्गको संज्ञा दिइएको छैन । तथापि विश्रामसूचक अङ्कद्वारा खण्ड छुट्याइएको छ । प्रस्तुत काव्य जम्मा १३ खण्डमा विभाजित छ । पहिलो खण्डमा १५, दोस्रोमा १४, तेस्रोमा १६, चौथोमा १६, पाँचौंमा १८, छैटौंमा २१, सातौंमा २७, आठौंमा १५, नवौंमा १६, दशौंमा १२, एघारौंमा २८, बाह्रौंमा ४२, र तेह्रौंमा २९ वटा शार्दूलविक्रीडित छन्दका पंक्तिहरूद्वारा संरचना गरिएको प्रस्तुत काव्य मझौलो काव्यसंरचनामा संरचित छ । सर्गसमानका अङ्कका खण्डहरू आठ सर्गभन्दा बढीमा विभाजित भएर महाकाव्यीय सर्गसंरचनाको सीमामा पुगे पनि सर्गमा वितरित श्लोकसङ्ख्याको वितरण हेर्दा सर्गमा असमानता देखिन्छ । सर्गमा श्लोक वितरणमा असमानता देखिए पनि भाव प्रस्तुतिका दृष्टिले ती उपयुक्त छन् । ४२ श्लोकमा वितरित हुन पुगेको बाह्रौं खण्ड ऐतिहासिक रहस्य उद्घाटन गर्ने र नायकका महत्त्वपूर्ण क्रियाकलाप प्रस्तुत गर्ने खण्डका रूपमा रहेको छ । त्यसैले यो स्वभाविक रूपमा अन्य सर्गका सापेक्षतामा लामो छ । तत्कालीन हत्याकाण्ड, नायकप्रतिका आरोप आदिलाई यसै खण्डमा प्रस्तुत गरिएको छ । यसमा भावविधता र छन्दविधता नभएको हुँदा एउटै भावमा काव्य प्रवाहित हुनपुगेकाले सर्गान्तमा छन्दपरिवर्तन र भावी कथाको सूचना पाइँदैन ।

यसरी खण्डसूचक अङ्कद्वारा प्रस्तुत खण्डकाव्यको सर्गयोजना गरिएको छ । परिपुष्ट कथावस्तुको संयोजन नगरिएको हुँदा र हरेक सर्गमा आत्मकथनात्मक प्रस्तुति भएकाले प्रत्येक सर्गमा भिन्नता देखिँदैन ।

## ४.८ भाषाशैली

खण्डकाव्य भाषाका माध्यमबाट व्यक्त हुने कला भएको हुनाले यसको भाषिक रूप पनि महत्त्वपूर्ण पक्ष हो । बोलचालको सामान्य भाषाभन्दा काव्य भाषा भिन्न र विशिष्ट हुन्छ । मोहनराज शर्माद्वारा सामान्य र विशिष्ट भाषाको भिन्नता प्रस्तुत गर्दै काव्यभाषा सौन्दर्यात्मक, ध्वन्यात्मक, बक्र, लयात्मक, गतिहीन, न्यूनविराम चिन्हक, कसिलो र अस्पष्ट हुने बताइएको छ (शर्मा, २०५५ : १२६) । यस कथनबाट कविताको भाषाशैली सामान्य बोलचालको भन्दा पृथक् र साहित्यका अन्य विधाबाट छुट्टिने लयात्मक गुणले युक्त हुने देखिन्छ । महाकाव्यको लक्षण गर्ने सन्दर्भमा भामहद्वारा अग्राम्य शब्द हुनुपर्ने धारणा राखिएको छ ( भामह, १९८५: ३ ) । भामहको अग्राम्य शब्दले काव्यको भाषिक विशिष्टतालाई सङ्केत गरेको छ । यी काव्यको भाषाशैलीगत कथनका आधारमा सिद्धिचरण श्रेष्ठको **भीमसेन थापा** खण्डकाव्यलाई हेर्न सकिन्छ । कवि श्रेष्ठद्वारा इतिहास प्रसिद्ध विषयवस्तु छनोट गरेर शास्त्रीय छन्दमा उक्त विषयवस्तुलाई प्रस्तुत गरिएको छ । इतिहासमा घटित गम्भीर विषयवस्तुलाई प्रस्तुत गर्न त्यसै अनुरूपको भाषाशैलीलाई अपनाइएको छ । **भीमसेन थापा** खण्डकाव्यमा तत्सम, तद्भव, आगन्तुक र झर्रा नेपाली शब्दहरूको उपयोग गरिएको छ । चाञ्चल्य, लावण्य, शोकाश्रु, शैलराज, विकल, नैराश्य, क्षुब्ध, दुश्चक्र, वीभत्स, दृश्यावली, सङ्कष्ट आदि अनेक तत्सम शब्दहरूको प्रयोगले काव्यको भावलाई गम्भीर बनाएको पाइन्छ । यसरी नै हिस्सी, साबिक, इज्जत, शान, हल्चल, वित्यासजस्ता अनेक आगन्तुक शब्दहरू पनि काव्यमा प्रयोग गरिएका छन् । नेपाली शब्दभण्डारमा पाइने तत्सम, तद्भव, आगन्तुक, झर्रा आदि शब्दको उपयोग गरेर कवि श्रेष्ठद्वारा शब्दसंयोजनको कौशल यस काव्यमा देखाइएको छ । यद्यपि यी विभिन्न शब्दहरूको उपयोग सहज र स्वभाविक नै देखिन्छ । काव्यप्रस्तुतिको शैली कविप्रौढोक्ति एवं कविनिबद्ध वक्तृप्रौढोक्ति दुवै किसिमको रहेको छ । आवश्यक वर्णन, परिवेशगत चित्रण र कुनै विशेष टिप्पणी गर्दा कवि स्वयं बोल्दछन् भने मानवीय पीडा, छटपटी व्यथा आदि व्यक्त गर्न नायकलाई नै प्रस्तुत गर्दछन् । लयोत्पादक शब्द संयोजनका निम्ति अनुप्रासमय ध्वनिको उपयोग गरिएको छ । कतिपय ठाउँमा छन्द मिलाउन अजन्त शब्दलाई हलन्त बनाइएको पाइन्छ भने कतै छन्द मिलाउन शब्द बङ्ग्याइएको पनि पाइन्छ ।

## ४.१.९ लयविधान

खण्डकाव्यको भाषा सामान्य बोलचालभन्दा भिन्न र बीचलनले युक्त हुन्छ । त्यसैअनुसार यस विवेच्य काव्यको भाषा पनि विशिष्ट लयात्मक ढाँचामा लेखिएको छ । परम्परागत शास्त्रीय छन्दलाई यसमा उपयोग गरिएको छ । आदिदेखि अन्त्यसम्म एउटै छन्दमा लेखिएको यस खण्डकाव्यमा शार्दुलबिक्रीडित छन्द उपयोग गरिएको छ । म स ज स त त गण र दीर्घ अन्त्य हुने उन्नाईस वर्णहरूले बनेको छन्दलाई शार्दुलबिक्रीडित भनिन्छ (आचार्य, २०२८ : ३० ) । यस छन्दको प्रयोग शौर्यस्तव, वीर रस, रौद्ररस, विभत्स रस आदिमा उपयोग गरिन्छ भने नेपाली

काव्यपरम्परामा करुण रसमा पनि यस छन्दको उपयोग गरिएको पाइन्छ (आचार्य, २०२८ : ३०) । प्रस्तुत काव्यमा पनि नायकका पीडा, छटपटी, दुःखद मृत्युवरणजस्ता चित्र प्रस्तुत गर्न रौद्र, विभत्सजस्ता रस योजना भए पनि मुख्य रस करुण हो र यसलाई परिपाकमा पुऱ्याउनका निम्ति शार्दुलबिक्रीडित छन्द उपयोग गरिएको छ । शार्दुलबिक्रीडित छन्द उन्नाईस वर्णको हुने भए पनि कवि श्रेष्ठद्वारा धेरै ठाउँमा छन्दोभङ्ग गरिएको छ । यस क्रममा कतै मन्दाक्रान्ताको पाउ र कतै स्रग्धराका पाउ मिसिएको देखिन्छ, जस्तै :

आलो घाउ छ हेर रक्त बहने क्या वेदना खप्तछ
कैले खुल्दछ होश कहिले बेहाश भै ढल्दछ ।
(भी.था., २/१४) ।

माथिल्लो पंक्ति उन्नाईस वर्णको छ भने तल्लो पंक्ति सत्र वर्णहरूको छ ।

त्यसरी नै अर्को एक ठाउँमा :

झोक्का एक परेर किन्तु अहिले यो दुर्दशामा पऱ्यो
जाबो जीवन्त निर्धिन एक तुच्छ भुसुना जस्तै भई त्यो मऱ्यो ।
(भी .था. ३/७ ) ।

यसमा तल्लो पंक्ति स्रग्धराको ढाँचा छ र त्यो पनि वर्ण र गणविहीन बिग्रिएको अवस्थामा छ । यस्तै शार्दुलविक्रीडितमा छन्द मिश्रित भएको अर्को उदाहरण–

भो भो सक्दिनँ आज खप्न सहजै हे ! मृत्यु लैजा अब
मेरा सञ्चित पुण्य छ केही यदि भए लैजा मलाई अब ।
(भी.था., ५/१८) ।

यसमा पनि उक्त पंक्ति एक्काईस वर्णको बन्न गएको छ र छन्द भङ्ग हुन पुगेको छ । कतिपय ठाउँमा छपाइका कारण वर्ण छुटेर पनि छन्दोभङ्ग हुन पुगेको देखिन्छ, जस्तो :

गाई पनि दूधधार रगतै निस्केसरी लाग्दछ ।
(भी.था., ४/६) ।

यसमा **गाईको** बनाउँदा छन्द मिल्दछ र अर्थ पनि लाग्दछ । त्यसैले यहाँ को विभक्ति छुटेको देखिन्छ ।

यसरी शादूलबिक्रीडित छन्दको उपयोगमा कतै छपाइका कारणले, कतै कविको भाव अभिव्यक्तिको पूर्णताका निम्ति छन्दोभङ्ग हुनपुगेको देखिन्छ । कवि श्रेष्ठद्वारा सर्गान्तमा छन्दपरिवर्तन गर्ने शैली अपनाइएको देखिँदैन । एउटै छन्दोबद्ध लयप्रवाहमा लेखिएको विवेच्य खण्डकाव्य नेपाली काव्यपरम्परामा लोकप्रिय र स्थापित छन्दको उपयोग गरेर कवि श्रेष्ठद्वारा काव्यरसलाई परिपुष्ट बनाइएको छ ।

परम्परागत शास्त्रीय छन्दलाई उपयोग गर्दै अनुप्रासमय शब्द संयोजनद्वारा लयसिर्जना गर्ने कार्य पनि यहाँ भएको छ । समध्वन्यात्मक शब्दहरूको संयोजनद्वारा आद्यानुप्रास, मध्यानुप्रास, अन्त्यानुप्रासको निर्माण भएको छ र श्रुतिमधुर लय सिर्जना हुन पुगेको छ, जस्तोः

मीठो कण्ठ अजस्र गीत गठरी खोल्दै धरामा चरा ।
(भी.था., ४/२)

...तिम्रा ती प्रहरी अनेक लहरी छन् उर्लदै नेत्रमा ।
(भी.था., ४/११)

यी पंक्तिहरूमध्ये माथिल्लोमा गीत गठरी, धरा चरा आदि पदावलीमा ग वर्ण र र वर्णको आवृत्तिले लय सिर्जना गरेको छ । त्यसरी नै दोस्रो पंक्तिमा प्रहरी लहरी, तिम्रा ती जस्ता

पदहरूमा री-री, ति-ती जस्ता वर्णको आवृति भएको छ । कतिपय ठाउँमा अन्त्यानुप्रासको बे-वास्ता गरिएको छ भने कतिपय पंक्तिमा अन्त्यानुप्रास मिलाइएको छ, जस्तोः

हाम्रै हो प्रतिबिम्व भित्र मनको जे जे भयौं औ हुने
पल्टे तापनि सृष्टि नै मन दह्रो पारी रहे हुन्न क्यै ।
(भी.था., १२/२९) ।

## ४.१० विम्ब, प्रतीक र अलङ्कारविधान

### ४.१०.१ विम्ब र प्रतीक

**भीमसेन थापा** खण्डकाव्य मूलतः काव्य नायक भीमसेन थापाप्रतिको श्रद्धाभिव्यक्ति हो त्यसैले काव्यमा प्रयुक्त अधिकांश विम्ब प्रतीकहरू उनकै जीवनका कृत्यहरूलाई स्मरण गराएका छन् । उनीप्रति इतिहासमा भएका क्रूरतापूर्ण व्यवहार, निर्दयीपन, त्यसबाट तत्कालीन जनमानसमा परेका असरहरू नै विम्बका रूपमा प्रयोग भएका छन् । तत्कालीन देशका नायक भीमसेन थापालाई मृत्युको मुखमा पुऱ्याउने शासकका क्रूरतापूर्ण व्यवहारप्रति कुनै प्रतिक्रिया देखाउन नसक्ने जनताको निरीहपनलाई निम्नलिखित विम्बमार्फत देखाइएको छ, जस्तो :

बोल्दैनौ किन चूप छौ तिमीहरू हे बज्रठिङ्गाहरू
मान्छेको किन भेष ? बाँच पशु झैँ खाएर घाँसै बरु
केवल भार बढाइ पृथ्वीतलको के जन्म याहाँ लियौ ?
कस्तो घोर कलङ्कको बिउ छरी नेपाल कालो गऱ्यौ ?
(भी.था., ४/८) ।

यसमा मूक जनसमुदायहरूलाई बज्रठिङ्गा, पशुहरू, पृथ्वीको भार, कलङ्कको बीउजस्ता दृश्य विम्बहरूका माध्यमबाट तत्कालीन त्रस्त र भयावह स्थितिको चित्रण गरिएको छ । नायक थापाको स्मृतिको सहयोगबाट उनको राष्ट्रप्रेमको विम्बलाई व्यक्त गरिएको छ । स्मृतिविम्बका माध्यमबाट उनका अनेक राष्ट्रभक्तिका अभिव्यक्तिहरू प्रकट भएका छन्, जस्तो :

हुन् जङ्गी र निजामती दुईवटा पाङग्राहरू राष्ट्रका
यौटा दुर्बल हुन्छ ता मुलुक नै भत्कन्छ, बिग्रन्छ हा !
बन्दोबस्त निजामतीतिर गरी बन्देज नाना गरैं
स्रेस्तातर्फ हुने छिटो र छरितो ऐनासरी पार्दिएँ ।
(भी.था., ६/१०) ।

यस पद्यमा नायक थापाले गरेका सुधारहरूलाई नायकका स्मृति विम्बका माध्यमले देखाइएको छ । थापाको मृत्युबाट व्याकुल बनेको तत्कालीन समग्र काठमाडौँको परिवेशलाई सजीवरूपमा चित्रण गरिएको छ । पहिलो खण्डमा नै कान्तिपुरको नैराश्यपूर्ण परिवेश चित्रण गरिएको छ । यसले भीमसेन थापाको आत्महत्याबाट शोकाकूल परिवेशीय चित्रण अङ्कित हुन पुगेको छ, जस्तो :

खोई कान्ति कता छ ? कान्तिपुरको हिस्सी, छटा जग्जगी ?
लागी लाज नुहीनुही धरहरा कैं लुक्न पो खोज्छ कि !
सुन्धरा पनि आज लौ विकल भै रोईहेको छ कि !
पानी होइन आँसुको भल यहाँ झारीरहेको छ कि !
(भी.था., १/३) ।

उत्प्रेक्षाका माध्यमबाट यहाँ सुन्धारालाई मानवीकरण गर्दै रोएको विम्ब खिंचिएको छ भने समग्र कान्तिपुरलाई रोएको भावद्वारा कान्तिपुरवासी रोएको लाक्षणिक विम्ब व्यक्त गरिएको छ ।

कवि श्रेष्ठ विषयवस्तुलाई प्रभावकारी बनाउन विभिन्न व्यवहारिक प्रतीकहरूको उपयोग गर्दछन् । भावानुसारी प्रतीकका माध्यमबाट आफ्नो कथ्यलाई स्पष्ट र प्रभावी बनाउनु उनको वैशिष्ट्य देखिन्छ । यस खण्डकाव्यमा त्यस प्रकारका प्रतीकहरू उपयोग गरिएका छन्, जस्तो :

काव्य नायकलाई विष्णुमतीमा फ्याँकिएको दुःखद दृश्यलाई भुत्ल्याएको चरोको रूपमा देखाइएको छ । "भुत्ल्याएर चरो कठै ! अधमरो ल्याई नदीको तट" त्यस्तै नायकको विभत्स आत्महत्याको दृश्यलाई बलि चढाइएको राँगोका रूपमा चित्रण गर्नु "काली मन्दिर-वेदीमा बलि बनी राँगो ढलेको सरी" जस्ता प्रतीकले नायक भीमसेन थापाको विभत्स एवं त्रासद मृत्युको क्षणलाई देखाइएको छ र यी प्रतीक नेपाली समाजका व्यवहारिक धरातलबाट लिइएका छन् । यसरी परम्परागत एवं शास्त्रीय प्रकारका प्रतीकहरूलाई पनि यस काव्यमा प्रयोग गरिएको छ । शरीरलाई पिन्जराका रूपमा, आत्मालाई सुगाका रूपमा, शारीरिक अवयवलाई ईँटा, काठ, निदाल, झिटिमिटीका रूपमा उपयोग गर्नु नेपाली समाजमा शास्त्र र लोकपरम्पराबाट प्राप्त प्रतीकहरू हुन् । यसरी विभिन्न विम्ब र प्रतीकका माध्यमबाट कवि श्रेष्ठले कथ्य वा भावलाई कलात्मक एवं प्रभावकारी बनाएका छन् ।

### ४.१०.२ अलङ्कारविधान

कवि सिद्धिचरण श्रेष्ठद्वारा ऐतिहासिक वीर पुरुष भीमसेन थापाको सम्झना स्वरूप रचना गरिएको प्रस्तुत काव्यमा स्वभाविक रूपमा अलङ्कारहरू प्रयोग हुन पुगेका छन् । यहाँ शब्दालङ्कारका रूपमा अनुप्रासमय शब्दसंयोजन पाइन्छ भने अर्थालङ्कारका रूपमा उपमा, रूपक, उत्प्रेक्षा, आदि प्रयोग भएका छन् । विभिन्न अलङ्कारको प्रयोग गरिएका केही श्लोकहरू यसरी देखाउन सकिन्छ :

**उपमा अलङ्कार**

उपमान र उपमेयमा भेद हुँदा साधर्म्यको वर्णन हुन्छ भने त्यो उपमा हो (मम्मट, २०४२ : ४४३ ) । उपमा अलङ्कारमा उपमेय र उपमान दुवैलाई समान धर्मका आधारमा तुलना गरिन्छ । यस खण्डकाव्यमा नायक भीमसेन थापालाई उपमेय र जाडाको घामलाई उपमान बनाई प्रस्तुत गरिएको कवितांशमा प्रयुक्त उपमा अलङ्कार यस प्रकार छ :

जाडोको दिन घाम तुल्य उनको अस्तित्व हुन्थ्यो यहाँ
घुम्छन् लायक वीरको मुखमहाँ आपत्ति टार्ने छटा ।
(भाग १, श्लोक १४)

यसरी नै नायकको छटपटीलाई व्यक्त गर्न प्रयोग गरिएको उपमालङ्कार यस प्रकार छ, जस्तोः

माछो झैँ कति छटपटी हुन गई तातो कराई बिच
(भाग २, श्लोक १०)

यसमा नायकको वेदना उपमेय छ भने कराईको माछा उपमानका रूपमा प्रस्तुत गरिएको छ ।

**रूपक अलङ्कार**

उपमान र उपमेयको अभेद आरोपलाई रूपक अलङ्कार भनिन्छ । यस काव्यमा पनि रूपक अलङ्कारको प्रयोग गरिएको छ, जस्तै :

ऐया दुख्छ कटक्क लौन नि ! मरें, फेरिन्न थोत्रा लुगा
यस्तो पिञ्जर भित्र बस्नु कसरी फुत्कन्न पापी सुगा ।
(भाग १२, श्लोक २५)

यी पंक्तिहरूमा शरीरमा थोत्रा लुगाको, शरीरलाई नै पिञ्जराका रूपमा र आत्मालाई सुगाका रूपमा आरोपण गरिएको हुँदा यहाँ रूपक अलङ्कारको प्रयोग हुन गएको छ ।

**उत्प्रेक्षा अलङ्कार**

प्राकृतलाई अप्राकृत रूपमा सम्भावना गरिँदा उत्प्रेक्षा अलङ्कार हुन्छ (विश्वनाथ, इ. १९७९:७३९) । यस प्रकारको उत्प्रेक्षा अलङ्कार प्रस्तुत खण्डकाव्यमा अत्यधिक मात्रामा गरिएको छ, जस्तै :

श्रद्धार्थीहरू तीर्थ, तीर्थहरूमा जान्छन् बिहानै उठी
के भो किन्तु विरक्त देख्छु सब ता मानौं मलामी सरि
(भाग १, श्लोक ७)

त्यस्तै :

मानौं कष्ट अथाहको प्रकृतिले छर्केर पानी सुधा
उस्को घाउ निको बनाउन भनी तम्सीरहेकी यहाँ ।
(भाग १, श्लोक १ )

यी माथिका पंक्तिमा पहिलो तीर्थमा जाने श्रदार्थीहरूमा मलामीको उत्प्रेक्षा र दोस्रोमा आकाशबाट परेको पानीलाई कष्ट निवारण गर्न सुधा वर्षा गरेको हो कि भन्ने उत्प्रेक्षा गरिएको छ ।

## ४.११ भाव विधान

पूर्वीय काव्यशास्त्रको मान्यताअनुसार मानिसमा आदिम समयदेखि वासनात्मक रूपमा स्थायी भावहरू रहेका हुन्छन् । यिनै स्थायी भाव नै विभाव, अनुभाव र सञ्चारी भावको संयोगबाट रसावस्थामा परिणत हुन्छन् । यी मध्ये उक्त मान्यताअनुसार काव्यमा कुनै न कुनै एउटा रस परिपाक अवस्थामा रहेको हुनुपर्ने मान्यता पाइन्छ । यस्ता रसहरूमा श्रंगार, वीर, करुण, हास्य, रौद्र, विभत्स, भयानक, अद्भूत, शान्त आदि पर्दछन् । यी नवरसमध्ये कुनै एउटा रस काव्यमा अङ्गी रसका रूपमा रहेको हुन्छ । **भीमसेन थापा** खण्डकाव्यमा मुख्य रूपमा करुण रस र अन्य विभत्स, शान्तजस्ता रसहरू गौण रूपमा रहेका छन् । त्यसैले यहाँ काव्यमा प्रयुक्त रसको चर्चा गरिएको छ ।

**करुण रस**

**भीमसेन थापा** खण्डकाव्यमा काव्यनायक भीमसेन थापालाई तत्कालीन शासक एवं शासन व्यवस्थाका पक्षधरले षडयन्त्र गरेर मानसिक यातना दिई आत्महत्या गर्न विवश बनाइएको छ । आफैंले भुत्ते खुकुरीले प्रहार गरी आत्महत्याको प्रयास गरी अर्द्धमृत अवस्थामा पुगेर छट्पटिइरहेका भीमसेन थापाप्रति पाठकको अगाध प्रेमका कारण शोक भाव उत्पन्न

हुन पुग्दछ । मृत्युन्मूख नायक थापा पीडाले छट्पटाइरहेका बेला अनेक व्यथापूर्ण भावना व्यक्त गर्दछन् । देशका निम्ति आफूले सकेसम्म योगदान गरेका भीमसेन जब मृत्युका निम्ति छट्पटिँदै यहाँका हिमाल, पहाड, छहरा, नदी आदिसँग बिदा माग्दछन् । त्यो दृश्य ज्यादै मार्मिक र कारुणिक देखिन्छ, जस्तै :

हे अग्ला चुचुरा हिमालयहरू ! देओ मलाई बिदा
हे मेरा प्रिय देशका मुकुट हो ! देओ मलाई बिदा
हे भित्ता बहुमूल्य रत्न मणिका ! देऊ मलाई बिदा
मेरा स्रोत विशाल गौरव महान् ! देऊ मलाई बिदा
डाँडा, पर्वत शैल फोर्न चतुरा कल्लोल ! देऊ मलाई बिदा
पार्ने फाँट हराभरा नदनदी ! देऊ मलाई बिदा
मुक्ता हार समान उच्च छहरा ! देऊ मलाई बिदा
हे मेरा प्रिय देशका हिमनदी ! देऊ मलाई बिदा
(भी.था., ११/११-१२) ।

यी पंक्तिहरूमा नायक थापा मृत्युको पीडाले आफूले बाँचेको धर्तीका प्रत्येक वस्तुसँग बिदा माग्दछन् । यस घटनाले पाठकको मनमा शोक स्थायीभाव जागृत गर्दछ र करुण रस उत्पन्न हुन्छ । आफ्नो देश र प्रजाप्रति ममता राख्ने नायकलाई षडयन्त्रपूर्ण ढङ्गले जेलमा थुनेर मृत्युवरण गर्न विवश बनाउने परिवेश र त्यसबाट व्याकुल बनेका नायकको दुःखद मृत्युवरण त्रासद र कारुणिक बन्न पुगेको छ । नायकको वियोगजन्य पीडा नै शोक स्थायीभाव उद्वेगको कारण बनेको छ र सो शोक स्थायीभाव नै करुणवस्थामा परिणत हुनपुगेको छ । नायक यहाँ आफ्नो देशप्रतिको ममताले वशीभूत भएर हिमाल, पहाड, नदी, नाला आदिलाई सम्बोधन गर्न पुग्दछन् यो उनको यस देशप्रतिको अगाध माया हो । यही मायाले पनि पाठकमा भावोद्रेक गराउँछ र पाठक शोकमग्न हुन पुग्दछ ।

**विभत्स रस**

यस काव्यमा करुण रस प्रमुख भए पनि नायकको आत्महत्याबाट विद्रूयता सिर्जना भएको छ । आत्महत्या गर्नका निम्ति भुत्ते खुकुरीले सेरिन पुगेका नायक भीमसेन थापालाई जेलबाट निकालेर विष्णुमतीमा फ्याँकिएको दृश्य कारुणिक बन्नुका साथै विभत्स पनि बन्न पुगेको छ । चरो भुत्ल्याएर फ्याँकिए जस्तै रगतले मुछिएको दृश्य विभत्सताले भरिएको छ, जस्तै :

चिन्ता दारुणबाट मुक्त हुनको चेष्टा गरी सेरियो
के भो प्राण परन्तु छुट्न नसकी अड्की तनैमा रह्यो
आलो घाउ अझै छ भल्भल गरी निस्कीरहेको रगत्
मायाले तर छैन क्वै पुछिदिने कस्ता अँध्यारो बखत् ।
(भी.था., ३/२) ।

यहाँ नायकको आत्महत्याको प्रयासबाट उनको शरीरमा लत्पतिएको रगत र भुत्ल्याएको चरोजस्तो नग्न र विभत्स रूपबाट पाठकमा एक प्रकारको जुगुप्सा भाव जागृत हुन पुग्दछ । यद्यपि नायक भीमसेन थापाप्रतिको श्रद्धाले पूर्णरूपमा जुगुप्सा जागृत हुँदैन र विभत्स परिपाकमा पुग्दैन तथापी जुगुप्सा भाव जागृत गराउने दृश्यको चित्रण गरिएको हुँदा विभत्स रसको प्रतीति हुन पुग्दछ ।

शान्त रस

यस काव्यमा नायकले आत्महत्या गर्ने उद्योगमा सेरिन पुगेपछि उनमा अनेक भाव उत्पन्न भएका छन् । जीवन र जगत्लाई गम्भीर रूपमा बोध गर्न पुगेका नायकमा निर्वेद भाव पनि जागृत हुनपुगेको छ । जीवन एउटा क्षणभङ्गूर वस्तु हो र आत्मा अजर-अमर छ भन्ने भाव नायकमा उत्पन्न भएको छ । यसले पाठकमा पूर्वीय वेदान्त दर्शन र गीता दर्शनको आत्मा सम्बन्धी वोध गराउँदछ र उसमा निहित शान्त रस व्यक्त हुन पुग्दछ । त्यसैले यसमा शान्त रस समेत व्यक्त हुन पुगेको छ, जस्तो :

चोला यो नरको छ साधन फगत् यात्रा पूरा गर्नको
राम्रो साधनको प्रयोग नगरे पुग्दैन वैकुण्ठ त्यो ।
(भी.था., १२/३५) ।

यसरी नै नायकले संसारका अनेक व्यवहार भोग गरेर त्यसबाट वैराग्य प्राप्त गरेको भावले शान्त रस पनि व्यक्त भएको देखिन्छ तर यहाँ मुख्य रूपमा करुण रस नै व्यक्त भएको छ । यसरी मुख्य रूपमा करुणरस प्रधान भए पनि ठाउँ-ठाउँमा विभत्स र शान्त रस व्यक्त भएको प्रस्तुत काव्यमा सञ्चारी भावका रूपमा दैन्य, जडता, उग्रता, उन्माद, स्मृति आदि सञ्चारी भावहरू व्यक्त हुनपुगेका छन् । यी स्थायी एवं अस्थायी भावहरूका माध्यमबाट नायकका मनोजगत्का विशेष पक्षहरू व्यक्त हुनुका साथै लेखकीय अनेक भाव व्यक्त हुन पुगेको पाइन्छ । यहाँ रसोत्पादक भाववाहेक कविका काव्यभावलाई यसरी देखाउन सकिन्छ :

### राष्ट्रप्रेम

**भीमसेन थापा** खण्डकाव्यको महत्त्वपूर्ण भाव राष्ट्रप्रेम हो । नायक भीमसेन थापाको दुःखद एवं करुण मृत्युको क्षणलाई मुख्य कथ्य बनाएर नायक थापाका राष्ट्रप्रेमसम्बन्धी भाव यहाँ प्रकट गरिएको छ । भीमसेन थापाका निम्ति राष्ट्रप्रेम आफ्नो जीवनभन्दा पनि महत्त्वपूर्ण रहेको छ । यस कुरालाई स्वयं नायकको मुखबाट व्यक्त गरिएको छ, जस्तो :

ढिक्का आँसु खसाल्नु के सँगसँगै विश्वासको भल्भल
आफ्नो देश निमित्त मर्नु जनको क्यै हुन्न है निष्फल ।
(भी.था., ११/१८) ।

नायक थापाका निम्ति आफ्नो देश नै सर्वस्व हो । देश बिगार्ने व्यक्ति उनका निम्ति दानव हुन् या देश बिग्रे देशवासी दानव हुने र देश सप्रे देशवासी मानव हुने धारणा यहाँ व्यक्त गरिएको छ । नायक देश निर्माणका पक्षमा छन् र देशको चिरशान्तिको कामना गर्दछन्, जस्तोः

साराको सुख-शान्तिको पट खुलोस् नेपालमा अन्ततः
साराको अधिकार प्राप्त हुन गै सारा बनुन् उन्नत ।
(भी.था., ८/२) ।

नायकमा विदेशी साम्रज्यवादी शक्तिप्रति घृणा रहेको छ र त्यसबाट आफ्नो देशलाई बचाउने तीव्र उत्कण्ठा देखिन्छ । आफ्नो छिमेकी मुलुक भारतमा विजय प्राप्त गरेका विदेशीहरूले के-कस्ता कुकृत्य गरे भन्ने कुराको सङ्केत गर्दै त्यसबाट बच्न देशको सैन्यशक्ति मजवूत हुनुपर्ने धारणा यहाँ व्यक्त गरिएको छ । उनको राष्ट्रिय भावनाप्रतिको गहिरो ममता यस प्रकार देख्न सकिन्छ :

घुम्छन् बाजसमान माथि नभमा साम्राज्यवादीहरू
निर्धो भारतमाथि झम्टन पुगी के के गरेनन् अरू ?
हाम्रो देशमहाँ सरापसरिका ब्याधाहरू यी सब

खोज्छन् पस्न, त नौजवानहरूको आधार चाहिन्न र ?
(भी.था., ८/६)।

यसबाट नायक थापा राष्ट्रलाई सुदृढ र सक्षम बनाउने पक्षमा देखिन्छन् । कवि श्रेष्ठद्वारा राष्ट्रवादी नायकलाई प्रस्तुत गर्दै नेपाल राष्ट्रलाई सुदृढ, सक्षम, स्वतन्त्र एवं उन्नत बनाउनु पर्ने धारणा व्यक्त गरिएको छ । कवि नेपालीको अस्तित्व नेपाल रहेमात्र हुने देख्तछन् र यस प्रकारको राष्ट्रिय भावना वीर पुर्खाहरूमा रहेको धारणा व्यक्त गर्दछन् । भीमसेन थापाले गरेका सैन्यसुधार, प्रशासनिक सुधार, धार्मिक, सांस्कृतिक आदिको सुधारात्मक पक्ष उल्लेख गर्दै यसबाट समृद्ध नेपालको चाहना अभिव्यञ्जित गर्न खोजिएको छ । कवि श्रेष्ठले नायक भीमसेन थापाका माध्यमबाट ऐतिहासिक रूपमा रहेको राष्ट्रिय ममता आज पनि हुनुपर्ने धारणा राखेका छन् । तत्कालीन जनमानसमा भीमसेन थापामाथि रहेको आस्था, विश्वास र प्रेमलाई देखाउँदै आज पनि त्यस्तो योग्य, वीर कर्मठ र देशभक्त नेताबाट राष्ट्रियता संरक्षण हुनुपर्ने भाव यहाँ प्रकट भएको पाइन्छ । त्यसैले प्रस्तुत खण्डकाव्यको मुख्य भाव ऐतिहासिक वीरपुरुषप्रति श्रद्धा व्यक्त गर्दै त्यसबाट राष्ट्रप्रेमलाई अभिव्यक्त गर्नु नै रहेको छ । राष्ट्र प्रेमको पराकाष्ठा देखाउने पंक्ति यहाँ उल्लेखनीय छ, जस्तो :

यो नेपाल नयाँ बनाउनमहाँ जन्मूँ यहीँ फेरि म
यो इच्छा परिपूर्ण पार प्रभू ! हाँसेर जाँदैछु म ।
(भी.था., १३/८)।

**जीवनदर्शन**

भीमसेन थापा खण्डकाव्यमा भीमसेन थापाको अन्त्यलाई देखाउने क्रममा जीवनको गम्भीर रहस्यलाई उद्घाटन गरिएको छ । कवि श्रेष्ठ नायकका माध्यमबाट जीवनको क्षणिकता, नश्वरता र व्यर्थतालाई सङ्केत गर्दछन् । मृत्यून्मुख भीमसेन थापाका मुखबाट भाग्यवादी आध्यात्मिक चिन्तनलाई यहाँ प्रस्तुत गरिएको छ । शरीर केवल आत्माको वासस्थान मात्र भएको र सुख-दुःख भोग्ने माध्यम मात्र भएको उल्लेख गर्दै यो संसार दुई दिनको माया मात्र भएको उल्लेख गरिएको छ, जस्तो :

चोला यो नरको छ साधन फगत् यात्रा पूरा गर्नको
राम्रो साधनको प्रयोग नगरे पुग्दैन वैकुण्ठ त्यो ।
(भी.था., १२/३५)।

कवि जीवनलाई एउटा साधनमात्र ठानेर साध्य बैकुण्ठ प्राप्तिलाई साध्य मान्दछन् । कविका दृष्टिमा दिव्य साध्य प्राप्त गर्नका निम्ति जीवनरूपी साधन पनि उपयुक्त हुनुपर्दछ । नायकका मुखबाट व्यक्त गरिएको यस प्रकारको जीवनको आध्यात्मिक खोजबाट कवि श्रेष्ठ नायकद्वारा गरिएका नकारात्मक पक्षको प्रायश्चित गराउँछन् । नेपाली समाजमा सनातनदेखि चलिआएको अध्यात्मप्रतिको स्वभाविक झुकावलाई यस काव्यमा प्रस्तुत गरिएको छ । देह र आत्माको भिन्नतालाई वेदान्त दर्शन, गीता दर्शन आदिले जसरी व्यक्त गरेका छन् त्यही चिन्तन नेपाली समाजमा परम्परागतरूपमा प्राप्त छ । कवि यहाँ उही परम्परागत चिन्तनलाई मृत्यून्मुख नायकका मुखबाट व्यक्त गर्दछन्, जस्तो :

ऐया दुख्छ कटक्क लौन नि ! मरेँ, फेरिन्न थोत्रा लुगा
यस्तो पिञ्जर भित्र बस्नु कसरी फुत्कन्न पापी सुगा ।

(भी.था., १२/२५)।

यस पद्यांशमा नेपाली समाजमा परम्परागत प्राप्त थोत्रा लुगा, पापी सुगा र पिञ्जर जस्ता आद्यरूपीय विम्ब प्रयोग गरेर शरीरलाई थोत्रा लुगा र पिञ्जरा अनि आत्मालाई सुगा मान्ने आध्यात्मिक चिन्तन प्रकट गरिएको छ । मानिसको मृत्यु भनेको विनाश नभएर लुगा फेर्नु वा पिञ्जराबाट मुक्ति पाउनु हो भन्ने पूर्वीय आध्यात्मिक चिन्तनलाई यहाँ जीवन दर्शनका रूपमा प्रस्तुत गरिएको छ । जब मानिस सबैतिरबाट उपेक्षित हुन्छ अनि उसको एकमात्र साहारा आध्यात्मिक रहस्य बन्न पुग्दछ । कवि श्रेष्ठ भीमसेन थापाजस्तो ऐतिहासिक वीर पुरुषलाई अन्त्यमा अध्यात्मको शरणमा पुऱ्याउँदछन् । यस्तो चिन्तन कवि स्वयंको वृद्धावस्थाजन्य थकाइको उपजका रूपमा लिन सकिन्छ । राणा शासनका विरुद्धमा जेलनेल भोगेका क्रान्तिकारी भाव व्यक्त गर्ने कवि प्रस्तुत खण्डकाव्यमा आइपुग्दा मृत्युबोधको तीव्र पीडा र त्यसबाट मुक्ति प्राप्त गर्ने एकमात्र सहारा पूर्वीय आध्यात्मिक दर्शनलाई प्राप्त गर्दछन् । कविको वार्धक्य द्वन्द्वमय अवस्थामा देखिन्छ त्यसैले भीमसेन थापाको महान् मृत्युको क्षणलाई काव्यवस्तु बनाएर जीवन र मृत्युको द्वन्द्वलाई यहाँ प्रस्तुत गरिएको छ । कहिले संसारलाई दुःखको अखडाका रूपमा चित्रण गरिएको पाइन्छ भने कहिले दुःख-सुखको सङ्गम अनि कहिले दुःख सुखभन्दा अतीत पनि मानेको देखिन्छ । थापाको द्वन्द्वमय मृत्युको क्षणबाट कविले अध्यात्म र भौतिक चिन्तनको द्वन्द्वात्मक स्थितिलाई देखाएका छन् । कवि भौतिक सत्य र आध्यात्म सत्यको द्वन्द्वलाई देखाउँदै अन्त्यमा अध्यात्म सत्यलाई विजित देखाउँछन् । एक ठाउँमा नायक थापा शरीर आफ्नो नभएको भाव व्यक्त गर्दै भन्छन्- “मेरो देह भनेर भन्दछु कठै ! अज्ञान कस्तो अझै” (१२/१७) । यसपछि लगत्तै अर्को पंक्तिमा “मेरो होइन देह यो जति भनौं मान्दै नमान्ने किन” (१२/१८) भनेर शरीर आत्माको अभिन्नता वा द्वन्द्वात्मक अवस्थालाई सङ्केत गर्दछन् । अन्त्यमा कवि श्रेष्ठ शून्य दर्शनको सहारामा पुग्दछन् । जीवनको समाप्तिपछि फुस्सामा गएर मिल्ने भाव व्यक्त गर्दै त्यसै शून्य अवस्थालाई आनन्द स्वरूप, सत्य र शिब स्वरूप मान्न कवि उद्यत हुन्छन्, जस्तो :

फुस्सामै म गएर मिल्छु अब ता फुस्सा प्रतापी अति
फुस्साले सब खेल गर्दछ यहाँ हुन्छन् कुरा जे जति
फुस्साको महिमा अपार जगमा गर्ने कुरा जे पनि
पृथ्वी, तेज, हावा, अकास रहने फुस्सामहाँ झुन्डिई ।
(भी.था., १२/२०)।

यो नै पूर्ण रहन्छ नित्य सबमा घट्ने नबढ्ने कतै
यै आनन्द स्वरूप सत्य, शिब हो डग्दै नडग्ने कतै ।
(भी.था., १२/२३)।

यसरी कवि श्रेष्ठले भीमसेन थापाको मृत्युको विशेष क्षणलाई कथ्यवस्तु बनाएर जीवन र मृत्युसम्बन्धी आफ्नो विशिष्ट चिन्तनलाई व्यक्त गरेका छन् । जसरी आत्महत्याका निम्ति सेरिन पुगेका तर मृत्यु हुननसकेर छटपटिएका ऐतिहासिक नायक जीवन र मृत्युको घोर द्वन्द्वमय पीडामा रुमल्लिन्छन् त्यसरी जीवनको वृद्धावस्थामा पुगेका कवि श्रेष्ठ जीवन र मृत्युसम्बन्धी

दर्शनको द्वन्द्वमा पुग्दछन् । यस्तो अवस्थामा कवि श्रेष्ठ पूर्वीय अध्यात्मिक चिन्तनका नजिक पुगेर जीवनको रहस्यलाई उद्घाटन गर्दछन् । कविको जीवनदर्शन द्वन्द्वात्मक अवस्थामा रहेको छ । कुनै ठाउँमा यो पाञ्चभौतिक देह नै प्यारो वस्तुका रूपमा रहेको र कहिले आत्माको चिरन्तन सत्यको अभिव्यक्ति प्रकट गरिएको छ । कवि पूर्वीय दर्शनमा पनि कहिले वैष्णव दर्शनको नजिक पुगेर मुक्तिको कुरा र वैकुण्ठ प्राप्तिको कुरा गर्दछन् भने कहिले शैब दर्शन वा अद्वैत दर्शनको नजिक पुगेर एकाकी कैवल्य मुक्तिको अनुभव गर्दछन् । यस्तै उनमा बौद्ध दर्शनको शून्यवादले पनि प्रभाव पारेको देखिन्छ ।

यसरी प्रस्तुत **भीमसेन थापा** खण्डकाव्य भीमसेन थापाको मृत्युवरणलाई लिएर लेखिएको छ र यसमा कविका जीवन र मृत्युसम्बन्धी चिन्तन प्रस्तुत भएका छन् । कवि श्रेष्ठ जीवनलाई एउटा भोगको साधन स्वीकार्दछन् र जीवनको लक्ष्य पूर्वीय दर्शनले माने जस्तै आत्मिक उन्नति वा परमार्थ प्राप्ति स्वीकार्दछन् । यही जीवनदर्शन यस काव्यको अर्को महत्त्वपूर्ण भाव हो ।

**भीमसेन थापाप्रति श्रद्धाभाव**

प्रस्तुत काव्यको मुख्य कथ्य नायक भीमसेन थापाको कारुणिक मृत्युको घटनालाई देखाउनु हो । नायक थापाले आफ्नो राष्ट्रप्रति गरेका अनेक देनहरूलाई देखाउँदै महान् व्यक्ति थापाको मृत्यु कति दुःखद बन्न पुग्यो भन्ने कुरा यस काव्यमा प्रस्तुत गरिएको छ । तत्कालीन नपाली राजनीतिक क्षेत्रमा आपसी वैमनस्य, षडयन्त्र, हत्याजस्ता पक्ष प्रवल रहेको र त्यसैको परिणामस्वरूप भीमसेन थापाको मृत्यु दुःखद बन्न पुगेको कुरा यहाँ स्पष्ट्याइएको छ । नेपालको सामजिक, प्रशासनिक, राजनैतिक आदि क्षेत्रमा भीमसेन थापाले महत्त्वपूर्ण योगदान पुऱ्याएको तर आपसी कटुताले ती वीर नायकको वास्तविक मुल्याङ्कन हुन नसकी मृत्युको मुखमा पुऱ्याइएको घटनालाई यस काव्यमा कारुणिक रूपमा व्यक्त गरिएको छ । नायक थापाको आत्माभिव्यक्तिका रूपमा आफ्ना कार्यको मूल्याङ्कन गराउँदै राज्य सञ्चालनमा सामान्य त्रुटि भएको तर त्यो भन्दा महान् दण्ड थापाले प्राप्त गरेको कुरालाई यहाँ मार्मिक र वेदनात्मक रूपमा प्रस्तुत गरिएको छ । कवि श्रेष्ठद्वारा इतिहासपुरुष भीमसेन थापाप्रति श्रद्धा भाव व्यक्त गर्ने क्रममा उनको करुण मृत्यून्मुख अवस्था चित्रण गरेर पाठकमा शोक स्थायीभावलाई उद्दीप्त गरिएको छ । भीमसेन थापाको अन्त्यको क्षण कष्टपूर्ण र वेदनाभरित भएकाले काव्यभरि नै नायक थापाप्रति सहानुभूति एवं श्रद्धा व्यक्त हुन्छ । राज्य सञ्चालन गर्दा भएका कमीकमजोरी पनि छोपिएर जान्छन् र नायक निष्कलङ्क, महान् शिखर पुरुषका रूपमा देखिन्छन् । इतिहासमा उनी जे-जस्ता देखिए पनि काव्यमा उनी एक उदात्त, वीर, दूरदर्शी राष्ट्रभक्त व्यक्तिका रूपमा देखिन्छन् । इतिहासकार बाबुराम आचार्यले भीमसेन थापाका कमी कमजोरीलाई उल्लेख गरेका छन्, उनका अनुसार -

> भीमसेन थापाले विना अपराध काजी दामोदर पाँडे आदि भारदार र उनका वयस्क तथा बालक छोराहरूलाई विना अपराध हत्या गराएको, वीरभद्र शाह आदि अवोध कुमारहरूको निर्दयतापूर्वक आँखा फुटाली सर्वस्वहरण गरेर यातना दिएको र काजी

> त्रिभुवन प्रधान आदि निरपराध भारदारहरूको अकारण हत्या गराएको आदि इत्यादि अनेकौं किसिमको अमानुषिक कुराहरू सुनी युवती महारानीहरूले राजा राजेन्द्रलाई भीमसेन थापा देखि सतर्क एवं सावधान गराउन थालिसकेका थिए (आचार्य, २०६१ : ५९) ।

आचार्यको यो भनाइ तत्कालीन राजदरवारभित्र हुने गरेका चर्चा हुन् र यसले पनि भीमसेन थापाका कमीकमजोरीहरूलाई सङ्केत गरेको छ । कवि श्रेष्ठले इतिहासमा घटेका नायकीय कमी कमजोरी र दोषलाई सामान्य ठान्दै उनको कारुणिक एवं वेदनामय मृत्युप्रति सहानुभूति प्रकट गरेका छन् ।

## ४.१२ निष्कर्ष

कवि सिद्धिचरण श्रेष्ठद्वारा लेखिएको **भीमसेन थापा** खण्डकाव्य ऐतिहासिक विषयवस्तुमा आधारित छ । इतिहासमा वि.सं. १८६३ देखि वि.सं. १८९४ सम्म तत्कालीन मुख्तियार रहेर देशको आर्थिक, प्रशासनिक, सामाजिक आदि क्षेत्रमा सुधारात्मक कार्य गर्ने भीमसेन थापालाई नायक बनाएर लेखिएको प्रस्तुत काव्यमा नायक थापाले आत्महत्या गर्ने प्रयासमा सेरिएर छटपटिएको क्षणलाई प्रस्तुत गरिएको छ । झिनो आख्यान, सीमित पात्र भएको यस काव्यमा कविका विचार नै प्रवल रूपमा व्यक्त भएका छन् । धेरै लामो कालखण्डसम्म उच्च ओहदामा बसेका नायक थापालाई षडयन्त्रपूर्वक आत्महत्या गर्न विवश बनाइएको प्रसङ्गलाई उठाएर नायक थापाप्रति हार्दिक सहानुभूति व्यक्त गरिएको छ । यसले इतिहासमा घटेका अमानवीय र नृशंस घटनाहरूको उल्लेख गरेर इतिहासको अँध्यारो पक्षसमेत प्रकट गरेको छ । भीमसेन थापालाई आलम्बन बनाएर लेखिएको यस काव्यमा कवि श्रेष्ठका राष्ट्रप्रेम, इतिहासबोध, जीवनदर्शनजस्ता पक्षहरू प्रकट भएका छन् । काव्य कविकथन र नायकका स्वगतकथनका माध्यमबाट व्यक्त गरिएको छ भने काव्यको आदिदेखि अन्त्यसम्म एउटा शास्त्रीय वर्णमात्रिक छन्द शार्दूलबिक्रीडितको प्रयोग गरिएको छ । सामान्य रूपमा छन्दोभङ्गका रूपहरू देखिए पनि र अन्य काव्यशास्त्रीय मूल्यमान्यताको पूर्ण परिपालन नदेखिए पनि प्रस्तुत काव्य पूर्वीय काव्यपरम्परामा लेखिने खण्डकाव्यको परम्परालाई अनुसरण गरेर लेखिएको छ । नेपाली खण्डकाव्य परम्परामा देवकोटाका मुनामदन, कुञ्जिनी आदि खण्डकाव्य परम्परालाई अनुसरण गर्ने प्रस्तुत **भीमसेन थापा** खण्डकाव्य झिनो आख्यान, सीमित पात्र र परिवेश भएको कवि श्रेष्ठको विचारप्रधान खण्डकाव्य हो ।

# पाँचौं परिच्छेद

## भीमसेन थापाको खण्डकाव्यात्मक मूल्य

आधुनिक नेपाली खण्डकाव्य परम्परालाई हेर्दा **ऋतुविचार**देखि प्रवाहित भएको खण्डकाव्य परम्परामा **मुनामदन, कुञ्जिनी, बुद्धिविनोद, सत्यकलिसंवाद, उर्वशी, मङ्गलमान, राजेश्वरी, राष्ट्रनिर्माता**, **पापिनी आमा** आदि अनेक खण्डकाव्यहरू प्रकाशित भएका छन् । आख्यानरहित कोषकाव्यात्मक रूपरचनादेखि लिएर झिनो आख्यान र परिपुष्ट आख्यानसम्मका खण्डकाव्यहरू नेपाली काव्यपरम्परामा देखिएका छन् । सामाजिक, पौराणिक, ऐतिहासिक र लोकपरम्परामा आधारित भएर लेखिएका र प्रकृतिलाई नै आलम्बन बनाएर लेखिएका नेपाली खण्डकाव्यहरूका पंक्तिमा **भीमसेन थापा** पनि एउटा खण्डकाव्य हो । पूर्वीय तथा पाश्चात्य काव्यसिद्धान्तले स्थापित गरेका खण्डकाव्यीय मूल्य मान्यताका आधारमा भीमसेन थापा खण्डकाव्यको मूल्याङ्कन गर्दा यो एउटा उत्कृष्ट खण्डकाव्य ठहर्छ । यहाँ खण्डकाव्यीय मान्यताका आधारमा भीमसेन थापा खण्डकाव्यको मूल्य निर्धारण गरिएको छ ।

### ५.१ ऐतिहासिक विषयवस्तुमा आधारित खण्डकाव्य

पूर्वीय एवं पाश्चात्य काव्यमान्यतामा काव्यको विषयवस्तु ख्यातवृतमा आधारित हुने धारणा पाइन्छ । इतिहास, पुराण, लोक अनुश्रुति आदिमा चर्चित भएको इतिवृतमा आधारित भएर काव्य लेख्ने परम्परा अनुरूप नै **भीमसेन थापा** खण्डकाव्यको सिर्जना भएको देखिन्छ । **भीमसेन थापा** खण्डकाव्य नेपालको इतिहासमा चर्चित व्यक्तित्व भीमसेन थापाको जीवन चरित्रमा आधारित छ । यो काव्यभन्दा पहिले पनि नेपाली खण्डकाव्य परम्परामा माधवप्रसाद घिमिरेको **राष्ट्रनिर्माता** र **राजेश्वरी** इतिहास आश्रित कथावस्तुमा आधारित खण्डकाव्यहरू प्रकाशित भइसकेका छन् । स्वयं सिद्धिचरण श्रेष्ठद्वारा नै राजेश्वरीको जीवन चरित्रमा आधारित **बाँचिरहेको आवाज** खण्डकाव्य सिर्जना गरेको पाइन्छ । यसरी इतिहासका घटना वा नायकका चरित्रमा आधारित भएर लेखिएका खण्डकाव्यहरूमा **भीमसेन थापा** पनि पर्दछ । भीमसेन थापा नेपालको इतिहासमा वि.सं. १८६३ देखि वि.सं. १८९४ सम्म मुख्तियार भएर रहेका र उनकै पालामा अङ्ग्रेज नेपाल युद्ध, सुगौली सन्धिजस्ता घटना घटेका हुन् । राजा प्रजाका निम्ति सेतु भएर नायक थापाले नेपाललाई उन्नत बनाएको, विदेशी शक्तिलाई देशमा भित्रिन नदिनका निम्ति सैन्य शक्तिलाई सुदृढ गरेको, प्रशासनिक कामकारवाहीलाई व्यवस्थित गरेको र नेपालको उज्जवल कीर्ति कायम गरेका भीमसेन थापाले इतिहासका धेरै जस अपजस बेहोर्नु परे पनि ती घटनाहरूभन्दा पनि नेपालको गौरवमय इतिहासमा भीमसेन थापाजस्ता वीर एवं बुद्धिमानी देशभक्त व्यक्तिको यातनापूर्ण मृत्युको कालो पक्ष उद्घाटन

गर्नु नै यस काव्यको मुख्य कथ्य हो । लामो समयसम्म गरिमामय पदमा रहेका नायक थापाले सेरिएर मर्नु परेको क्षणलाई एउटा ऐतिहासिक कलङ्कका रूपमा यहाँ प्रस्तुत गरिएको छ । साथै तत्कालीन जनमानसको सम्बेदना, नायकको अनुभूति, शासन व्यवस्थामा देखिएका हत्या हिंसा, षडयन्त्र आदिको चित्रण गर्दै इतिहासलाई वर्तमानमा सजीव बनाउने काम यस काव्यमा गरिएको छ । नेपाली खण्डकाव्य परम्परामा ख्यातवृतमा आधारित खण्डकाव्यहरूमा पौराणिक विषयवस्तुमा आधारित धेरै भए पनि इतिहासाश्रित खण्डकाव्यको संख्या अपेक्षाकृत न्यून छ । अतः ऐतिहासिक विषयवस्तुमा आधारित काव्यका दृष्टिले प्रस्तुत खण्डकाव्य महत्त्वपूर्ण उपलब्धि हो ।

## ५.२ शोक भाव र करुण रस प्रधान खण्डकाव्य

नेपाली खण्डकाव्य परम्परामा भावगत विविधता भएका खण्डकाव्यहरू पाइन्छन् । विभिन्न भावहरूमा शोक स्थायी भाव भएर करुण रसप्रधान भएका खण्डकाव्यहरू नेपालीमा थुप्रै छन् । **मुनामदन, कुञ्जिनी, राजेश्वरी, गौरी** आदि खण्डकाव्य परम्पराको अनुसरण गर्दै प्रस्तुत **भीमसेन थापा** पनि नायकको दुःखद मृत्युमा अवसान भएर शोक भाव जागृत गर्ने काव्य हो । नेपाली आस्थाका नायक र नेपाली राजनैतिक रङ्गमञ्चका भव्य र विराट व्यक्तित्वको कारुणिक अवसानले पाठकलाई व्याकुल बनाउँछ । तत्कालीन नेपाली राजनीतिमा थुप्रै सुधार गर्ने भीमसेन थापा आफ्नै दरवारिया भाइभारदारको षडयन्त्रबाट चरम मानसिक यातनामा पुऱ्याइएर मृत्युवरण गर्न विवश बनाइनुले काव्य दुःखान्त्य बन्न पुगेको छ । भीमसेन थापालाई आलम्बन विभावका रूपमा प्रस्तुत गरेर उनका ऐतिहासिक सत्कार्यहरू देखाउँदै उनको दुःखद मत्युवरणले पाठकमा पर्ने वियोगजन्य पीडालाई प्रस्तुत गर्नु काव्यको अभीष्ट भएको हुँदा काव्य पठनबाट पाठकमा करुणा र त्रास उत्पन्न भई शोक स्थायी भाव जागृत भएर करुण रसावस्थामा परिणत हुन्छ । अतः प्रस्तुत खण्डकाव्य शोक स्थायी भाव उद्रेक भई करुण रसले पूर्ण काव्य हो ।

## ५.३ राष्ट्रप्रेम र विद्रोही चेतनाले युक्त खण्डकाव्य

भीमसेन थापा खण्डकाव्य राष्ट्रिय चेतनाले भरिपूर्ण काव्य हो । सर्वप्रथमतः यसले नेपालका राष्ट्रिय स्तरका व्यक्तिको चरित्राङ्कन गरेको छ र राष्ट्रिय चिन्तनलाई वाणी दिएको छ । यो खण्डकाव्यले इतिहासकालीन नेपाली समाजको अवलोकन गर्दै इतिहासपुरुष भीमसेन थापाका चरित्रका माध्यमबाट राष्ट्रप्रेमको भावनालाई उजागार गरेको छ । यसमा नायक भीमसेन थापाको दुःखद एवं करुण मृत्युको क्षणलाई कथ्य बनाएर नायक थापाले आफ्नो राष्ट्रप्रति गरेका अनेक देनहरूलाई उजागार गरिएको छ । नेपाल र नेपालीको राष्ट्रिय गौरव, वीरतापूर्ण नेपाली इतिहास, राष्ट्रिय स्वतन्त्रता, राष्ट्रिय अस्तित्वको रक्षाजस्ता राष्ट्रिय चेतनालाई यस काव्यले मुखरित गरेको छ । कवि श्रेष्ठद्वारा राष्ट्रवादी नायकलाई प्रस्तुत गर्दै

नेपालीत्वको संरक्षण र राष्ट्रोत्थानको चाहनालाई अभिव्यक्त गरिएको छ । नेपालीको अस्तित्व नेपाल रहेमात्र हुने कुराको उल्लेख गर्दै नायक थापाका माध्यमबाट देशको स्वतन्त्रता, अखण्डता, सार्वभौमसत्ता र देशको राष्ट्रिय गरिमालाई अक्षुण्ण राखी राष्ट्रियताको संरक्षण हुनुपर्ने भावलाई कविले प्रकट गरेका छन् ।

त्यस्तै नेपालको राजनैतिक इतिहासमा वि.सं. १८६३ देखि वि.सं. १८९४ सम्मको आन्तरिक राजनैतिक कलह, षडयन्त्र, एकतीस वर्षसम्म राष्ट्रिय स्वतन्त्रताका निम्ति जीवन समर्पण गर्ने महान् व्यक्तिको दुःखद अवशान तथा उनले भोगेका पीडा, छट्पटाहट र अन्याय अत्याचार देख्दादेख्दै पनि मूकदर्शक भएर बस्नुपर्ने नेपालीहरूको वाध्यतालाई पनि यस काव्यले उजागार गरेको छ । त्यस्तै तत्कालीन राज्यव्यवस्थामा देखिने चाकरी, षडयन्त्र, हत्याहिंसा आदि कुराहरूले मानवतालाई कसरी दबाइएको छ भन्ने कुरा पनि यहाँ देखाइएको छ । प्रगतिवादी/क्रान्तिकारी कविले नायक भीमसेन थापालाई मृत्युको मुखमा पुऱ्याउने शासकहरूका क्रूरतापूर्ण व्यवहारप्रति कुनै प्रतिक्रिया जनाउन नसक्ने जनताहरूप्रति आक्रोश व्यक्त गरेका छन् । अन्याय-अत्याचार देख्दादेख्दै पनि मूकदर्शक भएर बस्नुहुँदैन, विद्रोह गर्नुपर्छ भन्ने कुराको शङ्खघोष यस काव्यले गरेको छ । यस काव्यले एकातिर ऐतिहासिक घटनालाई पृष्ठभूमि बनाई नयाँ पिँढीलाई इतिहासको वस्तुगत जानकारी गराएको छ भने अर्कातिर युवाशक्तिलाई प्रजातन्त्रको निम्ति सङ्घर्ष गर्न उत्प्रेरित गरेको पाइन्छ । यो खण्डकाव्यमा क्रान्तिकारिता र विद्रोहता प्रकट भए पनि मुख्य रूपमा राष्ट्रप्रेम नै सबल भएको देखिन्छ ।

## ५.४ आख्यानरहित वैचारिक खण्डकाव्य

**भीमसेन थापा** इतिहासको एउटा विशिष्ट क्षणमा घटित घटनामा आधारित खण्डकाव्य भए पनि यसमा घटना शृङ्खलामा जोड दिइएको छैन । नेपालको इतिहासमा तीन दशकसम्म शासन गर्ने र प्रशासनिक सुधारका थुप्रै काम गर्ने इतिहासपुरुष भीमसेन थापाको आत्महत्या नै यसको मुख्य कथ्य हो तर यसमा नायक थापाका वैचारिक द्वन्द्वलाई नै प्रमुखता साथ देखाइएको हुँदा यो वैचारिक खण्डकाव्य बन्न पुगेको छ । एकातिर कवि स्वयं दीर्घकाव्ययात्रापछि जीवनको उत्तरार्द्धमा पुग्दासम्म आफूले अनुभूत गरेका सामाजिक, राजनैतिक, धार्मिक आदि पक्षको मन्थन गर्दै तिनको समन्वयमा पुगेको देखिन्छ । यस काव्यमा नायक थापा विभिन्न कारणले आत्महत्या गर्न पुगे पनि सेरिएर नमरुन्जेलसम्मको क्षणमा उनमा आएका राजनैतिक, धार्मिक, नैतिक र सामाजिक पक्षको प्रवल अन्तर्द्वन्द्व भेल्दछन् र यो अवश्यंभावी नियतिको आडमा भएको निष्कर्षसाथ विश्रान्ति लिन्छन् । नायकका मुखबाट इतिहासको यात्रा गर्दै त्यहाँ देखिएका अनेक राजनैतिक उथल-पुथलबाट

कवि मानवजीवनको निरीहता र त्यसले महान् अदृश्य शक्तिको आडमा पाउने विश्रान्तिमा जोड दिन्छन् । यस क्रममा प्रस्तुत काव्यमा पूर्वीय वेदान्त दर्शन, गीता दर्शन आदिको वैचारिक प्रभाव देखिन्छ । यद्यपि नायकको द्वन्द्वात्मक अवस्थामा संसारको निस्सारता, व्यर्थता, शून्यता आदिको समेत यहाँ उल्लेख छ । यसबाट कविमा पूर्वीय चार्वाक, जैन र बौद्ध दर्शनको प्रभाव पनि देखिन्छ । यसरी कवि आफ्नै जीवनका भोगाइ र अनुभवबाट प्राप्त चिन्तन एवं पूर्वीय दर्शनका आध्यात्मिक र भौतिक विचारलाई नायकको जीवनसँग गाँसेर प्रस्तुत गर्दछन् । यस अर्थमा यस खण्डकाव्यमा जीवनको मृत्युको क्षणविशेष वा पक्षविशेषलाई देखाउने उद्देश्य रहेको छ । विचारप्रधान खण्डकाव्यका रूपमा यसको मूल्य स्थापित गर्न सकिन्छ । यो काव्य पर्याप्त आख्यानीकरण र नाटकीकरणको अभाव रहेको सूक्ष्म आख्यानमा आधारित खण्डकाव्यका रूपमा रहेको छ ।

## ५.५ सीमित पात्र एवं परिवेश भएको खण्डकाव्य

खण्डकाव्य महाकाव्यको एकदेशीय हुने भएकाले यसमा सीमित पात्र र सीमित परिवेश हुनु उपयुक्त नै देखिन्छ । प्रस्तुत **भीमसेन थापा** खण्डकाव्यमा मुख्य पात्रका रूपमा नायक भीमसेन थापा नै रहेका छन् । भीमसेन थापाद्वारा आफैं मृत्युवरण गरेको र त्यस क्षणमा जीवन मृत्युको द्वन्द्वात्मक अनुभूति गरिरहेका नायक थापाका मुखबाट र कवि स्वयंको कविकथनका रूपमा जे-जति भाव वा विचार व्यक्त भएका छन् तिनले कथ्यलाई क्षिप्रोन्मुख वा एकोन्मुखतर्फ डोऱ्याएको पाइन्छ । यसमा नायकको जीवनका माध्यमबाट मानवीय जीवनमूल्यको बोध गराउने उद्देश्य भएकाले अन्य पात्रका माध्यमबाट काव्यलाई नाटकीकरण एवं आख्यानीकरण गर्नुको सट्टा नायकका एकालापीय कथनबाट जीवनमूल्यको प्रकटीकरण गरिएको छ । इतिहासको विषयवस्तु भएकाले इतिहासमा घटित घटनास्थल तत्कालीन कान्तिपुर भएकाले कान्तिपुरको सुन्धारा, विष्णुमती, दरवारिया परिवेशलाई सङ्केत गरिएको छ । यसरी सीमित पात्र र परिवेशका जीवनको एकदेशीय चित्रण गर्ने खण्डकाव्यका रूपमा प्रस्तुत काव्य रहेको छ र खण्डकाव्यको सैद्धान्तिक निर्देश अनुरूप नै देखिन्छ ।

## ५.६ मध्यमस्तरीय शिल्पसंरचनाको खण्डकाव्य

**भीमसेन थापा** खण्डकाव्य तेह्र खण्डमा विभाजित छ । विश्वनाथका अनुसार आठ सर्गभन्दा माथिको महाकाव्य संरचना भए पनि यसमा परिगणित श्लोकसङ्ख्याका आधारमा यो मध्यमस्तरीय देखापर्दछ । खण्ड धेरै भए पनि यसमा जम्मा २६९ श्लोक सङ्ख्या रहेको छ । दसौं खण्डमा न्यूनतम श्लोकसङ्ख्या रहेको छ र यसमा जम्मा १२ वटा श्लोक रहेका छन् । यसरी नै बाह्रौं खण्डमा अधिकतम श्लोकसङ्ख्या रहेको छ र यसमा जम्मा ४२ वटा श्लोकहरू रहेका छन् । यसरी कम्तिमा १२ देखि बढीमा ४२ सम्ममा श्लोकसङ्ख्यामा वितरित भएको देखिन्छ । प्रत्येक खण्डमा वितरित श्लोकसङ्ख्यालाई हेर्दा असमान वितरण

देखिन्छ तर खण्डकाव्यको सीमा नाँघ्ने अत्यधिक लामा खण्डहरू रहेका देखिँदैनन् । एउटा भावविशेषलाई समेट्ने खण्डविशेषलाई सकेसम्म छोटो रूपमा प्रस्तुत गरिएको छ । जम्मा १३ खण्ड र २६९ श्लोक संख्यामा रचिएको प्रस्तुत काव्य शास्त्रीय वर्णमात्रिक छन्दअन्तर्गत पर्ने शार्दूलबिक्रीडित छन्दमा रचिएको छ । ऐतिहासिक परिवेश र विषयवस्तु एवं सीमित पात्रको उपयोगद्वारा काव्यको संरचना मध्यमस्तरीय खण्डकाव्योचित रहेको छ । महादेव अवस्थीद्वारा **भीमसेन थापा** खण्डकाव्यलाई कसैले महाकाव्यांश भनेको र यसमा १०९ श्लोक सङ्ख्या रहेको भनी उल्लेख गरिएको छ (अवस्थी, २०६४ : १८३) । वस्तुतः यो विषयवस्तु र पात्र चयनका दृष्टिले महाकाव्यका निम्ति उपयुक्त भएपनि प्रकाशित रूपमा श्लोक सङ्ख्या रहेको र खण्डकाव्यीय शिल्पसंरचनाले युक्त देखिन्छ ।

## ५.७ निष्कर्ष

नेपाली काव्यपरम्परामा खण्डकाव्यस्तरीय आधुनिक काव्यकृतिहरू **ऋतुविचार, सत्यकलिसंवाद, मुनामदन, कुञ्जिनी, उर्वशी, मङ्गलमान, राष्ट्रनिर्माता, राजेश्वरी, युद्ध र योद्धा** आदि अनेक कृतिहरूमा **भीमसेन थापा** पनि एक हो । पूर्वीय खण्डकाव्यपरम्पराकै अनुसरण गर्ने प्रस्तुत काव्य देवकोटाद्वारा प्रवर्तित **मुनामदन, कुञ्जिनी** आदि स्वच्छन्दतावादी प्रवाहमा रचित काव्य देखिन्छ भने माधवप्रसाद घिमिरेद्वारा लिखित **राष्ट्रनिर्माता** र **राजेश्वरीको** विषयवस्तु जस्तै इतिहास आश्रित प्रख्यात वृत्तमा आधारित देखिन्छ । यो खण्डकाव्य करुण रसलाई आलम्बन बनाई लामो समयसम्म देशको गरिमामय पदमा रहेका नायक थापाले सेरिएर मर्नु परेको क्षणलाई विषयवस्तु बनाएर पाठकको मनमा करुण अनुभूति उत्पन्न गराउन सफल ऐतिहासिक खण्डकाव्य हो । पुष्ट आख्यानात्मक संरचनाको अभाव भएको र विचारप्रधान खण्डकाव्यका रूपमा देखिने **भीमसेन थापा** खण्डकाव्यीय मूल्यमान्यता अनुरूप मध्यमस्तरीय काव्य देखिन्छ । आख्यानको क्षीणता, चरित्रचित्रणको अभाव, वाह्यपरिवेशगत चित्रणको अभाव रहेको यस काव्यमा कविका दीर्घजीवनगत भोगाइ र पूर्वीय चिन्तन परम्परामा आधारित जीवन र मृत्युसम्बन्धी चिन्तन यहाँ पाइन्छ । इतिहासका तथ्यपरक सूचकाङ्कहरूको यथोचित विन्यास गर्दै नायकीय आलाप एवं भीमसेन थापाप्रति त्यस युगले गरेको अन्यायप्रति कविको असन्तुष्टि नै विचारसूत्रका रूपमा यहाँ प्रस्तुत गरिएको छ । कथानक, चरित्रचित्रण, परिवेश आदिको समुचित सन्तुलन नभएको हुँदा प्रस्तुत भीमसेन थापा खण्डकाव्य मध्यमस्तरीय काव्यका रूपमा स्थापित हुन पुगेको छ ।

# छैठौँ परिच्छेद

## उपसंहार तथा निष्कर्ष

### ६.१ पहिलो परिच्छेदको निष्कर्ष

यस परिच्छेदमा प्रस्तुत शोधकार्यको विषय परिचय, समस्याकथन, शोधको उद्देश्य, पूर्वकार्यको समीक्षा, अध्ययनको औचित्य, अध्ययनको सीमाङ्कन, सामाग्री सङ्कलनविधि, शोधविधि र शोधपत्रको रूपरेखाजस्ता उपशीर्षकअन्तर्गत शोधपरिचय प्रस्तुत गरिएको छ ।

### ६.२ दोस्रो परिच्छेदको निष्कर्ष

आधुनिक नेपाली कवितामा स्वच्छन्दतावादी भावधाराका सह-प्रवर्तकमध्ये सिद्धिचरण श्रेष्ठ पनि एक हुन् । वि.सं. १९६९ मा वखलढुङ्गामा जन्मिएर करिब आठ दशक लामो जीवनकालमा ६ दशकसम्म साहित्य सेवामा समर्पित श्रेष्ठको मृत्यु वि.सं. २०४९ सालमा भएको हो । सामान्य परिवारमा जन्मिएका श्रेष्ठले सामान्य अनौपचारिक शिक्षा प्राप्त गरे पनि स्वाध्ययनबाट पूर्वीय एवं पाश्चात्य ज्ञान-विज्ञान र साहित्यको गम्भीर अध्ययन र अनुशीलन गरेको पाइन्छ । साहित्यिक लेखनका अतिरिक्त राजनीति र समाजसेवामा समेत समर्पित रहेका श्रेष्ठले साहित्यिक क्षेत्रमा कविता, कथा, यात्रासंस्मरण र नाटकजस्ता विधामा कलम चलाए पनि कविता विधामा नै स्थापित हुनपुगेका छन् । आधुनिक नेपाली कविताको निर्माण कालका वरिष्ठ साहित्यिक व्यक्तित्वहरू लेखनाथ पौड्याल, लक्ष्मीप्रसाद देवकोटा, बालकृष्ण सम, सोमनाथ सिग्द्याल आदिको पंक्तिमा स्थापित हुनपुगेका कवि श्रेष्ठका पाँचसयभन्दा बढी फुटकर कविताहरू र एकदर्जनजति खण्डकाव्यहरू प्रकाशित भएका छन् । वि.सं. १९८४ तिरबाट कविता लेखन प्रारम्भ गरे पनि वि.सं. १९९० मा प्रकाशित **भुइँचालो**बाट औपचारिक कवितायात्रा प्रारम्भ गर्ने श्रेष्ठको वि.सं. १९९६ मा प्रकाशित **विश्वव्यथा** प्रथम प्रकाशित खण्डकाव्य देखापर्दछ । उनका चर्चित खण्डकाव्यहरूमा **उर्वशी, मङ्गलमान, ज्यानमारा शैल, आँसु** र **भीमसेन थापा** प्रमुख छन् । यी खण्डकाव्यहरू रूपरचनाका दृष्टिले केही लघुआयाममा संरचित छन् भने केही मध्यमस्तरीय खण्डकाव्यको मानक रूपरचनामा संरचित छन् । विषयवस्तुका दृष्टिले श्रेष्ठका खण्डकाव्यहरू सामाजिक, पौराणिक र ऐतिहासिक विषयवस्तुमा आधारित छन् । सामाजिक विषयवस्तुमा आधारित खण्डकाव्यहरूमा **आँसु, ज्यानमारा शैल,** आदि प्रमुख छन् । यिनमा सामाजिक समस्यालाई विषयवस्तुका रूपमा प्रस्तुत गरिएको छ र विशेषतः मानवीय पीडा र व्यथालाई व्यक्त गरिएको छ । सामाजिक समस्याका माध्यमबाट मानवीय संवेदनाको सूक्ष्म पक्षलाई व्यक्त गर्नु श्रेष्ठका सामाजिक खण्डकाव्यको विशेषता देखा पर्दछ ।

कवि सिद्धिचरण श्रेष्ठले पौराणिक विषयवस्तुमा आधारित खण्डकाव्यको पनि सिर्जना गरेका छन् । उनका खण्डकाव्यहरूमा सर्वाधिक चर्चित **उर्वशी** खण्डकाव्य महाभारतीय कथाप्रसङ्गमा आधारित छ । अर्जुन र उर्वशीको प्रणय प्रसङ्गलाई आधार मानेर लेखिएको यस काव्यमा धर्ती र स्वर्गको परिवेशबाट कर्म र भोग अर्थात् भोग र योगको द्वन्द्व देखाइएको छ । यसमा उर्वशीको भोगपूर्ण प्रणय याचनालाई अर्जुनद्वारा अस्वीकार गरेर कर्म वा योगलाई विजित देखाइएको छ । यसरी नै **शवरी** खण्डकाव्य रामायणमा आधारित खण्डकाव्य हो । यसमा रामायणमा चर्चित भावनाले भरिएकी एक आशाकी प्रतिमूर्ति शबरीको चित्रण गरिएको छ । यी दुई पौराणिक विषयवस्तुमा आधारित खण्डकाव्यमार्फत कवि श्रेष्ठले पौराणिक विषयवस्तुलाई युगजीवनसँग गाँसेर काव्य रचना गर्ने कौशल प्रस्तुत गरेका छन् ।

ऐतिहासिक विषयवस्तुलाई सजीवरूपमा प्रस्तुत गर्ने कार्यमा कवि श्रेष्ठले सशक्त प्रतिभा देखाएका छन् । ऐतिहासिक खण्डकाव्यहरूमा **भीमसेन थापा** र **बाँचिरहेको आवाज** छन् । यी दुवैमा इतिहासमा घटित कारुणिक प्रसङ्ग प्रस्तुत गरिएको छ । **भीमसेन थापा** खण्डकाव्यमा नायक थापाको आत्महत्यालाई मुख्य कथ्य बनाएर तत्कालीन समयका महान् युगपुरुषको कारुणिक अवसानलाई देखाइएको छ । युगनायकको चित्रण गरेर इतिहास, समाज, जीवन, दर्शन, नीति, धर्म आदिको सारभूत विचार यसमा व्यक्त गरिएको छ । यसरी नै इतिहासको अर्को महत्त्वपूर्ण र कारुणिक पक्ष राजेश्वरीको सतीगमनलाई **बाँचिरहेको आवाज**मा व्यक्त गरिएको छ । इतिहासमा देखिएको दुवै क्रुर र मर्मभेदी घटनालाई लिएर लेखिएका ऐतिहासिक खण्डकाव्यमार्फत कवि श्रेष्ठले इतिहासको सूक्ष्म अवलोकनबाट तत्कालीन समाजको चित्र खिच्ने काम गरेका छन् । यसरी विषयवस्तुगत विविधतालाई अँगालेर लेखिएका कवि श्रेष्ठका खण्डकाव्यहरूमा विशेष गरेर देशप्रेम, मानवीय भाव, युगपुरुषप्रति श्रद्धाभाव, मानवीय संवेदनाका सूक्ष्म पक्ष आदि व्यक्त भएका छन् । आफ्नो देशलाई स्वर्ग ठान्ने श्रेष्ठले **मेरो नेपाल** काव्य देशप्रेममै केन्द्रित भएर लेखेका छन् भने **बाँचिरहेको आवाज, भीमसेन थापा, उर्वशी** आदिमा पनि राष्ट्रप्रेमलाई व्यक्त गरेका छन् । कवि श्रेष्ठमा मानवतावादी चिन्तन प्रबल रूपमा पाइन्छ त्यसैले **आँसु, ज्यानमारा शैल, मङ्गलमान, बाँचिरहेको आवाज, भीमसेन थापा**जस्ता काव्यमा मानवीय करुणका पक्षहरू व्यक्त भएका छन् । जीवनवादी चिन्तन र योगवादी चिन्तन बोकेका कवि श्रेष्ठका प्रारम्भिक काव्यमा विद्रोही चेतना भए पनि पश्चवर्ती काव्यहरूमा समन्वयात्मक चिन्तन देखिन्छ । भौतिक र अध्यात्म दुवै चिन्तनको द्वन्द्वात्मक चित्रण पाइए पनि भीमसेन थापा र आत्म बिलौनामा आइपुग्दा दुवैको समन्वित रूप देखिन्छ । पूर्वीय वेदान्त दर्शन, गीता दर्शन, बुद्ध , जैन, चार्वाक आदिका चिन्तनलाई मुखरित गर्दै यिनको समन्वयात्मक प्रस्तुति गरेको पाइन्छ । जीवन एउटा सुन्दर प्राप्ति भएकाले यसलाई योगपूर्ण ढङ्गले भोग गर्दै यसको लक्ष्यमा निरन्तर

लाग्नुपर्ने धारणा यिनका काव्यमा देखिन्छ । कतै शून्यवादी भएर देखिए पनि **भीमसेन थापा**मा आएर जीवनदेखि पर केही भएको भाव व्यक्त गरेको पाइन्छ ।

कवि सिद्धिचरण श्रेष्ठका खण्डकाव्यहरू शिल्पसंरचनाका दृष्टिले पनि विविध किसिमका छन् । लघु आयामदेखि मध्यमस्तरीय आयाममा संरचित यिनका खण्डकाव्यहरू आख्यानरहित, झिनो आख्यान र परिपुष्ट आख्यानमा संरचित छन् । शास्त्रीय छन्दमा मात्रिक, वर्णमात्रिक दुवै छन्दको उपयोग गरिएको छ भने लोकलयको पनि उपयोग गरिएको पाइन्छ । **मेरो नेपाल, बाँचिरहेको आवाज, भीमसेन थापा**जस्ता काव्य वर्णमात्रिक छन्दमा लेखिएका छन् भने **उर्वशी, विश्वव्यथा, आँसु**जस्ता काव्य मात्रिक छन्दमा संरचित छन् । यसरी नै **मङ्गलमान** लोकलयमा आधारित काव्य हो । कवि श्रेष्ठको समग्र खण्डकाव्यीय प्रवृत्तिलाई हेर्दा उनी स्वच्छन्दतावादी, सहज,स्वर्स्फूत काव्यप्रणयन गर्ने भावुक कल्पनाप्रधान कविका रूपमा देखा पर्दछन् ।

## ६.३ तेस्रो परिच्छेदको निष्कर्ष

तेस्रो परिच्छेदको शीर्षक खण्डकाव्यको सैद्धान्तिक स्वरूप हो । साहित्यका विभिन्न विधाहरूमा खण्डकाव्य कविता विधाको एउटा उपविधा हो । आयामका दृष्टिले मझौलो आयामको संरचना भएको खण्डकाव्य गीति कविताभन्दा माथिल्लो र महाकाव्यभन्दा तल्लो तहको आयाममा विस्तारित हुन्छ । आयामगत रूपमा मध्यमस्तरीय भएजस्तै यसको प्रतिपाद्य वस्तु जीवनजगत्को कुनै एक विशिष्ट पक्ष रहेको हुन्छ । गीति कवितामा भावको एउटा विशिष्टता व्यक्त हुन्छ भने महाकाव्यमा जीवन-जगत्को विस्तारित रूप प्रकट हुन्छ । खण्डकाव्यमा भने जीवनको कुनै एउटा पक्षविशेष, घटनाविशेष र जगत्को कुनै एउटा विशिष्ट परिवेश व्यक्त हुन्छ । यसलाई पुरुषार्थ चतुष्ट्यमध्ये कुनै एक अथवा विभिन्न रसहरूमा कुनै एक रसविशेषमा आधारित भएको काव्य मानिन्छ । यसमा महाकाव्यमा जस्तो जीवन र जगत्को अतिविस्तारित रूप हुँदैन जसबाट सम्पूर्ण जीवनलाई हेर्न सकियोस् । विभिन्न कथा-उपकथाका माध्यमबाट महाकाव्यलाई विस्तार गरिन्छ र बहुद्देश्यीय बनाइन्छ भने खण्डकाव्य एउटै घटना वा कथानकका माध्यमबाट क्षिप्रोन्मुख हुँदै एकोन्मुखतातर्फ अघि बढ्छ । त्यसैले खण्डकाव्यको परिभाषा गर्ने आचार्यहरूद्वारा यसलाई महाकाव्य वा अन्य काव्यका सापेक्षमा परिभाषित गरिएको पाइन्छ ।

खण्डकाव्य कविता विधाको एउटा रूप भएको हुँदा यसमा कविताका आवश्यक तत्त्वहरू विद्यमान रहन्छन् भने यो काव्यको प्रबन्धस्वरूप भएको हुँदा यसमा प्रवन्धात्मक तत्त्वहरू समाविष्ट हुन्छन् । त्यसैले शीर्षक, विषयवस्तु, प्रबन्धात्मकता (कथावस्तु, सर्गयोजना, पात्रविधान र परिवेश) भाषाशैली, लयविधान, विम्ब, प्रतीक र अलङ्कार, रस तथा भावविधान एवं उक्तिढाँचाजस्ता आधारभूत तत्त्वहरू सन्निवेश हुन्छन् । कुनै खण्डकाव्य घटनाप्रधान भएका परिपुष्ट आख्यानमा संरचित हुन्छन् भने कतिपय झिनो आख्यानमा संरचित चरित्रप्रधान वा परिवेश प्रधान काव्य पनि हुन्छन् । आख्यानरहित खण्डकाव्यहरू कुनै भाव वा विचार तन्तुमा आधारित भएर लेखिएका हुन्छन् । यी सबै किसिमका मझौला काव्यलाई खण्डकाव्यको संज्ञा दिइन्छ । यसरी नै पश्चिमी काव्यशैलीका लघुआयामभन्दा

विस्तारित लामा कविता पनि नेपाली काव्यसन्दर्भमा खण्डकाव्यका रूपमा परिचित छन् । खण्डकाव्य मूलतः संस्कृत काव्यशास्त्र परम्परामा जन्मिएको कविताको एउटा उपविधा हो भने लामो कविता पश्चिमी काव्य परम्परामा जन्मिएको उपविधा हो । पूर्वीय परम्परामा जन्मिएको हुँदा खण्डकाव्य पूर्वीय काव्यशास्त्रीय मान्यतामा आधारित रहेको देखिन्छ । नेपालीमा परिष्कारवादी धारा र स्वच्छन्दतावादी धारामा लेखिएका काव्यहरू पूर्वीय खण्डकाव्य मान्यताका नजिक छन् भने प्रयोगवादी काव्यधारामा रचिएका लामा कविता पाश्चात्य लामा काव्यको परम्परामा रहेका देखिन्छन् ।

यसरी खण्डकाव्य पूर्वीय साहित्य परम्परामा जन्मिएको एउटा काव्य रूप हो भने नेपालीमा पूर्वीय र पश्चिमी दुवै प्रकारका काव्य रूप पाइने हुँदा पूर्वीय एवं पश्चिमी परम्परामा संबर्द्धित मझौला काव्य ढाँचाका खण्डकाव्यहरू पाइन्छन् ।

## ६.४ चौथो परिच्छेदको निष्कर्ष

कवि सिद्धिचरण श्रेष्ठद्वारा रचना गरिएका विभिन्न खण्डकाव्यहरूमा **भीमसेन थापा** पनि एक हो । ऐतिहासिक विषयवस्तुमा आधारित प्रस्तुत खण्डकाव्य झिनो आख्यानमा आधारित छ । कविकथन एवं नायकको आत्मालापका रूपमा व्यक्त भाव र विचार नै यस काव्यमा आख्यान तन्तुका रूपमा रहेको पाइन्छ । यस काव्यको प्रमुख र केन्द्रीय पात्र भीमसेन थापा नै हुन् । वि.सं. १८६३ देखि वि.स. १८९४ सम्म तत्कालीन नेपालको मुख्तियार भएर रहेका नायक भीमसेन थापाको विभत्स र कारुणिक आत्महत्याको प्रसङ्ग नै यस काव्यको मुख्य कथ्य रहेको छ । वि.सं. १८९४ मा भीमसेन थापाको मुख्तियारी खोसिएपछि विभिन्न षडयन्त्रले जेलमा थुनिएका थापाले सेरिएर घाइते भएपछि विष्णुमतीमा छटपटाइरहेका थापाको स्वगत कथन र कवि स्वयंले थापाप्रति गरेका कथनबाट इतिहास, जीवन, तत्कालीन समाज, धर्म, नीति, प्रशासन आदि अनेक पक्षको उद्घाटन गर्दै भीमसेन थापाको करुण अवस्थालाई देखाउनु र उनीप्रति श्रद्धाभाव व्यक्त गर्नु यसको मुख्य पक्ष हो । ऐतिहासिक विषयवस्तुमा आधारित यस खण्डकाव्यको मुख्य पात्र भीमसेन थापा हुन् । थापाकै केन्द्रीयतामा आधारित भएको हुँदा यस खण्डकाव्यको नामकरण पनि भीमसेन थापा रहन गएको छ । प्रस्तुत काव्य १३ खण्डमा विभाजित छ । खण्ड सङ्ख्याका हिसाबले महाकाव्यीय आयामको जस्तो देखिए पनि प्रत्येक खण्डमा वितरित श्लोक सङ्ख्या भने खण्डकाव्यीय आयामको निम्ति उपयुक्त देखिन्छ । दसौँ खण्डमा सबैभन्दा बढी न्यूनतम श्लोक सङ्ख्या १२ पाइन्छ भने बाह्रौँ खण्डमा सबैभन्दा बढी श्लोकसङ्ख्या ४२ रहेको छ । समग्र खण्डकाव्यमा जम्मा श्लोक सङ्ख्या २६९ रहेको छ । यसरी यस काव्यको श्लोक सङ्ख्यागत आयामलाई हेर्दा यो मझौला काव्यको आयाममा विस्तारित छ । प्रस्तुत काव्यले नायक थापाको मृत्युको क्षणलाई चित्रण गर्ने भएकाले जीवनको महत्त्वपूर्ण क्षणविशेष यस काव्यको वर्ण्य पक्ष हो । इतिहासपुरुष भीमसेन थापाको मृत्युको क्षणलाई प्रस्तुत गर्ने सन्दर्भमा कवि श्रेष्ठद्वारा

इतिहासको विशिष्ट एक पक्ष र त्यसबाट मृत्युको पीडालाई यहाँ देखाइएको छ । इतिहास पुरुष भीमसेन थापालाई आलम्बन बनाएर उनको दुःखद एवं कारुणिक मृत्युवरणको प्रसङ्गबाट नायक थापाप्रति श्रद्धाभाव यसको मुख्य पक्ष हो । यसमा नायकप्रति श्रद्धाभाव व्यक्त गरिए पनि कवि श्रेष्ठका देशप्रेम, मानवतावादी चिन्तन, जीवनदर्शनजस्ता पक्षहरू व्यक्त हुनपुगेका छन् । भीमसेन थापाले गरेका प्रशासनिक सुधारका कार्यहरू, धरहरा आदिको निर्माण, साम्रज्यवादी अङ्ग्रेजहरूसँग लड्नका निम्ति एसिया स्तरमा गरेका दूरदर्शीपूर्ण सहकार्य आदि पक्ष कविद्वारा प्रशंसा गरिएको छ । यति हुँदाहुँदै पनि तत्कालीन राज्यव्यवस्थामा देखिने चाकरी, षडयन्त्र, हत्याहिंसाजस्ता पक्ष प्रबल हुँदा देखिने प्रशासनिक अविवेकीपनले मानवतालाई निर्ममता साथ दबाएको कुरा भीमसेन थापाको मृत्युको प्रसङ्गबाट प्रस्तुत गरिएको छ । भीमसेन थापाको मृत्यु इतिहासको एउटा कालो पक्ष हो जुन अमानवीय, क्रुर एवं त्रासद रहेको छ । यसरी इतिहास प्रसिद्ध विषयवस्तुका माध्यमद्वारा नायकप्रति श्रद्धा, राष्ट्रप्रेम, जीवनदर्शन एवं मृत्युको दुःखद पक्ष, इतिहासका अनेक घटना, मानवतावादी चिन्तन जस्तापक्ष यस काव्यमा व्यक्त भएका छन् ।

## ६.५ पाँचौँ परिच्छेदको निष्कर्ष

**भीमसेन थापा** खण्डकाव्य ऐतिहासिक विषयवस्तुमा आधारित खण्डकाव्य हो । नेपालको गौरवमय इतिहासमा भीमसेन थापाजस्ता वीर एवं बुद्धिमानी देशभक्तको यातनापूर्ण मृत्युको कालो पक्ष यसमा प्रस्तुत गरिएको छ । इतिहासमा मात्र अङ्कित रहेको र सर्वाधिक दुःखद दृश्यलाई काव्यस्पर्शद्वारा जीवन्त बनाउने काम यस काव्यमा गरिएको छ । यस काव्यले इतिहासकालीन नेपाली समाजको अवलोकन गर्दै भीमसेन थापाका चरित्रका माध्यमबाट एकातिर राष्ट्रप्रेमको भावनालाई उजागार गर्दै राष्ट्रिय चिन्तनलाई वाणी दिएको छ भने अर्कोतिर भीमसेन थापाजस्ता प्रबुद्ध र राष्ट्रिय स्वतन्त्रताका निम्ति जीवन समर्पित गर्ने महान व्यक्तिका अपमानजनक मृत्युका विरूद्धमा केही बोल्न नसक्ने जनसमुदायप्रति आक्रोश व्यक्त गरेको छ । यसमा सीमित पात्र र परिवेशका माध्यमद्वारा कविका प्रौढ विचारहरू व्यक्त गरिएका छन् । कवि श्रेष्ठ पूर्वीय वेदान्त दर्शन, गीता दर्शन आदि आस्तिक चिन्तनका माध्यमबाट जीवनको क्षणिकता र निस्सारता बोध व्यक्त गर्दछन् भने मृत्युको छटपटीपूर्ण अवस्थामा नायकका माध्यमबाट शून्यवादी जीवनबोध पनि व्यक्त गर्दछन् । वेदान्त दर्शन र गीता दर्शनले प्रतिपादन गरेझैँ जीवनको पार्थिव पक्ष मरणशील छ भने आत्मा अजर-अमर छ त्यसैले मृत्युमा शोक गर्नु व्यर्थ छ भन्ने भाव नायक थापाको अनुभूतिका माध्यमबाट व्यक्त गरिएको छ । यो चिन्तन कवि श्रेष्ठको पूर्वीय चिन्तन परम्पराबाट प्राप्त विचार हो । यसरी नै नायकको मृत्युको छटपटीमा जीवन केही होइन, यो त केवल फुस्सा अर्थात् शून्य हो भन्ने चिन्तन प्रस्तुत गर्दै नायकको मृत्युको द्वन्द्वात्मक अवस्थामा कविको जीवन दर्शनको द्वन्द्वमय विचार यहाँ प्रकट हुनपुगेको छ । विचारप्रधान

खण्डकाव्य भएकाले यहाँ चरित्र र परिवेशको परिपुष्ट चित्रणको अभाव पाइन्छ । परम्परागत शास्त्रीय वर्णमात्रिक छन्दको शार्दूलबिक्रीडित छन्दमा लेखिएको यस काव्यमा कतै-कतै छन्दोभङ्ग हुनपुगेको देखिन्छ । कतै पनि छन्द परिवर्तन नगरी एउटै छन्दमा प्रवाहित यस काव्यमा एकोन्मुख भाव प्रवाह रहेको पाइन्छ । काव्यको अधिकांश पद्यहरूमा समध्वन्यात्मक पदहरूको संयोजनद्वारा अनुप्रास सिर्जना गरिएको छ र यो सहज र स्वभाविक रूपमा विन्यास भएको छ । कतै अन्त्यानुप्रासको उपेक्षासमेत भएको यस काव्यमा सरल तद्भव र यदाकदा तत्सम शब्दहरूको उपयुक्त प्रयोग भएको देखिन्छ । इतिहासका घटना, तत्कालीन जनमानस, क्रुर शासन व्यवस्थाजस्ता पक्षहरू विम्बका रूपमा व्यक्त छन् भने व्यावहारिक, अनुभूत प्रतीकहरूको माध्यमबाट आफ्ना विचार तथा भावलाई व्यक्त गरिएको छ । उपमा, रूपक, उत्प्रेक्षाजस्ता अर्थालङ्कारको प्रयोगले प्रस्तुत खण्डकाव्य आस्वाद्य बन्न पुगेको छ ।

यसरी कवि सिद्धिचरण श्रेष्ठद्वारा लेखिएको खण्डकाव्य **भीमसेन थापा** झिनो आख्यानतन्तुमा रचिएको विचारप्रधान काव्य हो । कवि श्रेष्ठको प्रौढकालमा रचिएको हुँदा यसमा उनको प्रौढ जीवन चिन्तन व्यक्त भएको पाइन्छ । स्वच्छन्दतावादी भावधाराको प्रबलता रहेको यस काव्यमा अनुपाद्य विषयवस्तुमा आधारित भई इतिहास पुरुष भीमसेन थापाप्रति श्रद्धाभाव व्यक्त गरिएको छ ।

# सन्दर्भसामग्री सूची


**(क) नेपाली पुस्तकपुस्तिका**

अवस्थी, महादेव (२०६४), **आधुनिक नेपाली महाकाव्य र खण्डकाव्यको विमर्श**, काठमाडौँ : इन्टेलेक्चुअल्स बुक प्यालेस ।

आचार्य, शिबराज (२०२८), **वृतनक्षत्रमाला**, काठमाडौँ : गौरीशनन्दन आचार्य ।

आचार्य, बाबुराम (२०६१), **अब यस्तो कहिल्यै नहोस्**, पाँचौँ सं., काठमाडौँ : श्रीकृष्ण आचार्य ।

उप्रेती, गङ्गाप्रसाद (२०६५), "वैचारिक मोडमा मङ्गलमान", **गरिमा** (२६/३११), ललितपुर : साझा प्रकाशन ।

के.सी., सुरेन्द्र (२०४८), **आधुनिक नेपालको राजनैतिक इतिहास**, काठमाडौँ : सरिता प्रकाशन ।

कोइराला, शम्भुप्रसाद (२०३७), **सिद्धिचरणको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., कीर्तिपुर ।

खनाल, यदुनाथ (२०३४), **साहित्य चर्चा**, काठमाडौँ : साझा प्रकाशन ।

गौतम, लक्ष्मणप्रसाद (२०६०), **समकालीन नेपाली कविताको विम्बपरक विश्लेषण**, ललितपुर : साझा प्रकाशन ।

घिमिरे, माधवप्रसाद (२०३९), **पच्चीस वर्षका खण्डकाव्य**, काठमाडौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

चापागाईं, नरेन्द्र (२०५२), **काव्यसमालोचना**, विराटनगर : पूर्वाञ्चल साहित्य प्रतिष्ठान ।

जोशी, कुमारबहादुर (२०३८), **पाश्चात्य साहित्यका प्रमुख केही वाद** (११), काठमाडौँ : पाठ्यक्रम विकास केन्द्र ।

ढुङ्गाना, लावण्यप्रसाद र अन्य (२०५७), **खण्डकाव्यसिद्धान्त र नेपाली खण्डकाव्य**, काडमाडौँ : भुँडीपुराण प्रकाशन ।

ढुङ्गाना, लावण्यप्रसाद (२०६०), **समकालीन नेपाली कविताको विम्बपरक विश्लेषण**, ललितपुर : साझा प्रकाशन ।

भण्डारी, कैलाश, सम्पा. (२०५९), **कविहरूका स्मृतिमा सिद्धिचरण**. पूर्णाङ्क २२१, काठमाडौँ : सुगन्ध प्रकाशन ।

माली, इन्द्र (२०५०), **कविरत्न सिद्धिचरण श्रेष्ठका प्रारम्भिक कालका नेपाल भाषाका कविता**, काठमाडौँ : सञ्चय प्रकाशन ।

मिश्र, लक्ष्मीनारायण (२०५८), **खण्डकाव्यकार सिद्धिचरण श्रेष्ठ**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., कीर्तिपुर ।

रिमाल, वेदकुमारी (२०६६), **राजेश्वरी र भीमसेन थापा खण्डकाव्यको तुलनात्मक अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., कीर्तिपुर ।

शर्मा, हीरामणि (२०४१), **समालोचनाको बाटोमा**, पर्वत : इन्दिरा शर्मा पौडयाल ।

शर्मा, गार्गी (२०५१), **सिद्धिचरण श्रेष्ठका खण्डकाव्यको अध्ययन**, काठमाडौँ : भुवनमोहनी ।

शर्मा, मोहनराज (२०५५), **समकालीन समालोचना सिद्धान्त र प्रयोग**, काठमाडौँ : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

श्रेष्ठ, सिद्धिचरण (२०१७), **उर्वशी**, काठमाडौँ : साझा प्रकाशन ।

---------- (२०२१), **कोपिला**, काठमाडौँ : हरेक पुस्तक भण्डार ।

---------- (२०३९), **मङ्गलमान**, काठमाडौँ : श्री हिरण्यमान प्रकाशन ।

---------- (२०५०), **अँसु**, काठमाडौं : साझा प्रकाशन ।

---------- (२०६०), **भीमसेन थापा**, काठमाडौँ : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

---------- (२०६३), **आत्मविलौना**, काठमाडौँ : सिद्धिचरण प्रतिष्ठान ।

त्रिपाठी र अन्य (२०४६), **नेपाली कविता**, भाग ४, ललितपुर : साझा प्रकाशन ।

भट्टराई, जयदेव (२०५४), **साहित्यकार परिचय र अभिव्यक्ति**, काठमाडौँ : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

**(ख) संस्कृत पुस्तकपुस्तिका**

विश्वनाथ (इ. १९७९), **साहित्यदर्पण**, पाँचौं सं., वाराणसी : चौखम्बा सुरभारती प्रकाशन ।

भामह (इ. १९८५), **काव्यालङ्कार**, वनारस : चौखम्बा संस्कृत सिरीज अफिस ।

मम्मट (२०४२), **काव्यप्रकाश**, वाराणसी : ज्ञानमण्डल लिमिटेड ।

**श्रीमद्भगवत्गीता** १७३ औं सं. (२०६६), गोरखपुर : गीता प्रेस ।

**(ग) हिन्दी पुस्तकपुस्तिका**

वर्मा, धीरेन्द्र र अन्य सम्पा. (२०२०), **हिन्दी साहित्यकोश**, भाग १ : वाराणसी ज्ञान मण्डल ।

श्रीवास्तव, जगदीशप्रसाद (इ. १९८५), **मिथकीय कल्पना और आधुनिक काव्य**, वाराणसी : विश्वविद्यालय प्रकाशन ।

**(घ) अङ्ग्रेजी पुस्तकपुस्तिका**

अब्रहम्स (इ. १९९३), **अ ग्लोसरी अफ लिटरेरी टर्मस**, बैंग्लोर : प्रिज्म बुक्स प्राइभेट लिमिटेड ।

लोहनी मोहन (इ. २००५), **सिद्धिचरनर्स मुभिङ्ग पोइम** : काठमाण्डू पोष्ट ।